

वैशाख पूर्णिमा विशेषाङ्क

# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

वर्ष-१७ अङ्क-१

बुद्ध सम्वत् २५४३

Downloaded from http://www.dhamma.digital



"बुद्ध जितमा,

धर्म जितमा

संघ सिबे मरू मेगु

थुलि हे स्वः जिगु धन हे भगवान्

शास्ता छपिंके फ्वनेगु"

★★★

**बुद्ध सम्वत् २५४३ दँ स्वाँया पुन्हीया**

**लसताय्**

**सकल नेपाःमीपिन्त**

**भिंतुना !**


**मणितारा सपिङ्ग सेण्टर**

सिद्धि भवन (जमः) कान्तिपथ, यें

फो. ल्या: २५३००८, २२७९४९


Downloaded from http://www.dhamma.digital

धर्मकीर्ति
(बौद्ध मासिक)
# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY
**2543rd VAISAKH FULL-MOON DAY**
April 30,1999

| वर्ष- १७ | अङ्क- १ | स्वांयापुन्ही | वैशाख पुर्णिमा २०५६ |
|---|---|---|---|

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४३
नेपालसम्वत् १११९
इस्वीसम्वत् १९९९
बिक्रमसम्वत् २०५६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | २०/- |




★ 'मलाई गालि गऱ्यो' 'मलाई पिट्यो' 'मलाई हराई दियो' औ 'मलाई लगिदियो' इत्यादि भनेर जसले आफ्नो मनमा बराबर विचार गर्छ, त्यसको मनमा कहिले पनि बैरभाव शान्त हुने छैन।

★★★

★ मूर्खले मात्र हामीले एक दिन अवश्य मर्नु पर्छ भनि विचार गर्दैन 'हामी मर्ने छौं' भनी विचार गर्ने बित्तिकै कलह शान्त हुन्छ।

★★★

★ पापी ब्यक्तिलाई इहलोक, परलोक दुवै लोकमा शोक हुन्छ, आफूले गरेको खराब कामलाई देखेर आफै दुःखी र पीडित हुन्छ।

Downloaded from http://www.dhamma.digital

## सम्पादकीय

# बैशाख पूर्णिमाको महत्व र बुद्धजयन्ती

सिद्धार्थ गौतमको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण त्रिसंयोग परेको दिन हो बैशाख पूर्णिमा । यहाँ स्मरणीय महत्वपूर्ण कुरो बैशाख पूर्णिमाकै दिन उहाँले बुद्धत्व प्राप्त गर्नु भएको घटना हो । बुद्धले हासिल गरेको ज्ञान र त्यसमा आधारित उपदेशहरूले मानव समाजलाई के शिक्षा दिएको छ यतातिर एकचोटी ध्यान पुऱ्याउनु जरूरी छ ।

बुद्धत्व प्राप्ति पछि सबैभन्दा पहिले नौलो धर्मचक्र प्रवर्तन गर्नु भएको थियो जुन कि गतिशील हुनु पर्ने कुरा थियो । उहाँको शिक्षाको सारांश हो यो वर्तमान जीवन शुद्ध र स्वच्छ होस् भन्ने हो । अलि बढी ब्याख्यातिर गयो भने चार आर्य सत्य जुनकि दुःख छ दुःखको कारण छ, दुःखको अन्त हुन सक्छ र दुःखको अन्त हुने उच्चस्तरको आर्यअष्टाङ्गिक मार्ग छ । उहाँको पहिलो धर्म देशनामा भन्नुभयो यी चार आर्यसत्यलाई खूब अध्ययन गरेर अभ्यास पनि गरें । अभ्यास मात्र गरेर पुग्दैन रहेछ, आफूमा लुकीरहेको कुसंस्कार, कुबानि ब्यहोरा लोभ, द्वेष, मोह र ईर्ष्या आदि जम्मै त्याग्नु पर्ने जानीकन सबै पुरानो संस्कार त्यागिसके पछि मात्र बुद्धत्व प्राप्त गरें ।

यस कुराले के स्पष्ट हुन्छ भने पुरानो संस्कारलाई त्याग्न नसकेसम्म दुःखबाट मुक्त पाउन असम्भव छ । अर्थात् पुरानो संस्कार त्याग्न सके बुद्धत्व पाउन सकिन्छ ।

संस्कार त्याग्नको लागि पहिले सम्यक दृष्टि (ठीक समझदारी) र सम्यक् संकल्प (ठीक नियत) हुनु आवश्यक देखिन्छ । दृष्टि र सोचाई सोझो र शुद्ध नभएसम्म समस्या र दुःखबाट छुटकारा पाउन असम्भव छ ।

उहाँको नौलो सन्देशले मानवसभ्यता र संस्कृतिको विकासमा ठूलो योगदान मिलेको छ । आचरण र चित्त शुद्धि विना मानवता र संस्कृतिको विकास हुन सक्दैन । यहाँ संस्कृति भन्दाखेरि बाजा गाजा, संगीत, नाचगान र पूजापाठसित सम्बन्ध छैन । शुद्ध र स्वच्छ जीवनसित संस्कृतिको सम्बन्ध छ ।

एकचोटी एकजना विद्वान ब्राह्मणले बुद्धसंग प्रश्न गरे– "श्रमण गौतम ! तपाईंको जात के हो ? बुद्धको उत्तर थियो– "ब्राह्मण, जात नसोध, आचरण सोध" । ब्राह्मण संस्कृति त ब्रह्माको आधारमा स्थापित भएको जस्तो लाग्छ । ईश्वरको भरोसामा विश्वास गर्नु, पूजा आजा गरेर शुद्धि हुनु त पराधीन र परतंत्रको आधारमा पर्नु भयो । ईश्वरको चाकडी गरी वरदान पाउनु र प्रसाद लिनु नै वैदिक भन् या ब्राह्मण संस्कृति रहेछ । आचरण शुद्धि गर्ने होइन रहेछ ।

बुद्धको संस्कृति त आफ्नै प्रयत्न र आचरण शुद्धिबाट मात्र दुःखबाट मुक्त हुन सक्ने हो । ईश्वरको भरोसा नमान्नु, ईश्वरको वरदानलाई आशा नराखी आफ्नै प्रयत्नमा भर पर्नु । स्वाधीन र स्वतंत्रता स्वावलम्बी र आफ्नो सदाचरण र नैतिकताको बलद्वारा आफै ईश्वर बन्न सक्ने छ भन्ने बुद्धको संस्कृति हो । बुद्धको सन्देश हो–

अत्ताहि अत्तनो नाथो कोहि नाथो परोसिया ।<br>
अत्तनाव सुदन्तेन नाथं लभति दुल्लभं ॥

अर्थात्– आफ्नो भरोसा (मालिक) आफै हो । अरु कोही मालिक हुन सक्दैन । आफूले आफूलाई राम्रोसंग दमन गर्नसके आफ्नो मनलाई वशमा लिन सके हामीले ब्रह्मत्व प्राप्त गर्न सक्नेछौं ।

कोही पनि व्यक्ति जात, गोत्र र धनले श्रेष्ठ र ऊँच हुन सक्दैन । चाहे ब्राह्मण होस्, चाहे क्षेत्री, वैश्य या शूद्र होस् सबैलाई दुःखबाट मुक्ति प्राप्त गर्ने अधिकार छ, तर सदाचार र नैतिकता सम्पन्न हुनु अनिवार्य छ । धर्माचरण र शीलाचार हुनु मुख्य कुरो हो । बुद्धको शिक्षा अनुसार संस्कृति र मानवताको मूल आधार मन र चरित्रको पवित्रता हुनुमा छ । बुद्ध यही संस्कृतिका प्रतिपादक हुनुहुन्थ्यो ।

बैशाख पूर्णिमाको महत्व भन्नु नै यही हो । यी बुद्धको सन्देशलाई स्मरण गरी आचरण शुद्धितिर लाग्न सके सही बुद्ध जयन्ती मनाएको हुन्छ । यही धर्मकीर्तिको धारणा हो ।

Downloaded from http://www.dhamma.digital

# विषय सूची



| क्र.सं. | विषय | लेखक | पेज नं. |
|---|---|---|---|
| १. | सेरिवाणिज जातक | प्रकाश बज्राचार्य | ५ |
| २. | धम्मपद-११९ | रीना तुलाधर | ७ |
| ३. | धार्मिक परम्परामा महिला | धम्मवती | ९ |
| ४. | *त्रिपिटक वाङ्मय चिनारी (सूत्रपिटक/दीघनिकाय)-९* | | |
| | बुद्धको अन्तिम वर्ष र अन्तिम दिन | कोण्डन्य संघाराम | ११ |
| ५. | "ढंग पुऱ्याएर काम गर्नु पनि मंगल हो" | भिक्षु अश्वघोष | १७ |
| ६. | अहिंसाको सिद्धान्तको आलोचना | डा.अम्बेडक; अनु. ललित रत्न शाक्य | १९ |
| ७. | पवित्र भूमि लुम्बिनी : योजना र प्रगति-१ | देवेन्द्र राज शाक्य, बुटवल | २१ |
| ८. | प्रज्ञा | हिरण्य राज वज्राचार्य | २७ |
| ९. | युवावर्ग र धर्म | नरेन्द्रनाथ भट्टराई | ३१ |
| १०. | बुद्ध जयन्ती र आणविक परीक्षण-एक सन्दर्भ | कृष्ण कुमार प्रजापति | ३३ |
| ११. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | — | ३५ |
| १२. | बौद्ध वाङ्मयमा पोखरा | विश्व शाक्य | ३७ |
| १३. | "गौतम बुद्ध-जहाँ दाँत बिद्यमान छ | बी.एम. श्रेष्ठ | ४१ |
| १४. | बुद्धको प्रबुद्ध भावना : मैत्री भावना | घनश्याम राजकर्णिकार | ४३ |
| १५. | ८. सकलिक सुत्त (१.४.८) | | |
| | भगवान् बुद्धको पाऊमा पीडा, ... ... | भिक्षु ज. काश्यप, भिक्षु धर्मरक्षित, अनु. वीर्यवती | ४७ |
| १६. | अनुरोध | माधवी गुरुमा | ४९ |
| १७. | जिगु पलाः विश्वशान्ति बौद्ध शिक्षालय दुने | निरमती वज्राचार्य | ५० |
| १८. | मनू तःधं ज्यां ज्वी जातं ज्वीमखु | सुनिल महर्जन | ५१ |
| १९. | श्रद्धा | श्रामणेर खेमिक | ५२ |
| २०. | ध्यबाया मू | राम भक्त प्रधान | ५४ |
| २१. | बिकृति | सरोज उदास | ५४ |
| २२. | सुमरण गर | सुगत सेवक | ५४ |
| २३. | गुन्ने | धर्मराज तामाङ | ५५ |
| २४. | आर्य सत्य | विशुद्धानन्द | ५५ |
| २५. | हे बुद्ध देव फेरि आऊ तिमी | पंचशीला शाक्य | ५५ |
| २६. | त्रिरत्न महिमा | श्रा.संघरक्षित | ५६ |
| 27. | **Following on this we may be as-ked, *"What did he teach in particular"*** | | 57 |
| २८. | "अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित" नेपाल बौद्ध परियत्ति शिक्षा | | ६० |
| २९. | समाचार | | |



Downloaded from http://www.dhamma.digital



May all sentient being attain
the highest state of Completeness
being on the foot steps of
BUDDHA

HAPPY VAISHAKHA FESTIVAL
2543

Dhamma.Digital

इंडियनऑयल

Indian Oil

SERVO®
WORLD CLASS LUBRICANTS

# JEETU CONCERN

***Authorised Distributor for* SERVO**
***Lubricants in the Kingdom of Nepal***


**HEAD OFFICE:**

P.O. Box 63, New Baneshwor, Kathmandu, Nepal
Tel.: (0) 496048, 496772, 496773
(R) 432041, 436239
Fax: 977-1-490497


Downloaded from http://www.dhamma.digital

# सेरिवाणिज जातक

✍ प्रकाश बज्राचार्य

लामो सुस्केरा हाल्दै बज्यैले भनिन्- "भैगो, अब पुग्यो। भात पकाउन जाने बेला भयो।"

बज्यैको सेतो कपालमा जुम्रा खोजिराख्ने नातिनीले भनी- "बज्यै, मलाई पनि खेलौना किनी दिन्छु भन्नुभएको होइन ?"

"किनी दिन्छु। हत्तार के को ?"

"नाईं । बज्यैले भने जहिले पनि त्यस्तै भन्नुहुन्छ। अस्ति पनि साथीहरूले लगाइराखेको जस्तो कानमा लाउने एउटा किनिदिनुस् भन्दाखेरि त्यस्तै भन्नुभयो।" - बच्चीले मुख बिगारिन्।

"बेच्न ल्याए पो किनिदिने।"- बज्यैले कुरा पन्छाउन खोजी।

× × ×

घरमा बज्यै र नातिनी मात्र थिए। घर ठूलो तर जीर्ण भैसकेको थियो। केही वर्ष अगाडि त्यस घरमा अरू पनि सदस्यहरू थिए। घर राम्रो थियो- उनीहरू सम्पन्न थिए । तर समयको निष्ठुरताले उनीहरू कंगाल भएका थिए।

× × ×

त्यहिं गल्लीबाट एउटा मान्छे ठूलो भोला बोकी "हेरामोती लिनुहोस्! हेरामोती लिनुहोस्!!" भन्दै आयो।

बच्ची उफ्री- "बज्यै! बज्यै!! हेनुस् त यहाँ को आएको छ - हिरामोती बेच्ने। मलाई कानमा लाउने एउटा बज्यै!"

"आज भैगो। चाहिंदो नचाहिंदो कुरा गरिराख्छे।"

"लिई दिनुस्न!"

बच्चीलाई तानेर काखमा राख्दै बज्यैचाहिंले भनी, "हामीसँग पैसा छ लाटी, त्यस्तो महंगो चीज किन्न ? घरमा भाँडाकुँडा, गहना केही छैन साटेर लिउँ भने पनि । पैसा भए त तैंले भनेका सबैथोकहरू किनीदिन्थे।"

नाइँ, बज्यैले भने जहिले पनि यस्तै भन्नुहुन्छ।" बच्चीको चित्त दुखेको थियो। फेरि च्वाट्ट भनी, "बज्यै! बज्यै!! ढोकापछाडि राखिछोडेको पुरानो थाल एउटा छ नि, त्यहीसँग साटेर लिए हुन्न ?"

बच्चीले ज्यादैनै जिद्दी गरेकीले भित्र गएर थाल एउटा लिएर आइन्। हिरामोती बेच्न आउने ब्यापारीलाई बोलाई "त्यस थालको जति पर्छ त्यही मुताबिक बच्चीलाई हिरामोती दिनुस्" भनिन्। ब्यापरीले थाल लियो। पछाडिपट्टि नङले कोट्याएर हेर्दा भित्र पहेंलो भएको पायो। कसिमा घोटी जाँच्यो- सुनकै थियो। त्यस लोभी ब्यापारीले "बिचार गरे- "यो सुनको थाल एउटा सितैं लिनपाए!?" उनले थाल फाल्दै भने- "यस्तो पुरानो थाल पनि कसैले लिन्छ ? यसको त एक पैसा पनि पर्दैन।" अनि आफ्नो बाटो लागे भैं अगाडि बढे उनी।

बच्चीलाई रुन आयो। केही पनि दिएन भैहाल्यो, थालै फालेर किन जानु पर्ने!? बच्चीको मन राख्न नसक्ने बुढीको आँखामा पनि आँशुका दुई थोपा देखिन थाले।

केही छिनपछि अर्को पनि एकजना ब्यापारी त्यसरी नै हिरामोती बेच्न आयो । बच्चीले फेरि बज्यैलाई पिर्नथाली, बज्यै! बज्यै!! यो मान्छेलाई थाल दिएर कानमा लाउने लिई दिनुस्न।"

"अघिकोले भनेको सुनेन यो थालको एक पैसा पनि आउँदैन भनेर ? यसले पनि के साटेर लेला र ?"

"अघि आउने मान्छे हेर्दा नै लुच्चा जस्तो छ, खराब जस्तो छ। बज्यै, यो मान्छे त असल देखिन्छ। यसले थालसँग साटी जे भएपनि देला जस्तो छ।"

बच्चीको मन राख्न बज्यैले त्यस नयाँ ब्यापारीलाई बोलाएर थाल देखाइन्। ब्यापारीले राम्ररी कसिमा घोटेर हेर्‍यो। थाल सुनकै रहेछ।

"बज्यै यो थाल म साटेर लिन सक्दिन। यसको लाख रूपैयाँ पर्छ। यो सुनको थाल हो!"

ब्यापारीको कुरा सुनेर बज्यैचाहिं र बच्ची दुबै पक्क परे। धेरै समयसम्म पत्यारै लागेन उनीहरूलाई। बल्ल एकछिनपछि बज्यैचाहिंले भनिन्, "बाबु। अघि आउने ब्यापारीले यो थालको एक पैसा पनि पर्दैन भनेर फालेर गयो, तपाईले भने यसको मूल्य एक लाख रूपैयाँ पर्छ भन्नुहुन्छ। तपाइँकै पुण्यले यो थाल सुनको भयो होला । यो थाल तपाइँकै हो । तपाइँनै राख्नुहोस्। तपाईलाई जति मन छ, त्यति दिनुहोस्।"

मेरो थैलोमा पाँच शय रुपियाँ छ। पाँच शयकै सामान छ। सबै तपाईले लिनुहोस्। मलाई यो तराजु, थैलो र नदी तरेर जान आठ कार्षापण (त्यसबेलाको पैसा) दिनुहोस्।"



Downloaded from http://www.dhamma.digital

बुढीले सुनको थाल त्यस असल ब्यापारीलाई दिई पठायो । नातिनीलाई एकचोटि हेरिन् । बच्ची खुशी हुँदै हिरामोती हातमा लिएर हेरिन् । उनीहरूको दिन फेर्ने भइसकेको थियो ।

त्यसैबेला अघिको लोभी ब्यापारी फेरि आइपुगे । उनले भने, "ल भैगो बुढी । तिम्री नातिनी रोएकी मैले हेर्न सकिन । अघिको थाल ल्याऊ । केहि पैसा दिएर लिउँला ।"

त्यस ब्यापारीदेखि रिसाएकी बच्चीले हप्काइन्, "लाज पनि छैन ? तिमीले त थालको एक पैसा पनि पर्दैन भनी मिल्काएर गएको थियौ । अर्को एकजना ब्यापारीले हामीलाई हजार रूपियाँ दिएर लगिसक्यो ।"

थाल लग्यो, त्यो पनि हजार रूपियाँले !! लोभी ब्यापारीको होशै उडेजस्तो भयो । आफ्नो हातमा परि सकेको लाख रूपियाँ मोल पर्ने थाल उम्कियो । सही नसक्नु भयो उनलाई । ऊ रन्ठनियो । उसको धुर्त्याइँको यत्रो मोल ! त्यही सुनको थालको सम्झनाले ऊ पागल जस्तै भयो ।

आफूले लगाइराखेको लुगा त्यहिं फुकालि हातमा आफ्नो तराजुको डण्डी समाती त्यस ब्यापारीलाई कुटेर भए पनि थाल खोस्छु भनेर दौड्यो ।

थाल लिएर जाने ब्यापारी अन्धपुर नगर छाडी आफ्नो सेरिय देश फर्कन एउटा डुंगामा बसी नीलवाहिनी नदी तरिरहेको देख्यो त्यस लोभी ब्यापारीले । चारैतिर हेऱ्यो- अर्को डुंगा त्यहाँ थिएन । सही नसक्नु भयो उनलाई - दाँत मिचेर हातमा लिइराखेको डण्डीले नदी तरिराख्ने ब्यापारीलाई हिर्काई पठायो, तर लागेन ।

सुनको थाल लिई डुंगामा बसी आफूदेखि धमाधम परतिर गइराख्ने ब्यापारीलाई हेर्ने झनझन रिसाई बस्यो - त्यो लोभी ब्यापारी । नदीको किनारमा बसेरै औंला ठड्याएर पागल जस्तै कराए ऊ- "तिमीलाई बाँकि राख्ने छुइन मैले !" कराउँदा कराउँदै उनको मुखबाट रगत भर्लक्क निस्क्यो । त्यहिं लड्यो । उनलाई चारैतिर अँध्यारो भएर आयो । तैपनि उनको मनमा एउटै मात्र कुरा उठिराख्यो - तिमीलाई बाँकि राख्ने छुइन मैले ... तिमीलाई बाँकि राख्ने छुइन मैले तिमीलाई बाँकि राख्ने छुइन मैले ... ।

लोभी ब्यापारीले त्यहिं नै आँखा चिम्ले ।

❖ ❖ ❖

**यस कथामा कञ्जुस ब्यापारी देवदत्त हो; अनि असल सुनको थाल लिएर जाने ब्यापारी बोधिसत्व हो ।**

■

Hearty Congratulations
For Succesful Publication of
**"DHARMAKIRTI" B.E. 2543 Vesak Full Moon Issue**
and
Best Wishes For A Happy
***SWANYA PUNHEE*** *Celebration Followed by*
A Prosperous & Peaceful
**Buddhist New Year 2543 B.E.**
also
We Extend Heartily to Serve Mother Nepal
through
Hydro-Electric Engineering Practices!
**H.E.S. FAMILY**

**HES**
**HYDRO ENGINEERING SERVICES (P.) LTD.**
**★ PLANNING ★ SURVEYING ★ DESIGNING ★ RESEARCH STUDIES ★**
**★ COMPUTER PROGRAMMING ★**
*P.O. Box 2821 Kathmandu, Nepal*
*Phone: 249527, 249399*



Downloaded from http://www.dhamma.digital

# धम्मपद-११९

✍ रीना तुलाधर

**पस्स चित्तं कतं बिम्बं-अरुकायं समुट्ठितं**
**आतुरं बहुसङ्कप्पं-यस्स नत्थि धुवं ठिति**

**अर्थ-** खटेरा र घाउले भरिएको, हाडमा अडाइएको, रोगाडि विपत्तिले भरिएको, नाना प्रकारको संकल्पले भरिएको, सदाकालमा स्थिर नभएको यो विचित्रको शरीरलाई हेर ।

घटना- भगवान बुद्ध बेलुवन महाविहारमा बास गर्नु भएको बेलामा सिरिमा नामकी गणिका, जो त्यो बखतका प्रसिद्ध वैद्य जीवकको बहिनी थिइन्, उनको कारणमा भन्नु भएको थियो ।

उनी राजगृह नगरकी अत्यन्त सुन्दरी गणिका थिइन् । साथै भगवान बुद्धका अनुयायी पनि थिइन् । दिनहुँ आठ जना भिक्षुहरूलाई भोजन दान दिई भिक्षुहरूको अत्यन्त राम्रोसंग सेवा सत्कार गर्थिन् । सिरिमाकहाँ भोजन खाई सकेका एउटा भिक्षुले एकदिन अरु भिक्षुहरूलाई सिरिमाको वर्णन सुनाएका थिए । उनको श्रद्धा, सेवाको साथसाथै उनको रुपको पनि वर्णन सुनी त्यहाँ उपस्थित एक युवक भिक्षुको मनमा सिरिमासँग स्नेह भयो । सिरिमालाई देख्दै नदेखे पनि उनलाई सिरिमासँग प्रेम भयो । भोलिपल्ट ती भिक्षु सिरिमाकै घरमा अरु भिक्षुहरूसँग भोजनको लागि गए । त्यो दिन सिरिमा बिरामी परेकी थिइन् । अतः कामदारहरूलाई काम अराई भोजनको प्रबन्ध गरेकी थिइन् । तर आफ्नो घरसम्म आइपुगेका भिक्षुहरूकहाँ गई एकपल्ट वन्दना गर्ने इच्छा भएकोले आफ्ना दासीहरूले हात समात्न लगाई सकी नसकी भिक्षुहरूकहाँ गई वन्दना गरिन् । सिरिमालाई देखेपछि ती युवक भिक्षुले सोचे- "आज उनी बिरामी छिन् । तैपनि कति सुन्दरी छिन् ।" सिरिमाप्रति उनको तृष्णा तिब्र हुन थाल्यो र त्यहाँ बस्न नसकी भोजन पनि नखाई त्यहाँबाट फर्के । विहारमा गएर खातमा सुत्न गए ।

त्यही दिन साँझ सिरिमाको मृत्यु भयो । सिरिमाको मृत्यु भएको खबर लिएर राजा बिम्बिसार भगवान बुद्ध कहाँ पुग्यो । भगवान बुद्धले राजालाई भन्नुभयो- सिरिमाको लासलाई तीनदिनसम्म अग्नि संस्कार नगर्नु । बरु काग र गिद्धहरूबाट बचाई राख्नु ।" राजाले त्यस्तै गरे । चौथो दिनमा सिरिमाको मृत शरीर फुलीसक्यो, शरीरको नौ द्वारहरूबाट घिन लाग्दो पदार्थ निस्केर हेर्दा पनि बान्ता लाग्ने जस्तो भईसक्यो । भगवान बुद्ध आफ्ना भिक्षु संघहरूलाई साथमा लिएर सिरिमाको लास भएको मसानमा जानु भयो । राजा बिम्बिसारले पनि आफ्ना जनतालाई सबै मानिसहरू जम्मा हुन हुकुम दिएर त्यहिं भेला हुन आए । सिरिमासँग प्रेममा फसेका ती युवक भिक्षु पनि सिरिमाको मृत्यु भएको खबर सुनी हतार्दै मसानमा पुगे । यसरी सिरिमाको दाह संस्कारमा बुद्ध प्रमुख भिक्षु संघ र राजा र उनका प्रजाहरू पनि भेला भए ।

सबै मानिसहरू आ-आफ्नो ठाउँमा उचित किसिमले उभीरहेको त्यही बेला भगवान बुद्धले राजा बिम्बिसारसँग सोध्नुभयो- "महाराज ! यी आइमाइ को हुन् ?" "भो शास्ता ! यिनी जीवककी बहिनी सिरिमा हुन्" "के यिनी सिरिमा हुन् ?" "हो शास्ता ।" "त्यसो भए, नगरमा ढ्यांग्रो (घोषणा) फुकाईदेउ कि जसले एक हजार रूपियाँ तिरेर सिरिमाको लास लिएर जान मन लाग्छ लिएर जाउ ।" महाराजले त्यस्तै गरे । सिरिमाको लास एक हजार तिरेर लिएर जाने कोही भएन । भाउ घटाइयो । पाँचसय, एकसय ... गर्दै सित्तै उपहारको रुपमा लिएर जान मन लागे लिएर गए पनि हुन्छ भनी घोषणा गर्दा पनि कोही लिन तयार भएन । राजाले भगवान बुद्धसँग भने - शास्ता सिरिमाको लास सित्तैमा उपहारको रुपमा पनि लिएर जाने कोही छैन ।" भगवान बुद्धले त्यहिंनिर भिक्षुहरूलाई सम्बोधन गरी भन्नुभयो- "देख्यौ भिक्षुहरू ! धेरै मानिसहरूले अति चाहेको सिरिमा जोसँग एक रात बिताउन मानिसहरू एक हजार तिर्ने गर्थे अब सित्तै लिएर जान पनि कसैले चाहेन । यस्तो छ उनको सौन्दर्य जो अब नाश भईसक्यो । हेर भिक्षुहरू यो शरीर नाशवान छ ।" भगवान बुद्धले यसरी धर्मदेशना गर्नु हुँदा त्यहाँ उपस्थित धेरै मानिसहरू अनित्य शरीर बारे धर्मावबोध भए साथै ती युवक भिक्षु पनि श्रोतापन्न भए । भगवान बुद्धले यसरी धर्मदेशना गर्नुभई उपरोक्त गाथा भन्नुभयो । ■


Downloaded from http://www.dhamma.digital



हिमालयको देश नेपाललाई

'विश्व शान्तिको मुहान' को गौरब प्रदान गर्ने

एसियाका ज्योति

महामानव गौतम बुद्धको

त्रि-संयोगको सम्झना

२५४३ वैशाख उत्सव

सबैमा सम्बृद्धि र प्रगतिको

संचार गरुन् !

ज्योति

हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.

ज्योति भवन, कान्तिपथ

फोन: २२५४९०


Downloaded from http://www.dhamma.digital

# धार्मिक परम्परामा महिला

✍ धम्मवती
(शाशन धज धम्माचारीय)

नारी र पुरुष एक रथका दुइ पांग्रा हुन भन्ने कुरा निर्विवाद छ। सामाजिक उत्थानका लागि नारी र पुरुषको समान सहभागिता अपेक्षित छ। यस कुरालाई आज सबैले महसूस गरिसकेका छन्। त्यसैले नारी वर्गलाई पनि समान अवसर र अधिकार दिनु पर्ने कुरा सबैले स्वीकारेका छन्। आजको अवस्थामा नारी वर्गलाई पनि समान अवसर दिएर उनीहरूमा भएको शक्ति र साहस, ज्ञान र प्रतिभाको पूर्ण उपयोग गर्न सकेमा परिवार र समाजको मात्र होइन राष्ट्र र विश्वको विकासमा ठूलो सघाउ पुग्न जाने कुरा निर्विवाद छ। समयको परिवर्तन र विकासको गतिको साथै मानिसहरूको सीमित एवं संकुचित सोचाई र दृष्टिकोणमा पनि परिवर्तन आइरहेको छ। यस परिवर्तनको लहरबाट नेपाल पनि वंचित भएको छैन।

२००७ सालको राजनैतिक परिवर्तनले नारी वर्गमा नयाँ चेतना र जागरणका साथै नारी वर्ग प्रतिको धारणा र व्यवहारमा क्रमिक परिवर्तन आइरहेको छ। नारी वर्गको हित र विकासको लागि सामाजिक परिवर्तनका साथै कानूनी र संस्थागत रूपमा पनि धेरै कदम चालिएका छन्। यस क्रममा नयाँ मुलुकी ऐन, शिक्षाको सुलभता, महिला संघ-संस्थाहरूले ठूलो भूमिका खेलेका छन्। परिवर्तनको क्रममा आज श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाहको सक्रियता र भूमिका महत्वपूर्ण सावित भएका छन्। नारी वर्गको विकास र उनीहरूलाई पनि देश-विकास कार्यमा सहभागी बनाउने कार्यमा मौसूफबाट ठूलो अभिरुचि लिई बक्सेर यस कार्यमा प्रेरणादायी नेतृत्व प्रदान गरिबक्सेको छ। यहाँनिर नारी वर्गको विकास र उनीहरूको प्रतिभा र क्षमताको परिचालन नगरीकन शिक्षित र सक्षम नबनाइकन परिवार समाज र देश विकास कार्य कठिन मात्र होइन असम्भव नै छ भन्ने कुरा सबैले बुझ्नु परेको छ।

आज हामीलाई के कुराले ठूलो गौरव प्रदान गरेको छ भने विश्व इतिहासमा सबैभन्दा पहिले नारी प्रतिभा र क्षमताको पहिचान गरी नारी वर्गलाई पनि समानताको आधारमा अवसर र अधिकार प्रदान गर्ने क्रान्तिकारी कदम हाम्रै देश नेपालका एक महामानवले चाल्नु भएको थियो। आजभन्दा २५०० वर्ष पहिले नै त्यसबेलाको परम्परागत असमान सामाजिक मान्यता र व्यवहार विपरित भगवान बुद्धले नारी वर्गमा पनि पुरुषहरू सरहनै क्षमता, प्रतिभा र शक्ति भएको र उनीहरूलाई पनि समान हक र अवसर भएको कुराको घोषणा गर्नु भएको थियो। बुद्धधर्ममा नारी वर्गलाई पनि उतिनै स्थान दिइएको छ जति पुरुषहरूको लागि छ। स्वयं भगवान बुद्धले भिक्षु र उपासकहरू सरह भिक्षुणी र उपासिकाहरूलाई पनि ज्ञान र प्रतिभाका लागि विशिष्टता प्रदान गर्नु भएको थियो। त्यसैले बुद्ध धर्ममा जाति, वर्ग वर्णका आधारमा जस्तै लिङ्गको आधारमा पनि कुनै भेदभाव गरिदैन।

भगवान बुद्धले नारीको लागि कति स्थान दिनु भएको छ भन्ने उदाहरणार्थ एउटा बुद्धकालीन घटना लिउँ। त्यसबेलाको कोशल नाउँ गरेको राज्यको शासक प्रसेनजीत थिए। जो भगवान बुद्धप्रति धेरै नै श्रद्धा राख्ने गर्दथे। दिनुहुँ विहारमा गएर भगवानको दर्शन गरी चाहिने दान कार्य गरी उपदेश सुन्थे। एक दिन ती राजा बडो दुःखी भएर विहारमा आए। भगवानले उनलाई दुःखी हुनाको कारण सोध्नु भयो। राजाले बिन्ति गरे - मैले अग्र महारानीबाट पुत्र पाउने आशा गरेको थिएँ तर पुत्री प्राप्त भयो। भगवानले राजालाई छोरा र छोरीमा भेद राख्नु हुँदैन। छोरीलाई पनि छोरा समान, शिल्प विद्या सिकायो भने उनीहरूको बीचमा कुनै अन्तर रहने छैन भनी उपदेश दिनु भयो त्यसपछि राजा प्रसन्न भएर फर्के।

नारी वर्गको ज्ञान र विवेकले अनर्थकारी कार्य हुनबाट पनि बचाउन सक्छ भन्ने बारे अर्को एक बुद्धकालीन घटना स्मरणीय छ। कोशल राज्यको नरेश प्रसेनजीतले एक नराम्रो सपना देखे। नरक भोगमा परेका एक-एकले 'दु.सो.न.सो' भन्ने अक्षर बोल्दै देखा पर्दै हराउँदै गएको सपना देखेर राजा ज्यादै भयभीत भए। पुरोहितहरूलाई बोलाई सपनाको बारेमा सोधे। राजपुरोहितहरू र ज्योतिषीहरूले धेरै प्राणीलाई होम गरेर यज्ञ गर्ने सल्लाह दिए। सो कुरा थाहा पाएर प्रसेनजीतको अग्र महारानी मल्लिकादेवी (जो अति नै बुद्धिमानी बौद्ध उपासिका थिइन्) ले राजालाई उक्त यज्ञ नगराईकन भगवानकहाँ लगिन। भगवान बुद्धले राजालाई सपनाको अर्थ बुझाई उपदेश दिनुभयो। राजाको डर हट्यो र मन प्रसन्न भयो। मल्लिका महारानीले यस प्रकार राजालाई भयबाट मुक्त गराई जीव हत्याबाट बचाइन्। श्री ५ बडामहारानी सरकार पनि जनताको दुःख कष्ट हटाई जनतालाई सुख सुविधा दिने कार्यमा दत्त चित्त होइबक्सिन्छ।

देश विकासको लागि महिला वर्गको के कस्तो स्थान छ भन्ने सम्बन्धमा श्री ५ बडामहारानी सरकारबाट हुकुम बक्सेको छ 'जसरी जीवनको प्रत्येक कदममा दुई खुट्टाको संयुक्त संचालनबाट गतिशीलता आउँछ त्यस्तै समाज तथा देश निर्माण कार्यमा पुरुष वर्गको साथ साथै नारी वर्गको पनि अविभाज्य जिम्मेवारी रहेको हुन्छ यस कुरामा दुईमत हुन सक्दैन।" ■



Downloaded from http://www.dhamma.digital



# २५४३औं बुद्ध जयन्तीको उपलक्ष्यमा समस्त देशवासीहरुमा सुस्वास्थ्यको कामना गर्दछौं !

HARATI MATA
1995

## एच.एम.हस्पीटल एण्ड रिसर्चसेन्टर (प्रा) लि.

**महाराजगंज, काठमाडौं**

फोन ४१११३४, ४१५४६१, ४१६८३८

एच.एम. हस्पीटल एण्ड रिसर्चसेन्टर एक निजि क्षेत्रमा सञ्चालित स्वास्थ्य संस्था हो । यसको उद्देश्य, देशवासीलाई स्वदेशमै उच्चस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराईस्वास्थ्य क्षेत्रमा सहयोग पुऱ्याउनु हो । देशको स्वास्थ्य क्षेत्रमा तीन दशक भन्दा बढि आफ्नो लगनशक्ति र सेवा अर्पित गरी आउनु भएका वरिष्ठ चिकित्सकहरुको सेवा तथा अनुशासित सक्षम स्वास्थ्य कर्मचारीहरु यस हस्पीटलमा कार्यरत छन्। आफ्नो स्थापना कालको ३ बर्षभित्र यस हस्पीटलले अत्याधुनिक स्वास्थ्य परीक्षण उपकरण र कतिपय अन्य स्थानमा हुन नसक्ने परीक्षणहरुको सेवा उपलब्ध गराईआएको छ । उच्च सुविधा युक्त शल्यकक्ष, शल्य चिकित्सा पछिको गहन उपचार कक्ष र आधुनिक स्वास्थ्य प्रयोगशाला यस हस्पीटलका विशेषता हुन्।

### यस एच.एम. हस्पीटल एण्ड रिसर्च सेन्टरमा उपलब्ध सेवाहरु

१. साधारण चिकित्सा २. शल्य चिकित्सा ३. प्लाष्टिक शल्य चिकित्सा ४. दन्त चिकित्सा ५. प्रसुति तथा स्त्री रोग ६. बालरोग ७. हृदयरोग ८. नाक, कान, घाँटी सम्बन्धि रोग ९. पेट सम्बन्धि रोग १०. मृगौला तथा पिसाब नली सम्बन्धि रोग ११. हाडजोर्नीसम्बन्धि रोग १२. खोप तथा प्रतिकारात्मक उपचार (निःशुल्क) १३. आहार उपचार १४. फिजियोथेरापी १५. विशेष स्वास्थ्य परीक्षण सेवा १६. अत्याधुनिक प्रयोगशाला सेवा (सबैप्रकारका एक्सरे, अल्ट्रासाउण्ड भिडियो एक्सरे, ईकोकार्डियोग्राफी, कम्प्युटराईज्ड ई.सि.जि., ईत्यादी ।) १७. औषधालय सेवा

Downloaded from http://www.dhamma.digital

# बुद्धको अन्तिम वर्ष र अन्तिम दिन

✎ कोण्डन्य संघाराम

**महापरिनिब्बाण - सुत्त (ख/१९)**

त्रिपिटक अन्तर्गत दीघनिकायको महावर्गको तेस्रो सूत्र हो - **'महापरिनिब्बाण - सुत्त'** अर्थात महापरिनिर्वाण - सूत्र। यो सूत्र सम्भवत: दिघनिकायको सबैभन्दा बढी महत्त्वले भरिएको सूत्र हुनसक्छ। भगवान् बुद्धले बुद्धत्त्व प्राप्त गरिसके पश्चात ४५ वर्षसम्म अनवरत रूपमा धर्म-दर्शन प्रचार-प्रसार (संचार) गरेको अन्तिम वर्ष (४८३ ई.पू. तिर) का बारे पूर्ण विवरण समेटिएको, बुद्धको जीवनको अन्तिम घडी (महापरिनिर्वाण शय्या) बडो मार्मिक ढंगले मुटु बिझ्ने (मर्मस्पर्शी) तवरको कारूणिक दृश्य - यथार्थ चित्रण यस सूत्रमा उल्लेख भइराखेको छ।

७० औं बसन्त पार गरी ८० औं वैशमा पाइला टेकेका बुद्धको शारीरिक बनावट परिवर्तन हुँदै जान्छ, अनुहारमा माँसपेशी खुम्चिदै चाउरी पर्दै जाने हुन्छ, गालाका हाड माथि माथि फोका उठे झैं देखिन्छ, शारीरिक अस्वस्थता देखापर्छ, भलाकुसारी हेरचाह गर्नु पर्ने स्थिति पैदा हुन्छ, टाउको (शीर दर्द) दुख्ने, जिउ (ढाड) दुख्ने हुन्छ, वृद्धताले निम्त्याउँछ, बुढो भए झैं महसूस हुन्छ, शारीरिक रुपले सन्चो नभएतापनि मानसिक रूपमा सतर्क एवं सजगता अपनाएर बस्छ। दाहिने हात देब्रे हात झैं भूमिका निर्वाह गरीराखेका सारिपुत्र र मौद्‌गल्यायन पहिले नै परिनिर्वाण भैसकेका हुन्छन्। राजउपासक राजा प्रसेनजित (कोशल) बितिसक्छ भने राजगृहका मगधापति राजा बिम्बिसार आफ्नै छोरो अजातशत्रुद्वारा जेलमा यातना भोगीराखेका हुन्छन्, यसरी नै महाउपासक अनाथपिण्डिक पनि देहावसान भैसकेको हुन्छ।

बुद्ध राजगृहस्थित गृधकूट पर्वतमा विराज-मानावस्था, राजा अजातशत्रुले वैभवशाली वज्जी (लिच्छवी) हरू माथि पुन: पुन: आक्रमण गर्दै रहँदा पनि सफलता हासिल गर्न नसकेपछि आफ्ना मन्त्री वर्षाकारलाई बुद्ध समक्ष सफलता प्राप्तिको माध्यम के होला भनी सोधनी गर्न पठाउँछ।

सप्त अपरिहाणीय धर्म :

१) बराबर नित्यरूपले सम्मतिका लागि संगठित, एकत्रित एवं समागम हुने (सन्निपात बहुल)।
२) सधैं एकत्रित एवं संगठित भएर बस्ने।
३) गैरकानूनी (अप्रज्ञप्त) काम कुरा त्याग गर्ने, प्रज्ञप्त कुरालाई निरन्तरता दिँदै जाने।
४) आफूभन्दा ठूला ब्यक्तिहरुलाई मान-सम्मान, आदर सत्कार तथा मानमर्यादा राख्ने।
५) परस्त्री गमनबाट टाढिने, महिलाहरुलाई इच्छा विरुद्धमा जवर्जस्ती करणी नगर्ने (इच्छा विरुद्ध जवर्जस्ती)।
६) नगर भित्र-बाहिर रहेका पूजनीय चैत्यको (स्तूप) पूजा-सत्कार गरी यथावत राखी नष्ट हुनबाट रोक्ने (धार्मिक देव-देवालय, विहार आदि सांस्कृतिक सम्पदाको संरक्षण एवं संवर्द्धन)
७) अरहतहरूका लागि उचित धार्मिक रक्षा (धर्मगुरु वा आध्यात्मिक गुरुहरूका लागि उचित सम्मान)

उपरोक्त सातवटा बुँदालाई जबसम्म वज्जीहरूले पालना गर्दै रहने हुन्छन् त्यतिबेलासम्म उनीहरूको उत्तरोत्तर उन्नति, प्रगतिका साथै अभिवृद्धि नै भइरहने हुन्छ। जो- कसैले पनि उनीहरू माथि विजय हासिल गर्न सक्दैन भनी बुद्धले वर्षाकारलाई स्पष्टीकरण दिन्छ। (यस सप्त अपरिहाणीयधर्म आजको प्रत्येक संघ - संस्था - पार्टी, समाज, दल सरकारी प्रशासनमा लागू गर्न सकेको खण्डमा सम्बन्धित निकाय सुचारु रूपले संगठित भई अगाडि बढ्ने, प्रगतितिर उन्मुख हुँदै जाने हुन्छ।) यसपछि बुद्धले भिक्षुहरूका परिषदमा **'भिक्षु संघ'** कसरी सुब्यवस्थित पार्ने, कसरी भविष्यसम्मन सुचारु रूपले निरन्तरता दिँदै लाने भन्ने सवालमा तीन तवरबाट सप्त अपरिहाणीयधर्म देशना गर्दै लान्छ।

बुद्ध अम्बलट्ठिकामा केही दिन रोकी पाटलिग्राम (पाटलिपुत्र-पटना) मा पुग्छ, आवसथागार (अतिथिशाला) मा वासगरी रहेका बुद्धले दु:शील वा अनैतिक जीवनका पाँच दुष्परिणाम र सुशील वा नैतिकयुक्त जीवनका पाँच सुपरिणाम बारे उपदेश दिँदै लान्छ। त्यसबेला मगध मन्त्री सुनीध र वर्षाकारले वज्जीगणतन्त्रमा आक्रमणका लागि नगर निर्माण, सम्भावित आक्रमण-प्रत्याक्रमणको तयारी सकिने बित्तिकै बुद्धलाई भोजनको लागि निमन्त्रणा गर्छ, बुद्धले तुष्णिभाव (मौन) ले स्वीकार गर्छ। भोजनोपरान्त बुद्ध फर्किनु भएको द्वार (दिशा) लाई **'गौतम द्वार'** र तर्नु भएको नदी (खोला) लाई **'गौतम**



Downloaded from http://www.dhamma.digital

**तीर्थ'** भनी नामाकरण गरिन्छ । अनि बुद्ध त्यहाँबाट कोटिग्राम हुँदै नादिकामा पुग्छ, त्यसपछि मात्र वैशाली तर्फ चारिका (यात्रा) शुभारम्भ गर्छ ।

अम्बपाली, बैशालीका नामूद नगरशोभिनी वा गणिका (वेश्या !) हुन्, उनकै आँपको बगैचामा बुद्ध आरामको लागि सरिक हुन्छ । यो कुरा थाहापाएर अम्बपालीले बुद्धको दर्शन भेट गर्न पुग्छिन्, बुद्धले उनलाई धर्म सम्बन्धी उपदेश सुनाउँछ, एकदमै खुशी भएर आनन्दित हुन्छ अनि प्रभावित भएर भोलिपल्ट भोजन गराउने भनी बुद्ध सहित भिक्षुसंघलाई निमन्त्रणा बोलाउँछ । श्रद्धाले बोलाएको निमन्त्रणालाई बुद्धले मौनभावले स्विकृत जनाउँछ । उता वैशालीका लिच्छवी (वज्जी) हरूले बुद्ध आम्रवनमा विराजमान भएको शुभ समाचार थाहापाई विभिन्नताले सजि-सजावट भएर त्यहाँ आइपुग्छ, भोलिको भोजन अम्बपाली मार्फत निमन्त्रणा गरिएको समाचार पनि थाहापाउँछ । **"अय अम्बपाली ! अल्याख सम्पत्ति दिन्छु, यस (भोलिको) भोजन दान कार्य हामीलाई अवसर देउ ।"** भनी सुविनीतपूर्वक विन्ति चढाउँछ, अनि- **"आर्यपुत्रहरु ! यदि वैशाली जनपद नै मलाई दिए पनि (स्वामित्व) म यस महान भोजन दानको अवसर छोड्न तयार छुइनं ।'** यसो भनी अम्बपालीले प्रत्युत्तर दिई आफ्नो शुद्ध - स्वच्छ आस्था तथा श्रद्धामा विचलन आउन नदिने कुराको स्पष्ट गर्छ । तत्पश्चात लिच्छवी राजकुमारहरू हातका औंलाहरू टिक्क बजाएर **'अरे, हामीलाई अम्बिकाले जितिन् ।'** भनी ठूलो स्वरमा कराएर बुद्धसमक्ष पुग्न जान्छ । धर्मकथा सुनिसकेपछि, **'भोलिको भोजन निमन्त्रणा स्वीकार गर्नुहोस् ।'** भनी बिन्ति टक्र्याउँछ, तर **'अम्बपालीको निमन्त्रणा स्वीकार भैसक्यो'** भनी अम्बपालीलाई पहिल्यै वचन दिइसकेको कुरा बताउँछ । भोलिपल्ट अम्बपालीले भोजनोपरान्त आफ्नो स्वामित्त्वमा रहेको आम्रवन (आँपको बगैंचा) बुद्ध प्रमुख भिक्षु संघलाई दान भनी चढाउँछिन् ।

बुद्ध वैशालीमा विराजमानावस्था, वर्षात ऋतु अगाडि आइपुग्छ, भिक्षुहरूका विनय-नियमानुसार आषाढ पूर्णिमा (गुरु पूर्णिमा) देखि लगातार तीन महिनासम्म **'वर्षावास'** शुरु हुन्छ, यसबेला एउटै आवास-विहारमा तीन महिनासम्म वास गर्ने भनी अधिष्ठान गरी बस्ने गरिन्छ । बुद्धले आफ्ना उपस्थापक (निजी सचिव) आनन्दलाई वर्षावासका लागि वेलुवग्राम (वेणुग्राम) तर्फ लागौं भनी आषाढ पूर्णिमाको अगावै वेलुव गाउँमा प्रस्थान गर्छ । त्यहीं वर्षावास बित्दै जान्छ, बीचमा बुद्धलाई ठूलो रोग-व्याधिले समाउँछ, रोग धेरै च्यापेर मरणान्तक पीडा-वेदना (दर्द) हुन्छ । रोगले झन झन च्याप्दै लान्छ, रोगले दु:खाइ बढ्दै जाने हुन्छ, त्यतिबेला बुद्धले दृढ मनोबल (वीर्य) ले सहन्छ, धैर्य धारण गर्छ, स्मृतिसम्प्रजन्य राखी दु:खाई-दर्दलाई बिर्सेर-भुलेर सहन्छ (अधिवास), बिस्तारै रोगको चाप घट्दै जान्छ । अन्तिमोपदेश दिनु अगावै बुद्धको महापरिनिर्वाण हुने पो हो कि भन्ने जस्ता शंका पैदा हुन्छ । आनन्द एकदमै चिन्तित अवस्थामा पर्छ । तर बुद्ध स्वस्थ हुँदै आउँछ, सुस्वास्थ्यको लाभ देखी आनन्दलाई हलुंगोपनाको महसूस हुन्छ । **'आनन्द ! भिक्षुसंघले मबाट के आशा लिएर बसेका छन् ? मैले भित्र-बाहिर केही नछुपाइकन (नरहनेगरी) धर्मोपदेश गरेको छु । तथागतको धर्म-अनुशासनमा आचार्यमुष्टि (रहस्य) छैन । मबाट केही उपदेश दिन बाँकी रहेको छ र ? म बृद्ध भएं, ८० वर्षमा पाइला टेक्ने समय नजिकिंदै छ, आनन्द ! जसरी बिग्रिएर थोत्रो भैसकेको पुरानो (जीर्ण) गाडी यताउती बाँधी चल्ने हो त्यसरी नै मेरो शरीर पनि बल्ल बल्लले मात्र चलिरहेको छ ।'** भनी आफूसंगै बसेका आनन्दलाई बुद्धले एकदमै कारुणिक भाकामा भन्दै जाने क्रममा अझ अरु कुरा जोड्दै लान्छ - 'आनन्द ! अत्तदीपो भवो अत्त सरणा, न अनञ्ञ सरणा अर्थात आफू नै आफ्नो द्वीप (ज्योति) भई, आफ्नै शरण धारण गर (स्वावलम्बी बन), अरुहरूको शरण पर्ने होइन, धर्म-शरण भएर कायानुपश्यी (शरीरलाई गहिरिएर अध्ययन गर्ने), वेदनानुपश्यी (सुख, दु:ख, न सुख- न दु:ख) , धर्मानुपश्यी (स्वभाव धर्म जान्ने) र चित्तानुपश्यी (मनोभाव, मनोवृत्ति) भई संयमित बनेर होश र स्मृतिलाई निर-न्तरता दिंदै संसारको अनुचित लोभ तथा दौर्मनस्यलाई जितेर जीविकोपार्जन गरीरहुन्जेल ती भिक्षुहरू (व्यक्ति) अग्रज भइरहने हुन्छन्, शिक्षाकामी बनीरहने हुन्छन् ।'

भोलिपल्ट भिक्षाटन पछि चापालचैत्यमा आराम लिंदालिंदै बुद्धले आयुसंस्कार (जीवन शक्ति) त्याग गरिदिन्छ, त्यस्को लगत्तै ठूलो भूकम्प जान्छ, आकाशमा विजुली चम्किन्छ, एकदमै मेघ-गर्जन बुलन्द हुन्छ । बुद्धले आयुसंस्कार त्याग गर्ने बित्तिकै देखापरेको आकाशको विजुली-चम्काहट, मेघ गर्जनको बुलन्द भीषण-प्रलयकारी रोमांचकतवरले भएको भूकम्प तथा मुसलधारे वर्षाको बारेमा आनन्दले बुद्ध समक्ष जिज्ञासा प्रकट गर्छ, बुद्धले **'आफू तीन महिना पछि वैशाख पूर्णिमाका दिन महापरिनिर्वाण हुने'** कुरो उद्घोष गर्छ । सुनीरहेका आनन्द दु:खित मुद्रामा भाव-विह्वल भएर


Downloaded from http://www.dhamma.digital

जान्छ, रूखबाट खसेको बाँदर झैं त्वाल्ल परेर विरह गर्न शुरू गर्छ । तथागत अझै जीवित भइराख्नुपर्छ, बहुजन हिताय-सुखायका लागि लोकप्रति अनुकम्पा राखी आयुसंस्कार त्याग नगर्न (फिर्ता लिन) भाव-विह्वल भएर सुविनीतपूर्वक बिन्ति चढाउँछ । तर आनन्दले प्रार्थना (बिन्ति) गरेको धेरै ढीलो भैसकेको, पहिल्यै बिन्ति चढाउनु पर्ने, त्यतिबेला **अपरद्ध** (ठूलो मौका चुकाई ठूलै गल्ती गरेको भन्ने अर्थमा) भएर बस्यौ भनी बुद्धले आनन्दलाई सम्झाउने-बुझाउने कोशिस गर्छ ।

'**आनन्द ! सबै प्रियजनहरूसित बिछोडिएर जानु पर्छ, टाढिएर-बिलाएर जानुपर्छ । सदा-सर्वदा कसरी संगै बस्न पाउँछ र ? जति पनि उत्पन्न, जात, भूत संस्कार हुन्, ती सबै नाशवान हुन् । हाय् । त्यो नाश नहोस् ! यसो हुनु संभव छैन । तीन महिना पछि तथागतको परिनिर्वाण हुन्छ, बाँच्ने कारणमा (अर्थले) पुनः फर्केर आउनु तथागतको लागि संभव छैन । आउ आनन्द ! महावन कूटागार शालामा जाऔं ।**' भनी दुःखित आनन्दलाई साथमा लिएर जान्छ ।

बुद्धको आज्ञाअनुसार वैशालीका सबै भिक्षुहरू उपस्थानशालामा समागम भएर एकत्रित हुन्छन्, बुद्ध-शासन (ब्रह्मचर्य) चिरस्थायी गरीराख्न बहुजन हिताय-सुखायको मूल मार्ग- '**(क) चार स्मृतिप्रस्थान, (ख) चार सम्यक् प्रधान, (ग) चार ऋद्धिपाद, (ङ) पाँच बल**' लाई मजबूत तवरले धारण गरेर अगाडि बढ्नुपर्छ भनी बुद्धले उपदेश दिन्छ । त्यस्तै गरी- '**सबै संस्कारहरू नाशवान (व्यर्थी धर्मी) हुन्, अप्रमादी (होशियार, सजग) भएर सम्पादन गर ।**' भनी उपदेश अन्तगरी पूर्वाण्ह समयमा वैशालीमा भिक्षाटन जान्छ, वैशाली नगरलाई अन्तिम दर्शनको रूपमा नागावलोकन (हात्तिले जस्तै सम्पूर्ण जिउ पछि फर्किएर हेर्नु) गर्छ । घुम्दाघुम्दै भण्डग्राम, आम्रग्राम र भोगनगरमा पुग्छ, भोगनगरको आनन्द चैत्य स्थानमा भिक्षुहरूका बीच चार महाप्रदेशका बारेमा देशना गर्छ । '**यो धर्म हो**', '**यो विनय हो**', '**यो शास्ताको शासन हो**' - भनी जो- कोहीले भनेको खण्डमा त्यसलाई आँखा चिम्लेर विश्वास नगरी, अवलम्बन नगरी प्रथमतः मूल सूत्रसंग तुलना गर्ने, विनय राम्ररी हेर्ने, सूत्रमा पनि मेल खान्छ, विनयमा मिल्छ भने मात्र विश्वास गर्ने, बुद्ध वचन हो भनी स्वीकार गर्ने कार्य गर्नुपर्छ भनी सत्य-असत्य छुट्याउने कसौटीको रूपमा देशित गरिएका चार कुराहरू-लाई नै चार महाप्रदेश भनिएको हो । यसलाई बुद्धोपदेशका चार-कसौटी (पहिचान) को रूपमा लिने गरिन्छ ।

अगाडि बढ्दै गरेको बुद्धको यात्रा पावामा पुग्छ, चुन्द कर्मारपुत्रको आम्रवनमा आरामका लागि विराजमान हुनुभएका बुद्धलाई चुन्दले भोजन निमन्त्रणा गरी आफ्नो घरमा प्रणीत खाद्य भोज्य र धेरै सुकरमद्दव (एक प्रकारको तरकारी, शूकर कन्दक वा सुंगुरको मासु !) तयार गर्छ । भोजनको लागि बुद्ध ठीक समयमा पुग्छ, '**चुन्द ! जुन सुकरमद्दव तयार गरिराखेका छौ त्यो मेरो भागमा मात्र राख, जुन अरु खाद्य भोज्य तयार भएका छन्, ती भिक्षुसंघलाई राखिदिनू ।**" भनी आज्ञा बक्स हुन्छ । भोजन सिद्धिने बित्तिकै बुद्धलाई ठूलो रोगले सताउँछ, आउँ (रगतयुक्त दिसा) हुन्छ, अनि मरणान्तक वेदनाले धेरै नै सताउँछ ।

अन्तिम रूपमा वेलुव ग्राममा वर्षावास बस्नु हुँदा मरणान्तक पीडा भई रोगले ग्रस्त हुँदाखेरी वहाँले जसरी दृढ मनोबलले (वीर्य) सहनुका साथै स्मृतिसम्प्रजन्य राखेर वेदनालाई दवाउनु भएको थियो त्यसरी नै यसपाली पनि त्यहि अनुरुप बुद्धले कठोर वेदान्तलाई सहन्छ (अधिवास) । तत्पश्चात उपस्थापक आनन्दलाई बोलाइकन कुसीनारा (कसिया) प्रस्थानको निमित्त यात्रा गमन हुन्छ ।

कुसीनारामा पुगीसकेपछि बुद्ध थकित हुन्छ त्यहाँ एउटा वृक्षमुनि आराम लिन आनन्दले आसन बिछ्याइदिन्छ । एकदमै पानी प्यास लाग्छ, पानी खाने भन्दै तीन पल्ट पानी माग्छ । आनन्दले हडबढले पानी दिन्छ । यसै समयमा आलारकालामका एक शिष्य पुक्कुस मल्लपुत्र कुसीनाराबाट पावा हुँदै गमन गरीरहँदा वृक्षमुनि आराम लिइराखेका बुद्धलाई देख्छ । बुद्धको समकक्ष पुगी बुद्धप्रति अत्यन्त श्रद्धा प्रकट गरी सुवर्णवर्णी राम्रो खालको सिरक (ब्लायंकेट) ओढाइ-दिन्छ । पछि बुद्धको छविवर्ण परिशुद्ध र स्वच्छ-सफा भई जाज्वल्यमान देखी आनन्द आश्चर्यले चकित हुन्छ । तथागतले अनुत्तर सम्यक सम्बोधि साक्षात्कार गर्ने अवस्था (बुद्धत्त्व प्राप्ति क्षण) मा र तथागत अनुपादिशेष निर्वाण धातुमा परिनिर्वाण हुने रात्री प्रहरमा (महापरिनिर्वाणावस्था) यी दुईवटा अवस्थाहरूमा तथागतको छविवर्ण परिशुद्ध भई, सफा-सुग्घर भई जाज्वल्यमान जस्तो देखिने हो भनी बुद्धले आनन्दको आश्चर्यलाई शान्त पारिदिन्छ । अनि - '**आज रात्रिको अन्तिम प्रहरमा कुसीनाराको उपवर्त्तन नामक शाल वनमा दुई शाल बृक्षका मध्यभागमा तथागतको परिनिर्वाण हुन्छ ।**' भनी बुद्धले उद्घोषणा गर्छ ।

बुद्ध कुकुत्था नदीमा गई नुहाउँछ, एकदमै थकाइ लाग्छ, त्यसपछि एकछिन आराम गर्दा गर्दै- '**चुन्दले दिएको अन्तिम भोजनको कारणले गर्दा नै बुद्धको परिनिर्वाण भएको हो भनी आरोप लगाउने**


Downloaded from http://www.dhamma.digital

(लान्छना) हरू निक्लिएलान्' भन्ने कुरालाई ध्यानमा राखेर बुद्धले पिण्डपात मध्ये दुई पिण्डपातको महान फल र आनिशंस रहेका छन् भन्दै- **'सुजाताको खीर (क्षीर) दान, जुन भोजन गरिसकेपछि तथागतले अनुत्तर सम्यक् सम्बोधि (बुद्धत्व) प्राप्त गरेका थिए, चुन्दको प्रणीत एवं सूकर मद्दवले भरिपूर्ण अन्तिम भोजन जसको सेवन पछि तथागत अनुपादिशेष निर्वाण धातुले परिनिर्वाण प्राप्त गर्ने हुन्छ'** भनी स्पष्ट पारिदिन्छ।

हिरण्यवती नदी तरेर गई बुद्ध कुसीनाराको मल्लहरूको शालवन उपवर्त्तनमा पुग्छ, **'आनन्द ! यमक शाल (जोडी बृक्ष) बृक्षको मध्यभागमा उत्तरतिर शीरपारी मञ्चक (पलङ्ग) राखिदिनू, थकाइ लागिसक्यो, एकचोटी पल्टिनु पर्‍यो ।'** भनी आनन्दलाई अऱ्हाउँछ । त्यहीं बुद्धले श्रद्धालु कुलपुत्रहरूका लागि यी चार स्थानहरू दर्शनीय हुन्, संवेगनीय वा वैराग्य-दायक हुन्- **'(१) जहाँ तथागतको जन्म भयो (लुम्बिनी), (२) जहाँ तथागतले बुद्धत्व ज्ञान लाभ गर्नुभयो (बुद्धगया), (३) जहाँ तथागतले अनुत्तर धर्मचक्र प्रवर्तन गर्नुभयो (सारनाथ) र (४) जहाँ तथागतले अनुपादिशेष निर्वाण धातुले परिनिर्वाण प्राप्त गर्ने हुन्छ (कुसिनारा) ।'** भनी ब्यक्त गर्छ । त्यसपछि आनन्द र बुद्धबीच कुराकानी हुन्छ-**'भन्ते ! आईमाई (स्त्री जाति) हरु सित कसरी ब्यवहार गर्ने ? -आनन्द ! नहेर्ने- हेर्नै परेमा कसरी ब्यवहार गर्ने ? कुराकानी नगरीकन । कुराकानी गर्नुपरेमा .... ? स्मृति (होश) राखी बस्नुपर्छ । तथागतको शरीरलाई हामीले के गर्नुपर्छ ? - शरीर पूजागर्ने तर्फ नलाग । सारत्थ (सच्चा पदार्थ) का लागि प्रयत्न र उद्योग गर्नुपर्छ, यसका लागि अप्रमादी, उद्योगी, संयमी भएर बस्नुपर्छ ।'**

बुद्धको परिनिर्वाण हुनै लागेको समाचार थाहापाई अधिकांश भिक्षु, भिक्षुणी, उपासक उपासिकाहरू बुद्धको अन्तिम दर्शनार्थ ठेलम ठेल्ला हुनेगरी भीड जम्मा हुन्छ । सुभद्र परिब्राजक पनि आइपुग्छ । परिनिर्वाण शैय्यामा आसीन बुद्धलाई थकाइ लागी रहेको र वहाँलाई दुःख कष्ट होला भनेर आनन्दले सुभद्रलाई दर्शन भेटका लागि रोकिदिन्छ । यो कुरा थाहा पाएर बुद्धले- 'सुभद्रलाई बाटो नछेक' भनी आज्ञा दिन्छ । अनि सुभद्रलाई धर्मको कुरा सुनाउँछ, अन्तिमावस्थामा प्रभावित भएर त्यहीं उपसम्पदा दिक्षा लिएर प्रब्रजित (भिक्षु) हुन्छ । सुभद्र नै बुद्धको अन्तिम शिष्य हुन्छ । यसपछि बुद्धले परिषद सामू - **'मैले जुन धर्म र विनय देशना गरेको छु, प्रज्ञप्त गरी राखेको छु, मेरो परिनिर्वाण पछि (अनुपस्थितिमा) त्यो धर्म र विनय नै तिमीहरुका शास्ता हुनेछ ।'** भन्ने कुरा अघिसार्दै- **'बुद्ध, धर्म, संघ, मार्ग वा प्रतिपदामा कसैको केही शंका उपशंका भए सोध्नू'** भनी आज्ञा हुन्छ ।

अन्तिमावस्था (मरणाशैय्या) मा पुगीसकेका बुद्धले अन्तिम वचन स्वरूप ब्यक्त गर्छ- **'हन्द दानि भिक्खवे, आमन्तयामि वो- वय धम्मा संखारा अप्पमादेन सम्पोदथा'ति । अयं तथागतस्स पच्छिमा वाचा ।'** अर्थात् **हन्द (सम्बोधन) भिक्षुहरु ! अब तिमीहरुलाई आमन्त्रण गर्छु - संस्कार ब्ययधर्मी (नाशवान) हुन् । अप्रमादी (सजग र स्मृति राखेर) भएर सम्पादन गर** । यो नै तथागतको, अन्तिम वचन हो । यसरी अन्तिम वाचाको प्रस्फूटन पश्चात बुद्ध अनेक समापत्ति ध्यानमा बस्छ, चतुर्थ ध्यानबाट समनन्तर (उठ्ने बित्तिकै) भगवान् बुद्ध परिनिर्वाण हुन्छ, उनले महापरिनिर्वाण प्राप्त गर्छ । चारैतिर शोक र ब्याकुलता, अनुयायीहरूको दिलमा चोट, आँखामा आँसुको बहाव, चारैतिर स्तब्धता, प्रकृति र प्राकृतिक सबै शोकाकुल ... शब्दमा वर्णन नै गर्न नसकिने तवरको दुःखद स्थितिको श्रृजना हुन्छ । यसरी **'विश्वज्योति'** निभ्छ, विलय हुन्छ ।

बुद्धको नश्वर त्यो पार्थिव शरीरलाई कुसीनाराका मल्लहरूले कुसीनारामा एक सप्ताहसम्म ससम्मानपूर्वक अन्तिम दर्शनको लागि राखे र त्यसपछि दाहसंस्कारका लागि मुकुट बन्धन नामक मल्लहरूका चेतिय स्थानतिर लान्छ । पावा र कुसीनाराको बीचमा रहेका आयुष्मान महाकाश्यप भिक्षुगणका साथमा श्मसान घाटमा आइपुगीसकेपछि दाहसंस्कार कार्य सम्पन्न हुन्छ । यसपछि बुद्धको अस्थिधातु बाँडेर लिने सवालमा अजातशत्रु, वैशालीका लिच्छवी, कपिलवस्तुका शाक्य, अल्लकप्पका बुलिय, रामग्रामका कोलिय, पावाका मल्ल र कुसीनारका मल्ल गरी आठ समूहका बीच मुठभेड श्रृजना हुन गई ठूलो विवाद खडा हुन्छ । पछि द्रोण ब्राह्मणले मध्यस्थता निभाउँछ, अस्थिधातुलाई आठ भाग गरी बाँडिन्छ, सबैले श्रद्धा र आस्थापूर्वक थूप-चैत्य निर्माण गर्छन् । द्रोणले माना-पाठीको थूप बनाउँछ (त्यो भाँडो जसबाट अस्थिधातु आठ भाग लगाइएको थियो) । अस्थिधातु पाउन पिप्पली वनका मौर्यहरू पनि आइपुग्छन् तर वितरण कार्य समाप्त भैसकेको हुन्छ र उनीहरूले गोल एकत्रित गरी त्यसैको थूप बनाउँछन् जस्लाई अंगार चैत्य भनिन्छ । ■



Downloaded from http://www.dhamma.digital




## बुद्ध जयन्ती २५४३ (स्वाँया पुन्ही) या

लसताय् सकल प्राणीपिन्त भिं जुइमा,
दुःख मदुपिं जुइमा, भय् मदुपिं जुइमा व सुखपूर्वक
व्हना वने फुपिं जुइमा ।

**तामाकार हाउस** **Opening Soon !**

**TAMRAKAR HOUSE**
*The Family Store*
Ga 2-163 Sukrapath, New Road
Kathmandu, Nepal
Phone : 259907, 259807


**TAMRAKAR HOUSE**
*Shopping Centre*
Putali Sadak
Kathmandu, Nepal
Phone: 245348

Fax : 977-1-259317


Downloaded from http://www.dhamma.digital

शान्ति नायक गौतम बुद्धया
जन्म, सम्बोधि व महापरिनिर्वाण बुलागु
स्वाँया पुन्ही
बु.सं. २५४३ या भिन्तुना।





काठमाडौं महानगरपालिका

यँ महानगरपालिका

जिगु पौरख, जिगु गौरव, जिगु यँ दे !

Downloaded from http://www.dhamma.digital

# "ढंग पुऱ्याएर काम गर्नु पनि मंगल हो"

✍ भिक्षु अश्वघोष

"ढंग पुऱ्याएर काम गर्नु पनि मंगल कार्य हो" भन्नु हुँदै भगवान बुद्धले गृहस्थीहरूका लागि मंगल हुने कार्यहरूको सिलसिलामा बताउनु भएको शिक्षा हो। धेरै जसो मानिसहरू केही न केही काम गरेर नै जीविका चलाउने गर्छन। त्यसैले जुन काम गरेपनि सो कार्यबाट पछिसम्म पनि अपजस नआउने तरीकाले काम गर्न सक्नुपर्छ। अनि मात्र उसलाई मंगल हुने गर्छ।

गृहस्थीहरूले गर्ने कार्यहरूमध्ये इमान्दारी र निर्दोषी कार्य नै कृषीजन्य (खेतीपाती) काम हो। धेरै मानिसहरूको उपकार गर्ने कामहरू मध्ये यो प्रमुख काम हो। खेतीपाती काम गर्ने व्यक्तिहरूमा खूब परिश्रम र लगनशीलता हुनुपर्छ। किनभने यस्तो काम गर्ने (कृषकहरू) किसानहरूले पानी परिरहेपनि घाम चर्को भएपनि आराम लिन पाउँदैनन्। भनिन्छ, कृषक दाजुभाईहरूका लागि असार महिनामा रोपाई गर्ने बेलामा आफ्नै मान्छे मरे पनि मूर्दालाई आफ्नो घरको भऱ्याङ्ग मुनि लुकाएर पहिले रोपाईको काममा जानु पर्ने हुन्छ रे। बुद्धले पनि भन्नुभएको छ- सबैभन्दा उत्तम जीवन किसानको जीवन हो।

किसानहरूले खेतीको काम गर्दाखेरी कीटपटंग प्राणीहरू मर्छन्। तर बुद्धको शिक्षा अनुसार खेती गर्नेको चेतना प्राणी मार्ने होइन। उपकारार्थ हो। त्यसैले खेती गर्दाखेरी प्राणी मरे पनि पाप लाग्दैन।

किसान जीवन पछि दकर्मी, सिकर्मीहरूको जीवन आउँछ। त्यसपछि आफ्नो मनलाई आकुल ब्याकुल नपार्ने निर्दोषी कार्यहरू पर्न आउँछ। जस्तै सुनको, लोहारको काम, माटोको भाँडो बनाउने कुम्हालेको काम, आदि। थुप्रो पैसा कमाउने काम त व्यापारी काम हो। आज भोली त इमान्दारपूर्वक व्यापारी काम संचालन गर्न भने त्यति सजिलो छैन। किनभने आज भोलिको जमानामा धेरै जसोले एकले अर्काको विश्वास जित्न त्यति सजिलो भइराखेको छैन। धेरैजसो क्षेत्रमा पैसाको लागि विश्वासघात भैराखेको हुन्छ। यो मानिसहरूको नैतिकता नभएको स्वार्थ चित्तको प्रतिफल हो। यस्तो कार्यले आफूले चिताए जस्तो फल पाउन सकिँदैन। किनभने यो काम निष्कलंक काम होइन। यस्तो कार्यले त आफ्नो मनलाई आकुल ब्याकुल बनाइदिन्छ। बुद्धले व्यापार गर्दा नाफा खानु हुँदैन भन्नुभएको छैन। मेहनतको फल पाउनु पर्छ। तर अन्यायपूर्वक कालोबजार गरेर व्यापार गर्दाखेरी पछि मनमा आकुल ब्याकुल हुने गर्छ।

तर निर्दोषपूर्वक गरिने कार्यले पछि कलंक ल्याउँदैन। यस्तो कार्यलाई मंगलमय कार्य भनिन्छ। त्यसैले बुद्ध मार्गीहरूले गर्नै नहुने कार्यहरू यसरी रहेका छन्-

१. रक्सी बेच्नु २. शस्त्र अस्त्र बेच्नु ३. बिष बेच्नु ४. हिंसा गरेर मासु बेच्नु ५. दास बेच्नु अर्थात् मानिस बेच्नु आदि।

आफूले काम गरे पनि त्यसबाट राम्रो फल नपाउनु र बिचमै काम बिग्रनुका ३ प्रकारका कारणहरू यसरी छन्-

१. ठीक समयमा काम नगर्नु।
२. राम्ररी ध्यान दिएर काम नगर्नु।
३. काम गर्न अल्छी हुनु।

तर जस पाउनका लागि (राम्रो प्रतिफल पाउनका लागि) यसरी काम गर्नु पर्दछ।

१. ठीक समयमा काम शुरु गर्नु।
२. होशियारी र इमान्दारीपूर्वक काम गर्नु।
३. मेहनत र उत्साहपूर्वक काम गर्नु।

गरेका कामहरू असफल हुनुमा अरुपनि कारणहरू छन्। ती हुन्-

१. खेल्नमा भुल्नु। खेलमा भुलेपछि आफ्नो जम्मै कामहरू बिर्सिन्छन्।
२. गफ्फी हुनु। आफूमा नभएका पुरुषार्थहरूलाई आफूमा भएको जस्तै गरी ठीक्क पारी कुरा गर्नु, असत्यलाई पनि सत्य जस्तै गरी कुरा गर्ने आदि बानीमा भुल्यो भने नचाहिँदो कुरामा समय बर्बाद हुनेछ। तर आफ्नो अत्यावश्यक कार्यहरू भने गर्न पाउँदैन।
३. जुवा खेल्नमा भुल्नु। जुवा खेली एकै पटक धनी बन्ने झूठो आशमा परी धेरैजसोले आफ्ना भएका घर खेत पनि स्वाहाः पारी आफ्नै परिवारलाई बरवाद पारिरहेका हुन्छन् कतिपय मूर्खहरूले।
४. खाने बेलामा लोभीपना हुने व्यक्तिहरूले खाली खाने खाने मात्र ध्याउन्नामा लागी आफ्नो अमूल्य कामहरू पनि गर्न बिर्सेर बिचल्लीमा पर्छन्।
५. स्त्री मोहमा भुल्ने रागी व्यक्तिहरूले स्त्रीको काम आशक्तिमा भुली मग्न हुन्छन्। फलस्वरूप उनीहरू अरू केही कार्यमा पनि ध्यानदिन नसकी बेकम्मा मूर्ख बन्छन्।
६. रक्सी पिउनमा भुल्ने जँड्याहाहरू रक्सीको नशामा भुली पागल बन्छन्। यस्ता मानिसहरूमा रक्सी नखाई आफ्नो काम गर्न जाँगर नै चल्दैन। रक्सीको खोजीमा हिंड्ने यस्ता मूर्खहरूले ठूलठूला कार्यहरू गर्न सक्दैनन्। अझ ड्राइभरहरूका लागि त यस्तो नशालु पदार्थ झन खतरायुक्त हुन्छन्। ■



Downloaded from http://www.dhamma.digital



Our Hearty Felicitation

to

Dharmakirti Buddhist Study Circle

& All

On the Auspicious Occasion of

Vaisakh Festival 2543

***Remember us for:—***

- **VIC** - Filters
- **NOK** - Oil Seals
- **HDK** - C.V. Joints
- **TAIHO** - Engine Bearings
- **DOKURO** - Engine Valves
- **MINTY** - Brake Shoe and Pads
- **ASCO** - Clutch Discs & Covers
- **MITSUBOSHI** - Fan Belts & Timing Belts

**MITSUBISHI GENUINE PARTS**

**&**

**LAND ROVER PARTS**

***MANY MORE SPARE PARTS FOR ALL TYPES OF JAPANESE AND EUROPEAN VEHICLES***

**Auto Parts International**

Kamal Arcade, Putali Sadak Kathmandu, Nepal.

Phone: 225607, 244317 • Fax: 977-1-271842


Downloaded from http://www.dhamma.digital

# अहिंसाको सिद्धान्तको आलोचना

✍ डा.अम्बेडक
*अनुवादक:* **ललित रत्न शाक्य**

१. अहिंसाका सिद्धान्तहरू समर्थन नगर्ने मानिसहरू पनि थिए । उनीहरूको भनाइ थियो, अहिंसाको अर्थ हुन्छ, 'अन्याय', तथा 'अत्याचारको' अगाडि शिर झुकाउनु ।

२. भगवान् बुद्धको अहिंसाको सिद्धान्तबारे चर्चा गरिएका कुराहरू सम्पूर्ण गलत व्याख्या हुन् ।

३. भगवान् बुद्धले धेरै अवसरहरूमा आफ्नो स्थिति स्पष्ट पारिदिनु भएको छ, त्यसबाट कसैलाई पनि कुनै किसिमको अस्पष्टता अथवा भ्रम पर्नजान सक्तैन ।

४. पहिलो उल्लेखनीय अवसर हो- जसको उल्लेख यहाँ गरिन्छ, उहाँले सैनिकलाई संघमा प्रविष्ट हुने बारेमा बनाउनु भएको नियम ।

५. एकपटक मगध राज्यको सीमान्त प्रदेशमा उत्पात मच्चियो । मगध नरेश सेनिय बिम्बिसारले सेतापतिलाई आज्ञा दिए, "सीमान्त प्रान्तमा उत्पात मच्चिएको छ; अपराधीहरू पत्ता लगाई, तिनीहरूलाई दण्ड दिनू; शान्ति स्थापना गर्न सेना नायकहरूलाई आदेश दिनू ।" सेनापतिले आज्ञा पालन गरे ।

६. सेनापतिको आज्ञा पाएर सेना नायकहरू बडो दोधारमा परे । एकातिर युद्धमा लड्न जाने र युद्ध गर्न रमाउनेहरू पाप गर्दछन् र धेरै अपुण्य प्राप्त गर्दछन् भन्ने तथागतको शिक्षा भएको कुरा तिनीहरूले बुझेका थिए भने, अर्कोतिर अपराधीहरू पत्ता लगाएर तिनीहरूलाई मार्नुपर्ने राजाको आज्ञा थियो । सेना नायकहरू एक-आपसमा सोध्न लागे, "अब हामी के गरौं ?"

७. त्यसपछि सेना नायकहरूले विचार गरे, "हामीहरूले तथागतको भिक्षु-संघमा प्रवेश गर्न सक्यौं भने, हामी यस दोधारबाट उम्कन सक्छौं ।"

८. सेना-नायकहरू भिक्षुहरू बसेको ठाउँमा पुगे र तिनीहरूसँग प्रव्रज्याको याचना गरे । भिक्षुहरूले तिनीहरूलाई प्रव्रजित र उपसम्पन्न गरिदिए । सेना नायकहरू सेनाबाट गायब भए ।

९. सेनापतिले सेना नायकहरूलाई नदेखेपछि सैनिकहरूसँग सोधे- कुरा के हो ? सेना नायकहरू त कतैपनि देखिदैनन् नि ?" सैनिकहरूले जवाफ दिए, "सेनापतिज्यू ! सेना नायकहरू त भिक्षु-संघमा सम्मिलित भइसके !"

१०. यस्तो कुरा सुनेर सेनापति ज्यादै क्रोधित भए, "राजकीय सेनाका मानिसहरूलाई भिक्षुले कसरी प्रव्रजित गर्न सक्छ ?"

११. सेनापतिले यस कुराको जानकारी राजालाई दिए । राजाले न्यायाधीशहरूसँग परामर्श गरे, "भन्नुहोस्, राजकीय सेनाका सैनिकहरू प्रव्रजित गर्नेहरूलाई के दण्ड दिनुपर्छ ?"

१२. "महाराज ! उपाध्यायको शिर काट्नुपर्छ, 'कम्मवाचा' पढ्नेको जिभ्रो काट्नुपर्छ र संघको सदस्यहरूका आधा करङ भाँचि दिनुपर्छ ।"

१३. त्यसपछि राजा तथागत बसिराख्नु भएको ठाउँमा गए । अभिवादन पश्चात् उहाँसमक्ष सविस्तार कुरा सुनाए ।

१४. "भगवान् ! हजूरलाई थाहा नै छ, धेरै राजाहरू धर्म विरोधी हुन्छन् । यी धर्म विरोधी राजाहरू मामूली कुराहरूमा पनि भिक्षुहरूलाई कष्ट दिइरहन्छन् । तर भिक्षुहरूले सैनिकहरूलाई फुस्लाएर भिक्षु संघमा भर्ती गर्दछन् भने, ती भिक्षुहरूका त्यस्तो खराब आचरण विरूद्ध कति हदसम्म कारवाही गर्न सकिन्छ, यसको कल्पना गर्न कठीन छ । अब यस विपत्तिबाट उम्कन तथागतबाट यथायोग्य गर्नुहुन पनि म प्रार्थना गर्दछु ।"

१५. तथागतले उत्तर दिनुभयो, "अहिंसाको नाम लिएर वा अहिंसाको आडमा सैनिहरूले आफ्नो राजा वा देशप्रति जुन कर्तव्य गर्नुपर्ने हो त्यसबाट विमुख होउन् भन्ने मेरो यस्तो मनसाय कहिले पनि थिएन ।"

१६. त्यस अनुसार भगवान् बुद्धबाट राजकीय सैनिकहरूको संघमा हुने प्रविष्टि विरूद्ध एउटा कानून बन्यो र भिक्षुहरू माझ त्यसको घोषणा पनि भयो, "भिक्षु हो ! कुनै पनि राजकीय सैनिकले प्रव्रज्या लिन नपावस् । यदि कसैले दिन्छ भने उसलाई दुष्कृतको आपत्ति (=दोष) हुने छ । "

१७. एकपटक श्रमण महावीरका अनुयायी सिंह सेनापतिले 'अहिंसा' कै विषयमा तथागतसँग प्रश्न गरेका थिए ।

१८. सिंहले सोधे, "तथागतको धर्मबारे मेरो मनमा अझैपनि एउटा शंका बाँकी छ । भगवान् ! कृपागरी मेरो मनको अन्धकाररूपी बादललाई हटाइदिनुहोस्, ताकि म धर्मलाई त्यही रूपमा सम्झन सकूँ, जुन रूपमा हजूरबाट त्यसको प्रतिपादन भएको छ ।"

१९. तथागतको स्वीकृति प्राप्त भएपछि सिंह सेनापतिले सोधे, "भगवान् ! म सेनापति हूँ । मलाई राजाबाट युद्धमा लड्न र आफ्ना कानूनहरू जनताद्वारा पालन गराउनको लागि नै नियुक्त गरिएको हो । तैपनि



Downloaded from http://www.dhamma.digital

के तथागतबाट जबकि दुःखीहरूप्रति यस्तो दया र असीम करूणाको शिक्षा दिनु हुन्छ, अपराधीहरूलाई दण्ड दिने अनुमति प्राप्त हुन सक्ला ? अनि के, आफ्नो घर, स्वास्नी-सन्तान र आफ्नो सम्पत्तिको सुरक्षाको लागि युद्ध गर्नु ठीक छैन भन्ने पनि तथागतको भनाइ हो ? हामीले अत्याचारीहरूलाई- उसले जे गर्न चाहन्छ त्यही गर्न दिने र जसले बलपूर्वक हामीबाट हाम्रो वस्तुहरू खोस्न चाहन्छ त्यसलाई खोस्न दिने ?- के तथागतबाट यस्तो सम्पूर्ण आत्म-समर्पणको शिक्षा पनि हुन्छ ? सबै किसिमको युद्ध, त्यस्तो युद्धपनि जुन न्यायको रक्षाको निमित्त लडिन्छ, वर्जित हुन्छ ? के यस्तो कुरापनि भगवान्‌बाट शिक्षा भएको छ ?"

२०. तथागतको उत्तर थियो, "दण्डनीयलाई दण्ड दिनैपर्छ । पुरस्कार दिन योग्यलाई पुरस्कार दिनैपर्छ । साथै कुनै पनि प्राणीलाई कष्ट दिइनु हुँदैन, बरू त्योसँग प्रेम र दयाको व्यवहार गर्नुपर्दछ । यी आदेशहरू परस्पर विरोधी छैनन् । जसले आफ्नो अपराधको निमित्त दण्ड भोग्दछ, त्यो न्यायाधीशको द्वेष बुद्धिले गर्दा होइन, बरु आफ्नै अशुभ-कर्मको परिणाम स्वरूप हुन्छ । न्यायाधीशद्वारा दिइएको दण्ड उसको आफ्नै कर्मको फल हो । न्यायाधीशले दण्ड-सजाय तोक्दा उसको मनमा दण्डनीय व्यक्तिप्रति कुनै पनि किसिमको द्वेष भावना हुनुहुन्दैन र एउटा हत्यारालाई फाँसीको सजाय दिंदा पनि, त्यो सजाय उसको आफ्नै कर्मको फल हुन्छ । यही दण्डले उसको अन्तरतम (=भित्रीमन) लाई शुद्ध बनाउँछ भन्ने सम्झन्छ भने, कुनै पनि दण्डनीय व्यक्तिले आफ्नो भाग्यमा रूनुपर्ने छैन, बरू आत्म शुद्धि भएको ठानेर प्रसन्न हुनु पर्दछ ।"

२१. यी कुराहरूमा राम्रोसँग विचार गर्नाले यो कुरा स्पष्ट हुन जान्छ कि, भगवान् बुद्धको अहिंसाको मुख्य स्थान छ, तर त्यो निरपेक्ष छैन ।

२२. 'खरावीलाई भलाई गरेर जित' यस्तो उहाँको देशना थियो, तर खरावीले नै भलाईलाई जित्न दिने कुराको देशना भने कहीं पनि गर्नुभएको छैन ।

२३. उहाँ अहिंसाका समर्थक हुनुहुन्थ्यो र हिंसाका निन्दक । तर उहाँले खरावीबाट भलाईको रक्षा गर्न अन्त्यमा हिंसाको पनि आश्रय लिनुपर्दछ भन्ने कुरालाई इन्कार गर्नुभएन ।

२४. यसप्रकार भगवान् बुद्धले खतरनाक सिद्धान्तको प्रतिपादन गर्नुभयो भन्ने कुरा होइन, बरू आलोचकहरूले नै उहाँको यथार्थस्वरूप र क्षेत्रलाई ठीक ठीकसँग बुझ्न सकेनन् । ■


२५४३ औं स्वाँया पुन्हीया

लसताय्

सकल नेपामी पिन्त

भिन्तुना !



❒ जीत अर्नामेन्टस्
गावहाल, वनवहाल, यल
फोनः ५४०७५७

❒ न्यू जेम्स रेय् ट्रेडर्स
न्हुँ सतक, यें
फोनः २४४७५१




Downloaded from http://www.dhamma.digital

# पवित्र भूमि लुम्बिनी : योजना र प्रगति-१

✍ **देवेन्द्र राज शाक्य, बुटवल**

विश्व शान्तिका सन्देश बाहक, विश्व भातृत्व भावनाका प्रथम पृष्ठपोषक एशियाका ज्योति, शान्तिका अग्रदूत, अहिंशाका पुजारी आदि विभिन्न उपनामबाट विभूषित तथा गौतम गोत्र भएकोले गौतम पुत्र, शाक्यमुनि एवं शाक्य सिंह आदि नामले विश्व परिचित सिद्धार्थ गौतमको जन्म तत्कालिन कपिलवस्तु एवं कोलियका नागरिकहरूको क्रिडाभूमि नेपालको तराई क्षेत्र लुम्बिनी अंचल, रूपन्देही जिल्लाको लुम्बिनी शाल वनमा कपिलवस्तु राज्यका राजा शुद्धोधन महाराजकी जेठी रानी महामायादेवी (माया) को कोखबाट ई.पू. ६२३ वैशाख पूर्णिमाको दिन भएको थियो । जन्मेको पाँचौं दिनमा उनको नामाकरण गरियो– सर्व-अर्थ-सिद्ध गर्न सक्ने भएको तथा गौतम गोत्र भएकोले "सिद्धार्थ गौतम" । सिद्धार्थ जन्म भएको सातौं दिनमा मायादेवीको मृत्यु भएकोले उनको लालन-पालन कान्छी आमा प्रजापति गौतमीबाट भयो । उनको विवाह १६ वर्षको उमेरमा कोलिय राजा दण्डपाणि (सुप्रबुद्ध) की सुपुत्री यशोधरासँग भयो । २९ वर्षको उमेरमा, पुत्र राहुलको जन्मपश्चात् गृह त्याग गर्नुभयो । ६ वर्षसम्म कठोर तपस्या पश्चात् ३५ वर्षको उमेरमा बोधगयाको बोधिवृक्ष मुनि बोधिज्ञान (बुद्धत्व) प्राप्त गर्नुभयो । वाराणसीको ऋषिपतन मृगदावन (सारनाथ)मा पञ्चवर्गीय भिक्षुहरू कोडण्य, वप्प, भद्दिय, महानाम र अस्सजितलाई प्रथम देशना दिनुभयो र ४५ वर्षसम्म निरन्तर रूपमा विश्वमा करूणा, शान्ति र मैत्रीको सन्देश फैलाउनु भई ८० वर्षको उमेरमा कुशीनगरमा महापरिनिर्वाण प्राप्त गर्नुभयो ।

भगवान बुद्धसँग सम्बन्धित चार प्रमुख स्थल– १) जन्म स्थान: लुम्बिनी, २) बोधिज्ञान प्राप्त स्थान: बोधगया, ३) बुद्धत्व प्राप्तीपछि प्रथम धर्मदेशना दिनुभएको स्थान: सारनाथ, ४) महापरिनिर्वाण हुनु भएको स्थान: कुशीनगर – यी चार स्थान मध्ये आफ्नो जन्म स्थल लुम्बिनीको दर्शन गर्न प्रेरित गर्नुभएबाट पनि यस स्थलको बढी महत्व हुन पुगेको छ । इसाईहरूको पवित्र तीर्थस्थल "जेरूसेलम", मुस्लिम धर्मावलम्बिहरूको पवित्र तिर्थस्थल "मक्का" भए जस्तै बौद्ध धर्मावलम्बिहरूको पवित्र तिर्थस्थल "लुम्बिनी" हो । अझ भन्ने हो भने सम्पूर्ण नेपालीहरूको गौरवको थलो पनि हो ।

"देवान पियेन पियदसिन लाजिन वीसतिवसाभिसितेन । अतन आगांच महियीते । हिद बुधे जाते सक्यमुनीति । सिलाविगडभी चा कालापित सिलाथभे च उसपापिते । हिद भगवं जाते ति लंमिनीगामे उबलिके कटे । अठ भागिये च ।"

"देवताहरूको प्रिय प्रियदर्शी राजा आफ्नो राज्याभिषेकको २० वर्ष पश्चात आफै आई यस स्थानको पुजा गरे किनकि यस स्थानमा शाक्यमुनि बुद्धको जन्म भएको थियो । यहाँ ढुंगाको प्राचिर (प्राकाट?) बनाउन लगाए र एउटा शिलास्तम्भ स्थापना गरे । यहाँ भगवान बुद्ध जन्म भएकोले लुम्बिनी ग्राममा धार्मिक कर माफ गरियो जुन आठौं भाग (भूमिकरको रूपमा) लिइन्थ्यो ।"

उँपरोक्त आशयको अभिलेख ई.पू. २४९ मा मौर्य सम्राट अशोकले आफ्नो राज्याभिषेकको बिसौं वर्षमा आफ्ना धर्मगुरु उपगुप्तका साथ भगवान बुद्धको पवित्र जन्मभूमि लुम्बिनीको यात्रा क्रममा स्थापना गरेको ब्राह्मी लिपीमा पाँच हरफमा कुँदिएको, अशोक स्तम्भमा उल्लेख गरेको छ । अशोक स्तम्भ पत्ता लागे तापनि यसमा कुन भाषामा के लेखिएको छ भन्ने कुरा थाहा थिएन । पछि ब्राह्मी लिपीका विशेषज्ञ जर्मन विद्वान हुट्श (Huttzsch) ले माथि उल्लेखित अशोक स्तम्भमा "भगवान बुद्ध लुम्बिनीमा जन्मेको र सो स्तम्भ सम्राट अशोकले बनाउन लगाएको" भन्ने बाक्य कुँदिएको भनी स्पष्ट गरेका थिए ।

चीनमा बुद्ध धर्मको प्रचार भएपछि प्रसिद्ध चीनिया बौद्ध विद्वानहरूले भगवान बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण गरेको विवरण उल्लेखनीय छ । यस क्रममा सर्वप्रथम चीनिया बौद्ध तीर्थ यात्रीको रूपमा फा-हियान ( ३७४ - ४६२ ई.सन् ) यात्राकाल (३९९ - ४१४ ई. सन् ) पाँचौ शताब्दीमा लुम्बिनीको भ्रमण गर्दा प्रशव वेदना हुँदा महामायादेवीले समाएको रूख, सिद्धार्थ जन्मनु पूर्व नुहाउनु भएको पवित्र पोखरी शाक्य पुष्करिणी आदि देखेको कुरा आफ्नो यात्रा विवरणमा उल्लेख गरेका छन् । कपिलवस्तु, लुम्बिनी र रामग्रामको यात्रा गर्ने क्रममा फा-हियानले आफ्नो यात्रा पश्चिमी चीनको Ch'ang-an बाट सन् ३९९ मा प्रारम्भ



Downloaded from http://www.dhamma.digital

गरी ६ वर्ष पश्चात भारत आईपुगेको र ६ वर्षसम्म विभिन्न स्थानको यात्रा गरी, ३ वर्ष बाटोमा पर्ने अन्य देशहरूको भ्रमण गरी सन् ४१३ आ आफ्नो देश फर्केको कुरा आफ्नो यात्रा विवरणमा उल्लेख गरेका छन् ।

अर्का चीनिया बौद्ध तीर्थ यात्री हुयन-साङ्ग (६००-६६४ ई.सन्) यात्राकाल (सन् ६२९-६४५) ले सातौं शताब्दीतिर लुम्बिनीको यात्रागरी यसको वर्णन गरेको विवरण उल्लेख्य छ । उनले लुम्बिनीमा स्तुपका भग्नावशेषहरू, अशोक स्तम्भको माथिल्लो भाग (घोडाको टाउकोको मूर्ति) भुईंमा परिरहेको देखेको वर्णन गरेका छन् । साथै उनले शालवृक्ष, पवित्र पोखरी शाक्य पुष्करिणी, नजिकै बगीरहेको तैल नदी (हालको तेलार नदी) देखेको पनि वर्णन गरेका हुन् । हुयन-साङ्ग उत्तरीबाटो तुर्फान, कुच, इस्सीकूल, तासकण्ड, समरकण्ड, कुण्डुन, काबुल, पेशावर र भारत हुँदै सन् ६३५-६३६ मा कपिलवस्तु, लुम्बिनी र रामग्राम आदि स्थलहरूको भ्रमण गरेका थिए भने फर्कंदा कुण्डुन, पामिरकूल, काशगार, यारकण्ड, खोतान र नैक्सीको बाटो हुँदै चिन फर्केका थिए ।

जुम्लाका खस राज्यका राजा (पश्चिम नेपालका मल्ल राजा) रिपुमल्लले (सन् १३१२) १४ औं शताद्बीमा लुम्बिनीको तीर्थयात्रा गरी अशोक स्तमभमा "ॐ मणि पद्मे हुँ" लेखि आफ्नो नाम कुँदाएका थिए ।

१९ औं शताब्दीमा युरोपिय देशहरूमा भगवान बुद्धको शिक्षाको प्रचार हुन थाल्यो । यसबाट प्रभावित भई बौद्ध धर्मको अध्ययन अनुसन्धान गर्न युरोपिय विद्वानहरू लाग्न थाले । दुर्लभ बौद्ध ग्रन्थहरूको अनुवाद गरे । बौद्ध ग्रन्थ प्रकाशित गर्न प्रकाशन संस्थाहरू स्थापना गरिए । भगवान बुद्धसँग सम्बन्धित स्थलहरू लुम्बिनी, बुद्धगया, सारनाथ, कुशीनगर, राजगृह, वैशाली, श्रावस्ती, कपिलवस्तु रामग्राम आदिको खोजी कार्यमा अभिरूची देखाई सम्भाव्य स्थानहरूमा उत्खनन कार्य गरी महत्वपूर्ण उपलब्धी हासिल गरे ।

शताब्दीऔंसम्म विलुप्त रहेको यस पवित्र भूमि लुम्बिनीको उत्खनन् गरी पुन: पत्ता लगाउने श्रेय पालपाका तत्कालीन कमाण्डिङ्ग जनरल श्री खड्क शमशेर (जसलाई पुरातत्व एवं इतिहास विषयमा विशेष अभिरूची थियो) लाई जान्छ । उहाँकै प्रयासमा सन् १८९६ डिसेम्बर १ तारिखका दिन अशोक स्तम्भ पत्ता लगाएका थिए । (उल्लेखनीय कुरा के छ भने जनरल खड्क शमशेरले गराई राखेको उत्खनन् कार्य अन्तिम चरण पुगेको अवस्थामा जर्मन पुरातत्वविद (प्रान्तीय संग्रहालय, लखनउका तत्कालीन संग्रहालय हेरचाह गर्ने अधिकारीकोरूपमा कार्यरत कर्मचारी) डा. ए. फुहरर त्याहाँ आईपुगे र त्यहाँ भइरहेको सम्पूर्ण कार्यको फोटो लिएर गई लखनउबाट प्रकाशित हुने पत्रिका "द पायोनियन"मा सो स्थान आफूले पत्ता लगाएको आशयको समाचार प्रचार-प्रसार गरेका थिए, जे होस् लुम्बिनीलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउन उहाँले योगदान गर्नुभएको मान्नु पर्दछ ।

पुरातात्विक महत्वको यस स्थानमा आई अरू उत्खनन् कार्य आवश्यक भएको महशुस गरी भारतीय पुरातत्वविद् पूर्णचन्द्र मुखर्जीको नेतृत्वमा सन् १८९८ मा एक उत्खनन् टोलीले उत्खनन् कार्य प्रारम्भ गरे । यस अवसरमा मायादेवीको मूर्तिको माथिल्लो भाग लगायत अन्य शीलाका टुक्राहरू तथा पवित्र पोखरी (शाक्य पुष्करिणी) फेला पारिएको थियो । उक्त उत्खनन्बाट प्राप्त भएको मूर्ति मायादेवीकै हुन भनेर ठोकुवा गर्ने ब्यक्ति डा. होई (Hoey) हुन् ।

लुम्बिनी पत्तालगाएको कैयौं वर्षपछिसम्म पनि यस स्थलको प्रचार-प्रसार एवं स्याहार संभार तर्फ कसैको ध्यान गएको देखिएन । सन् १९३३-३४ मा केशर शमशेरले आफ्नो नेतृत्वमा लुम्बिनीको उत्खनन् कार्य गरेका थिए । उक्त उत्खनन् कार्य वैज्ञानिक तरिकाबाट नभए तापनि केही पुरातात्विक वस्तुहरू, विहारको भग्नावशेष, स्तुपका भग्न अंश, माटाका भाँडाका टुक्राहरू, सिक्काहरू आदि महत्वपूर्ण वस्तुहरू प्राप्त भएका थिए । यस उत्खनन् कार्यको आधिकारीक रिपोर्ट प्रकाशित भएको पाइएको छैन । उत्खनन् कार्य पश्चात उहाँले सन् १९३९ मा मायादेवी मन्दिर र शाक्य पुष्करिणीको मरम्मत गरी ठूलो आकार दिएका थिए– त्यसपछि सन् १९६१-६२ मा श्रीमती देवला मित्रको नेतृत्वमा यस स्थलको उत्खनन् कार्य गरियो । उक्त समयमा पनि केही पुरातात्विक महत्वका वस्तुका अतिरिक्त स्तुप तथा विहारका चिन्ह फेला पारिए । सरकारी स्तरमा लुम्बिनीको उत्खनन् कार्य सन् १९७०-७१ देखि थालियो । श्री ५ को सरकार, पुरातत्व विभागका पुरातत्वविद श्री बाबु कृष्ण रिजालद्वारा गरिएको उत्खनन् कार्यबाट अशोक स्तम्भको माथिल्लो भागमा रहेको चुन ढुंगाबाट निर्मित घोडाको माथिल्लो



Downloaded from http://www.dhamma.digital

भाग (जुन हुयन-साँङ्गले आफ्नो लुम्बिनी यात्रा क्रममा भुइँमा परिरहेको देखेका थिए) भेट्टाउनुका अतिरिक्त विभिन्न कालका पुरातात्विक महत्वका अन्य बहुमूल्य वस्तुहरू पनि प्राप्त भएको थियो । सन् १९७५ देखि उत्खनन्बाट पुरातात्विक महत्वका वस्तुहरू संरक्षण गर्ने कार्य गरियो ।

लुम्बिनीमा विभिन्न समयमा गरिएको उत्खनन् कार्यबाट मौर्यकाल, सुंगकाल, कुषाणकाल, गुप्तकालका पुरातात्विक महत्वका वस्तुहरू प्राप्त भएबाट त्यसकालमा लुम्बिनीमा मानवबस्ती रहेको तथा विभिन्न तीर्थ यात्रीहरूले समय-समयमा यस पवित्र स्थलको तीर्थयात्रा गरेको प्रमाणित हुन आउँछ ।

सन् १९९० मा बुद्धको जन्मस्थलको थप प्रमाण भेट्टाउने उद्देश्यले बुद्ध जन्मेको दृश्य भएको मायादेवीको मूर्ति हटाई उत्खनन् कार्य गर्न श्री ५ को सरकारको सहमतिमा लुम्बिनी विकास कोष र जापानी बौद्ध महासंघ (ने.वि.एफ.) बीच सम्झौता भयो । उक्त सम्झौता अनुरूप लुम्बिनी विकास कोषको तर्फबाट दुई जना पुरातत्वविद् एवं जापानी बौद्ध महासंघको तर्फबाट दुईजना जापानी पुरातत्वविद् सहित चार जनाको संयुक्त टोली गठन गरी तीन चरणमा कार्य सम्पन्न गर्ने गरी सन् १९९२ उत्खनन् कार्य प्रारम्भ गरियो । यस उत्खनन् कार्यबाट विभिन्न कालका महत्वपूर्ण पुरातात्विक वस्तुहरू, विभिन्न रङ्गका ठूलाठूला ईटाका टुक्राहरू, भिन्दा भिन्दै खोपमा राखिएका २०×१०×५ से.मि. र १५×१२×७ से.मि. आकारका चुन ढुंगाका टुक्राका अतिरिक्त बुद्ध यहिं जन्मेको हो भनी चिनाउने ७०×४०×१० से.मि. को चेप्टो आकारको ढुंगा भेटिए । यी वस्तुहरूलाई विभिन्न देशका ख्यातिप्राप्त पुरातत्व विद्हरूलाई परिक्षण गराइयो । तत्पश्चात २०५२ माघ २० गते (४ फरवरी १९९६) पूर्णिमाको दिन तत्कालिन प्रधानमन्त्री श्री शेरबहादुर देउवाले बुद्ध जन्म स्थल शीला प्राप्त भएको सार्वजनिक घोषणा गर्नुभयो । यसले महत्वपूर्ण उपलब्धीका अतिरिक्त सन् १९९५ जुलाई २५ मा अर्को महत्वपूर्ण उपलब्धी हासिल भयो । त्यो हो राजकुमार सिद्धार्थ राजदरवारको आफ्नो सुत्ने खोपीमा राजकुमारी यशोधरासँग वस्नु भएको १६०० वर्ष पुरानो अति नै दुर्लभ ढंगको मूर्ति खण्डित अवस्थामा प्राप्त भएको थियो ।

× × ×

सन् १९५६ फरवरी (२०१३ वि.सं.) मा काठमाडौंमा सम्पन्न चतुर्थ विश्व बौद्ध सम्मेलनको अवसरमा स्व. श्री ५ महेन्द्रबाट लुम्बिनी विकासमा गहिरो अभिरूची लिइवक्स्यो र यहाँ सवारी भई भगवान बुद्धको दर्शन गरी पुजा-आजा गरिवक्स्यो साथै एउटा संगमरमरको स्तम्भ निर्माण गर्न लगाइवक्सीयो, जसलाई 'महेन्द्र स्तम्भ' भनि चिनिन्छ । यसका अतिरिक्त मौसूफबाट लुम्बिनी विकासको लागि सन् १९५८ मा रू. १ लाख प्रदान गरिबक्स्यो । सन् १९६७ मा संयुक्त राष्ट्र संघका तत्कालीन महासचिव स्व. उ थान्तले लुम्बिनीको भ्रमण गर्नुभयो र यहाँको अवस्थादेखि चिन्तित भई यसको चतुर्दिक विकासको लागि अन्तर्राष्ट्रिय स्तरबाट सहयोग जुताउनको लागि उहाँकै सकृयतामा संयुक्त राष्ट्र संघमा एउटा अन्तर्राष्ट्रिय स्तरको लुम्बिनी विकास समिति गठन भयो । यस समितिलाई आवश्यक सहयोग, सल्लाह पुऱ्याउन सन् १९७० फरवरी १६ तारिखका दिन विभिन्न देशका प्रतिनिधि समावेस भएको एउटा अन्तर्राष्ट्रिय समिति पनि गठन भयो । सन् १९८५ (वि.सं. २०४२) मा लुम्बिनी विकास समिति विघटन गरी श्री ५ ज्ञानेन्द्रको अध्यक्षतामा लुम्बिनी विकास कोष गठन गरियो, जुन हालसम्म कायम छ ।

सन् १९७२ मा लुम्बिनीको वृहत्तर विकासको लागि गुरुयोजना तयार गर्ने निर्णय भयो । गुरुयोजना तयार गर्ने अभिभारा विश्व प्रसिद्ध जापनी वास्तुकलाविद् प्रोकेन्जो टांगेलाई सुम्पियो । उहाँले सन् १९७८ मा गुरु योजना तयार गरी प्रस्तुत गर्नुभयो, जुन अन्तर्राष्ट्रिय समितिले सर्वसम्मतिले स्वीकृत पनि गर्‍यो ।

प्रो. टांगेद्वारा प्रस्तुत गरिएको गुरुयोजना अनुसार लुम्बिनी क्षेत्रलाई ३ भागमा विभाजित गरिएको छ । आवश्यक जग्गा अधिकरण पश्चात कूल क्षेत्रफल ११५० विगाहा (७७० हेक्टर), उत्तर-दक्षिण ३ माइल, पूर्व-पश्चिम १ माईल जग्गा मध्ये १-१ माइलको (१) पवित्र क्षेत्र (२) विहार क्षेत्र र (३) लुम्बिनी ग्राम गरी ३ क्षेत्रमा विभाजित गरियो ।

(१) **पवित्र क्षेत्र** : यस क्षेत्रमा मायादेवी मन्दीर, अशोक स्तम्भ, पवित्र शाक्य कुण्ड (यसलाई शाक्य


Downloaded from http://www.dhamma.digital

पुष्करिणी पनि भनिन्छ), उत्खनन्बाट प्राप्त पुरातात्विक भग्नावशेषहरू, प्राचिन लुम्बिनी ग्रामका अवशेषहरू, हाल भएको थेरवादी तथा महायानी बुद्ध मन्दीर आदि रहने छ । यी सबै वस्तुहरूलाई विचमा पार्ने गरी यसको चारैतिर गोलाकार रूपमा एउटा पानीको पोखरी निर्माण गरिनेछ ।

(२) **विहार क्षेत्र** : यस क्षेत्रमा एउटा केन्द्रिय नहर बनाइने छ । यस क्षेत्रलाई (क) विहार क्षेत्र (ख) सांस्कृतिक क्षेत्र गरी २ खण्डमा विभाजित गरिएको छ । विहार क्षेत्रमा नहरको पूर्व तर्फ १३ प्लट र पश्तिम तर्फ २८ प्लत गरी जग्गा ४१ प्लट छुट्याइएको छ उक्त प्लटमा विभिन्न देशका थेरवादी र महायानी परम्परा अनुसार आ-आफ्ना शैलीको विहार, गुम्बा, ध्यानकेन्द्र, चैत्य आदि निर्माण गरिनेछ । साँस्कृतिक क्षेत्रमा संग्रहालय, उ थान्त सभाभवन, अनुसन्धान मूलक, पुस्तकालय आदि बनाइनेछ ।

(३) **लुम्बिनी ग्राम** : यस नव लुम्बिनी ग्राममा पर्यटकहरूको सुविधाको लागि पर्यटक सूचना केन्द्र, हुलाक, बैंक, अस्पताल निर्माण गरिनेछ । साथै एउटा माध्यमिक स्तरको विद्यालय, ठूलो पानी टंकी, विद्युत, दूरसंचार कार्यालय, ठूला पसल (सपिङ्ग कम्पेक्स) होटल आदि भवनहरू पनि बनाइने छ ।

स्वच्छ वातावरण एवं हरियालीको लागि लुम्बिनी उद्यानको चारैतिर विभिन्न जातका करिव ६ लाख रुखहरू लगाइएको छ ।

लुम्बिनीको समुचित विकास होस भन्ने सदिच्छा लिईबक्सी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट यसको संरक्षकत्व ग्रहण गरीबक्सेको थियो । यस क्षेत्रको पवित्रतालाई ध्यानमा राखि अन्तर्राष्ट्रिय शान्ति वर्ष १९८६ को सुअवसरमा विहार क्षेत्रमा अखण्ड वत्ती (शान्ति दीप) निर्माण गरियो । लुम्बिनी विकास कोषका तत्कालीन अध्यक्ष श्री ५ ज्ञानेन्द्र सरकारबाट १ नोभेम्वर १९८६ मा दीप प्रज्ज्वलित गरी यसको उद्घाटन गरिबक्स्यो ।

क्रमश ...





नयेत नसां: पुनेत पुसां:
समा: यायेत छित: मा:
झ: झ: धा:गु तिसा:
तिसाया निंतिं ग्यारेण्टी दुगु
भिंगु लुं, वह: मा:सा
जिमिथाय् झासँ
मिइमा:सां
जिमिथाय् हे झासँ ।





**पुण्यरत्न शाक्यया**
**लुँ-वहः पसः**
थाय्मरु, यें ।
फोन पसः २२४३८६, २५८७००, छेँ: २३१९८९





**२५४३ औं बुद्ध पूर्णिमाको**
**उपलक्ष्यमा समस्त**
**ग्राहक वर्गमा हार्दिक**
**शुभ-कामना !**

**डि.एम. स्पोर्ट ट्रेडर्स**
असन, न्हैंकतला
फोन ल्या: २५०२३१

--

**SEE LAND TRADERS**
Suraj Kund Road
Meerut, India




Downloaded from http://www.dhamma.digital

*On the Auspicious Occasion of*

**2543rd VAISAKH PURNIMA**

*We Extend Our Hearty Felicitation*

*To all of you !*







# PALANCHOWK TRADERS

Maharajgunj, P.O. Box 10187, KATHMANDU, NEPAL
Tel. : 419920, 429035 (Res) 420405
Fax : 977-1-414939, 419920
Mobile : 977-1-428247
Tlx : 2522 BODWAY NP
e-mail : palanchowk@automap.wlink.np
automap@ccsl.com.np

Downloaded from http://www.dhamma.digital

May all sentient being attain
the highest state of Completeness
being on the foot steps of
Buddha
Happy Vaishakha Festival
2543





TOYOTA | MITSUBISHI | NISSAN | ISUZU

JAPANESE VEHICLES SPARE PARTS DEALER

# VISHWA MOTOR TRADERS

**(AUTOMOBILE SPARE PARTS DEALER)**

KHA 2-408, RAMSHAHPATH, KATHMANDU

**Phone No. 225625, 244173 • Fax: 221855**


Downloaded from http://www.dhamma.digital

# प्रज्ञा

✍ हिरण्य राज वज्राचार्य
ल.पु.भिंछेवाहाल

यो समस्त ब्रह्माण्डमै प्रज्ञा सबैभन्दा ठूलो र महत्त्वको छ। यो विना कुनै पनि भवसागर नै चल्दैन। यो प्रज्ञा अन्तरहृदयमा रहन्छ र अन्तर दृष्टिबाट मात्र देख्न सकिन्छ, बाह्य चक्षुबाट होइन। यो प्रज्ञा ज्ञान सबैमा हुने चीज होइन। यसको प्राप्ती ज्यादै कठिन छ। यो त बोधिसत्त्वहरू र बुद्धहरूले मात्र प्राप्त गर्न सक्ने चीज हो। बुद्ध धर्ममा यसको ठूलो महत्त्व छ। बुद्ध धर्ममा **प्रज्ञा, शील र समाधि** सबैभन्दा ठूलो छ र बुद्ध धर्म नै यसैमा निहित छ किनकि यी तीन भित्रै बुद्धका उपदेशको सार अभिव्यक्त हुने हुँदा यिनलाई मूल शिक्षाको संज्ञा दिइएको र यही मार्गद्वारा मानिसको राग, द्वेष, मोह अन्त हुनु र **मध्यम मार्ग**लाई यिनै तिनै भित्र बाँडिएको छ। प्रज्ञा पनि तीन छन्। श्रुतमयी, चिन्तामयी र भावनामयी प्रज्ञाको अनुष्ठान गर्नाले ज्ञान दर्शन मनोमय शरीरको निर्माण, दिब्य गोत्र, दिब्य चक्षुको ज्ञान हुन्छ। ज्ञानोत्पतिका लागि चित्त र शरीर शुद्धिको नितान्त आवश्यक छ भन्ने बुद्धमत छ। **प्रज्ञा, शील र समाधि** एक आपसमा परिपूरक र अन्योन्याश्रित छन्। त्यसैले बुद्धले शीलको आचरणद्वारा शरीर शुद्धिमा समाधिमा जोड दिए। गृहस्थका लागि पञ्चशीलका साथमा समाधिमा जोड दिइयो र भनियो जब चित्त कामाश्रव (भोग गर्ने इच्छा), भावाश्रव (जन्मको इच्छा), अविद्याश्रव (अज्ञान मल) बाट सदाका लागि मुक्त, हुन उपरोक्त तीन आश्रवक्षयका मार्ग पनि बुद्धले निर्देशित गर्नु भएको छ जुन निर्वाणमा पुग्नु आवश्यक छ। यसरी **मन, वचन र कर्म** यी तीन कुरा पनि सत्मार्ग र सत्कर्मको लागि अनिवार्य तत्व हुन्। गौतम बुद्धले यिनैको आधारमा ध्यानद्वारा सम्यक सम्वोधि लाभ गर्नु भएको थियो। सम्वोधि केवल धर्मको मात्र अधिपति हुने गर्दछ। धर्मनै बुद्धको वास्तविक स्वरूप हो वा वास्तविक बुद्ध हो। त्यसैले बुद्ध भनेको नै बुझ्ने र बुझाउने क्षमता भएको **प्रज्ञा ज्ञान** युक्त गुरु हो। सत्गुरु नभै **प्रज्ञा ज्ञान** प्राप्त गर्न सकिंदैन। अत:एव सत्मार्ग र सत्कर्म **मन, वचन र कर्म**बाट मात्र हुने यी तीन प्रज्ञा अन्तर्गत नै पर्ने हुँदा भगवान बुद्धले सत्मार्ग र सत्कर्मको लागि अष्टांगिक मार्गको पनि उपदेश दिनुभयो। जुन निम्न प्रकार छन् :-

१. सम्यक् दृष्टि (आर्य सत्यको ज्ञान) २. सम्यक संकल्प (दृढ निश्चय) ३. सम्यक् वचन (सत्य वचन) ४. सम्यक् कर्मान्त (न्यायपूर्वकको कर्म) ५. सम्यक् आजीव (न्यायपूर्वक जीविका) ६. सम्यक् ब्यायाम (मनमा नराम्रो विचार उठ्नै नदिने र उत्पन्न नभएको राम्रो विचार उत्पन गर्ने प्रयत्न) ७. समयक् स्मृति (सधैं सतर्क भैरहने र सचेत हुने ज्ञान लोभादि चित्तसंगबाट टाढा रहनु) ८. सम्यक् समाधि (चित्तको शुद्धता एवम् मन एकाग्रता)।

यी मध्ये पहिलेका तीन सम्यक् दृष्टि, सम्यक् संकल्प अष्टांगिक मार्गको **प्रज्ञास्कन्धमा** वांकी ६ शील र समाधि स्कन्धमा छन्।

दश पारमिता मध्ये प्रज्ञा पनि एक हो। दश पारमिता पूरा भएपछि बुद्ध बन्नुभन्दा दश जन्म अघि देखि बोधिसत्व भएर लगातार दश जन्महरूबाट दशबल प्राप्त गर्नुपर्छ। यसैले प्रज्ञा पनि दशपारमिता र दशबल मध्ये एक हो जुन बुद्ध पदमा पुग्न आवश्यक तत्व हो। दशपारमिताको एउटा श्लोक यस्तो छ :-

**"दान शीलं क्षमा वीर्य ध्यानं प्रज्ञा उपायता।**
**प्रणिधानं बलं ज्ञानं मैता पारमिता दश॥"**

अतएव बुद्धहरू पूर्ण **प्रज्ञावान** हुन्छन्। यसैको आधार लिई बुद्धहरूले सहीरूपमा मानिसहरूलाई "बहुजन हिताय बहुजन सुखायको लक्ष्यलिई लोक हितार्थ मार्ग दर्शन गर्ने गर्दछन्।

उपरोक्त कुराहरूबाट थाहा हुन्छ कि प्रज्ञा ज्ञान हुनु नै पूर्ण प्रज्ञावान हुनु हो। अष्ट सहस्रिका पारमितामा आएको 'षट् पारमिता' मा पनि प्रज्ञाको आशय **उच्चतम विवेक** अथवा पूर्ण सम्यक् ज्ञान हो। यसप्रकारको प्रज्ञारूप ज्ञान सबै विद्याको तथा पूर्णरूपको ज्ञान हो। यसलाई **सर्वाकारक्षता** पनि भनिन्छ।

आचार्य दिग्नाग भन्नुहुन्छ :-

**'प्रज्ञा पारमिता ज्ञान मद्वयं सा तथागत।**
**साध्या सादर्थ्य मार्गेन तात्छद ग्रन्थमार्गयो॥**
**प्रज्ञा पारमिताऽष्टाभि पदार्थ समुदारिता।**
**सर्वकारक्षता मार्गज्ञाता सर्वज्ञता ततः॥'**

यसैले प्रज्ञानै सर्वकारज्ञता, मार्गज्ञाता र सर्वज्ञता हो। यसैले वज्रयानमा प्रज्ञापारमितालाई शून्यताको रुपमा वर्णन गरी यसरी ब्यक्त गरीएको छ।



Downloaded from http://www.dhamma.digital

**"न शून्ये चरति नाशून्य चरति चरति प्रज्ञा पारमिताम्।**
**अथवा सवेधर्मापढिधतया प्रज्ञा पारमिता नुपलढिधता ॥**
**अथवा सर्वकार्य चिन्त्य तथा प्रज्ञा पारमिता चिन्त्यता।**
**दया दान दिक्कं पङ्कं समथ सवि दर्शण ॥**
**युगनश्च यो मार्ग उपत्य यइच कौशलम् ॥४७॥**
**ज्ञान पुण्यश्च मार्गश्च धारणो भूमयो दश ॥**
**प्रति पक्षश्च विज्ञेय संभार प्रति पत्क्रम ॥४८॥**

अष्ट साहस्रिका: प्रज्ञा पारमिता
अभिसमयालंकाण अ.पृ. ३१२

प्रज्ञा पारमितामा उल्लेख भए अनुसार 'प्रज्ञा पारमिता' बाट अभिमुखी भूमि पुग्न समर्थवान हुन्छ।

**प्रज्ञा चक्षुको उद्भवः**

सर्वकारज्ञता, सर्वज्ञता, मार्गज्ञता आदि विभिन्न ज्ञान समूहको आर्जन र परिपक्वताबाट **ज्ञान चक्षुको उद्भव** हुन्छ। सिद्धार्थ गौतम बुद्ध सम्यक् संबुद्ध हो किनकि यिनले आफ्नै बल र परिश्रमले सर्वकारज्ञता, सर्वज्ञता, मार्गाज्ञताका विभिन्न ज्ञान समूहको आर्जन र परिपक्वताबाट प्रज्ञाचक्षु उधार्न सक्षम भएका छन्। यी प्रज्ञा चक्षु कसरी उधार्न सक्षम भयो भन्ने कुरा अर्थात् दृष्टान्त सहित भिक्षुगणहरूको समूहमा निम्नानुसार सम्वोधन गरी व्यक्त गरेका छन् :-

**दुःख सत्यमा सत्य ज्ञानः**

यो आर्यहरूले जान्नु पर्ने "दुःख सत्य हो" भनी ममा अघि कहिल्यै सुन्न नपाइएको धर्ममा 'प्रज्ञाचक्षु उत्पन्न भयो। प्रज्ञा ज्ञान उत्पन्न भयो। प्रकार प्रकारले जान्ने प्रज्ञा उत्पन्न भयो। प्रतिवेध गरी प्रकट रुपले जान्ने विद्या उत्पन्न भयो। प्रज्ञाको आलोक उत्पन्न भयो। भिक्षुहरू हो !

**दुःख सत्यमा कृत्य ज्ञानः**

"त्यस आर्यहरूले जान्नु पर्ने दुःखमय धर्मलाई आधिकारिक रुपमा अलग अलग छुट्याएर जानिसकें भनी ममा अघि कहिल्यै सुन्न नपाइएको धर्ममा प्रज्ञाचक्षु उत्पन्न भयो।

प्रज्ञा ज्ञान उत्पन्न भयो। प्रकार प्रकारले जान्ने प्रज्ञा ज्ञान उत्पन्न भयो। प्रतिवेध गरी प्रकट रूपमा जान्ने विद्या उत्पन्न भयो। प्रज्ञाको आलोक उत्पन्न भयो। भिक्षुहरू हो।

**समुदय सत्यमा सत्यज्ञानः**

"यो आर्यहरूले जान्नु पर्ने दुःख उत्पत्ति कारण समुदय सत्य हो" भनी ममा अघि कहिल्यै सुन्न नपाइएको धर्ममा प्रज्ञाचक्षु उत्पन्न भयो। प्रज्ञा ज्ञान उत्पन्न भयो। प्रकार प्रकारले जान्ने प्राज्ञा उत्पन्न भयो। प्रतिवेध गरी प्रकट रुपमा जान्ने विद्या उत्पन्न भयो। प्रज्ञाको आलोक उत्पन्न भयो। भिक्षुहरू हो !

**समुदय सत्यमा कृत ज्ञानः**

त्यस आर्यहरूले जान्नु पर्ने दुःख उत्पतिको कारण समुदय सत्यलाई ग्रहण गर्नु पर्दछ" भनी ममा अघि सुन्न नपाएको धर्ममा प्रज्ञा चक्षु उत्पन्न भयो। प्रज्ञाज्ञान उत्पन्न भयो। प्रकार प्रकारले जान्ने प्रज्ञा ज्ञान उत्पन्न भयो। प्रतिवेध गरी प्रकट रूपमा जान्ने विद्या उत्पन्न भयो प्रज्ञाको आलोक उत्पन्न भयो। भिक्षुहरू हो।

**निरोध सत्यमा सत्य ज्ञानः**

"यो आर्यहरूले जान्नु पर्ने दुःख निरोध र शान्त हुने सत्य धर्म हो भनी ममा अघि कहिल्यै सुन्न नपाइएको धर्ममा प्रज्ञा चक्षु उत्पन्न भयो। प्रकार प्रकारले जान्ने प्रज्ञा उत्पन्न भयो। प्रतिवेध गरी प्रकट रुपमा जान्ने विद्या उत्पन्न भयो। प्रज्ञाको आलोक उत्पन्न भयो। भिक्षुहरू हो !

**निरोध सत्यमा कृत ज्ञानः**

यस आर्यहरूले जान्नु पर्ने दुःखनिरोध र शान्त हुने सत्य धर्मलाई साक्षात्कार गरिसकें भनी ममा अघि कहिल्यै सुन्न नपाइएको धर्ममा प्रज्ञा चक्षु उत्पन्न भयो। प्रज्ञा ज्ञान उत्पन्न भयो। प्रकार प्रकारले जान्ने प्रज्ञा विद्या उत्पन्न भयो। प्रज्ञाको आलोक उत्पन्न भयो। भिक्षुहरू हो !

**मार्ग सत्यमा सत्य ज्ञानः**

यो दुःख निरोध र शान्त हुनेतिर पुऱ्याउने आर्यहरूले जान्नुपर्ने सत्य आचरण मार्ग हो भनी ममा अघि कहिल्यै सुन्न नपाइएको धर्ममा प्रज्ञा चक्षु उत्पन्न भयो। प्रकार प्रकारले जान्ने प्रज्ञा उत्पन्न भयो। प्रतिवेध गरी प्रकट रूपले जान्ने विद्या उत्पन्न भयो। प्रज्ञाको आलोक उत्पन्न भयो। भिक्षुहरू हो !

**मार्ग सत्यमा कृत ज्ञानः**

यस दुःख निरोध र शान्त हुनेतिर पुऱ्याइने आर्यहरूले जान्नु पर्ने सत्य आचरण मार्गलाई आफ्नो सन्तानमा (आफूमा) उत्पन्न र वृद्धि गराउनु पर्दछ भनी ममा अघि कहिल्यै सुन्न नपाईएको धर्ममा प्रज्ञा चक्षु उत्पन्न भयो। प्रज्ञा ज्ञान उत्पन्न भयो। प्रकार प्रकारले जान्ने प्रज्ञा उत्पन्न भयो। प्रतिवेध गरी प्रकट रूपले


Downloaded from http://www.dhamma.digital

जान्ने विद्या उत्पन्न भयो । प्रज्ञाको आलोक उत्पन्न भयो । भिक्षुहरू हो । आदि (बुद्ध जीवनी भाग २ बाट उघृत ।

**धर्म जीवन र व्यवहारमा प्रज्ञाको स्थानः**

धर्मले मानिसलाई सही बाटोमा लाग्ने मार्ग दर्पण प्रदान गर्दछ र धर्ममा आस्था राखी कुकर्तब्यमा नलाग्ने पथ प्रदर्शन गर्दछ र कर्तब्यनिष्ठ हुने शिक्षा प्रदान गर्दछ । खानु, पिउनु, सुत्नु, मैथुन गर्नु आदि सबै प्राणीमा हुने, यी गुण मात्र हुने पशुसमान छन् । त्यसैले मनुष्यमा बुद्धि विवेक (प्रज्ञा) र धर्मनिष्ठ हुनुपर्दछ । यसबाट नै मनुष्य जीवन सार्थक हुन्छ । यी गुणहरू हासिल गर्नमा प्रज्ञा ज्ञानबाट ठूलो सहयोग पुऱ्याउँछ र ठीक सहीरूपमा मनुष्य जीवनलाई डोऱ्याउँदै छ । यसरी धर्मनिष्ठ भै सही बाटो अपनाई आफ्नो जीवन सात्विकरुपमा ब्यतित गर्नु नै सच्चा मनुष्य जीवन हो र समाजमा आफ्ना बन्धुबान्धव मित्रहरू र अन्य मनुष्यहरूसंग विनम्रता सच्चा व्यवहार गरी समाजमा भिज्न सक्नु नै ब्यवहार कुशलता मानिन्छ । उपरोक्त ढंगले जीवन बिताउन सक्ने धर्मनिष्ठ मनुष्य जीवन सफल जीवन हो । यसैको लागि प्रज्ञा ज्ञान नै महत्वपूर्ण र सहायक सिद्ध हुन्छ ।

उपरोक्त कुराहरूबाट ज्ञात हुन्छ कि बुद्धत्वदेखि लिएर मानव जीवनको पाइला पाईला पिच्छे यस **प्रज्ञा ज्ञान**को नितान्त आवश्यक छ । यी धर्म, जीवन र मानव व्यवहारमा कत्तिको महत्व रहेछ भन्ने कुरो किटेर भनिर हनु परेन । मानव जीवनको सार्थकताको निम्ति **प्राज्ञा ज्ञान**को नितान्त आवश्यक मात्र कहाँ हो र ! यो प्रज्ञा विना तथागत बोधिसत्वहरूको सार्थक जीवन र आदर्श समेत सफलीभूत हुन सक्तैन । अतएव यदि हामीले आफ्नो जीवन मानव समाजमा सार्थक र आदर्शयुक्त बनाउनु छ भन्ने हामीले यो **प्रज्ञा ज्ञान** सकेसम्म बढी हासिल गरी कर्तब्यनिष्ठ र निष्कपट स्वार्थहीन भै सकेसम्म आफ्नो र अर्काको हित र भलो (कल्याण) हुने काम कार्यमा लाग्नु सक्नु नै मानवधर्म हो ।

द्रष्टव्य : इतिहासमा प्रज्ञा र धर्मको विषयमा इसामसिह (Crist) भन्दा माथि राख्न योग्य पुरुष पनि छ - त्यो हो बुद्ध- वरहाण्ड रेसेल ।

■

BEST WISHES !

VINEX SPORTS GOODS

Authorised Dealer:—

Sports point

SPORTS & MUSICAL GOODS
Kantipath, Jyatha
KATHMANDU, NEPAL
Phone: 244820, 248856
Res.: 259870
Rash Man Tuladhar

शान्ति नायक गौतम बुद्धया
जन्म, सम्बोधि व परिनिर्वाण चूलागु
वैशाख पुन्हिया लसताय्
सकलया कल्याण कामना याना !

थ्व सकतांया तिसा ज्वलं तयारी न्याय्मा:सा
छगुया छगू जक छिगु पसः

R Jewellers

हिरा लुँ वहः
राजेन्द्र कुमार शाक्य
थाय्मदु, तःखाछें क्वय्
फोनः २५९०३३, २५९०२१ (पसः)
२३१९८९ (छें)
हिरा सुन चाँदी

DIAMOND GOLD SILVER



Downloaded from http://www.dhamma.digital



*Hearty Felicitation to*

# *Dharmakirti Buddhist Study Circle*

*On the*

*Auspicious Occasion of*

# *Vaisakh Festival*

*2543*

Dhamma.Digital

## Hotel Tilicho Pvt. Ltd.

Thamel, Keshar Mahal, Tridevi Marg
*Infront of Sanchaya Kosh Building*
P.O. BOX 2362, KATHMANDU, NEPAL
**Tel.: 410132, 416828**
Fax: 977-1-423521 attn Hotel Tilicho

Downloaded from http://www.dhamma.digital

# युवावर्ग र धर्म

✍ नरेन्द्रनाथ भट्टराई

### धर्म के हो ?

धर्मको बारेमा धेरैको सोचाई यस्तो छ, "युवावस्था धर्मतिर अलमलिने समय होइन यो समयमा पढ्ने, जागिर खाने, उद्योग उन्नति गर्ने, धन, पद प्रतिष्ठा कमाउने, मोज मज्जा गर्ने समय हो ! धर्म भनेकोत बुढेसकालमा जब मानिस अशक्त हुन्छ, तन मन र बुद्धिले पनि केही गर्न सक्तैन तथा रोग, शोक र मृत्युले घचघच्याई रहेको हुन्छ त्यस्तो बेलामा समय बिताउनको लागि बुढाबुढीले सहारा लिने कुरा मात्र हो । केटाकेटीको लागि दन्त्य कथा, युवावर्गको लागि उपन्यास जस्तै धर्मका कुरा पनि बुढाबुढीलाई भुलाउने मनगढन्ते कुरा मात्र हो" ! धर्मको वास्तविक अर्थ, वास्तविक मर्म र रहस्य नै नबुझी धर्म प्रति यस्तो विपरित धारणा उब्जनु मानव जगतकै लागि दुर्भाग्यपूर्ण कुरा हो । यस्तो धारणा मानिसमा उब्जनुको पछाडि पनि कारण छ । केही धूर्तहरूले शास्वतता र सनातनतालाई प्रकट नगरी धर्मलाई आफ्नो स्वार्थ सिद्ध गर्ने साधनको रूपमा मानिसलाई आश र त्राशमा पारी शोषण गर्न थालेको तथा मानिसलाई अन्धविश्वासी बनाएर अनि भगवान् र धर्मलाई पनि विषय वासना पूर्तिगर्ने साधन बनाएर आफ्नो स्वार्थ पूर्ति गरिरहेको देखेपछि धर्म प्रति यस्तो सोचाई आजका सचेत युवावर्गमा आउनु स्वाभाविकै हो ! वास्तवमा धर्म भन्ने कुरा युवाकालमा मात्र होइन केटाकेटी समयदेखि नै जान्ने, बुझ्ने र व्यवहारमा उतार्ने कुरा हो । अशक्त वृद्धावस्था भनेको त परालको अवस्थामा पुगेको धानको बोट जस्तै हो । धर्म भनेको मलजल हो । धानको विरुवामा सुरुमै पर्याप्त मलजल दिएमा मात्र धेरै धान फल्दछ । सुकिसकेको धानको बोटलाई जति मलजल गरे पनि धान फलाउन सकिंदैन । किनकि यस अवस्थामा त्यस बोट्मा धान फलाउने शक्ति नै क्षीण भैसकेको हुन्छ ।

### धर्म के हो, के होइन ?

त्यो धर्म, धर्म नै होइन जसले मानिसलाई निस्कृय बनाउँदछ । धर्मले त मानिसलाई सकृय तुल्याएर आफ्नो, समाजको र राष्ट्रको भौतिक र आध्यात्मिक विकास गर्न सिकाउँदछ । धर्मले मानिसलाई भाग्न होइन जाग्न सिकाउँदछ । अन्याय गर्न गराउन तथा अन्याय सहन सिकाउने धर्म होइन धर्मले त न्याय गर्न गराउन र अन्यायसंग लड्न सिकाउँदछ । बेईमान होइन, इमान्दार बनेर सार्थक जीवन जीउन सिकाउँदछ; आँखा चिम्लिएर हा हामा होइन आँखा खोलेर सजग भएर हिंड्न सिकाउँदछ; अन्धविश्वासको खाडलमा पुरिएर बस्न होइन आत्मविश्वासी बनेर असीम शक्ति प्रदान गराउँदछ; भ्रष्टाचारी बनेर रोई रोई न्वाई न्वाई होइन सदाचारी बनेर हाँसी हाँसी हँसाई हसाई बाँच्न सिकाउँदछ तथा कर्मको गाँठो (कर्मकाण्ड) बाट मुक्ति दिलाई सद्कर्ममा प्रेरित गराई कर्मयोगी बनाइदिन्छ । धर्मले अज्ञानरूपी अन्धकारबाट ज्ञानरूपी प्रकाशमा लगिदिन्छ; मृत्युको भयबाट मुक्त गराएर अमृतपान गराउँदछ; धर्मले हाम्रो विद्या र बुद्धिलाई सदुपयोग गर्न सिकाउँदछ र हामीलाई वासनाको शासनाबाट मुक्त गराउँदछ। शान्ति र सन्तोष नदिलाउने धर्म धर्म होइन । भेदभाव र सम्प्रदायमा आधारित धर्म धर्म होइन। जिउँदै स्वर्ग (आनन्द) भोगाउने धर्म नै सच्चा धर्म हो । जसले भोग र रोगबाट मुक्त गराएर आत्मा (आनन्द) सँग योग गराउँदछ त्यही सच्चा धर्म हुन्छ। धर्मले हामीलाई इन्द्रियको दाश होइन इन्द्रियको मालिक बनेर स्वर्गको राज्य गर्न सिकाउँदछ । धर्मले जोड्ने काम गर्दछ अधर्मले तोड्ने काम गर्छ । यस्तो शाश्वत धर्म सिक्न, बुझ्न, जान्न, पालन गर्न अशक्त वृद्धावस्था पर्खिरहनु उचित होलात ? के युवाहरू अशान्त र असन्तोष भएरै बस्ने ? के युवावर्गले आनन्दको, शान्तिको स्वाद नलिने ? के युवाहरू अज्ञान, अन्धकार अन्धविश्वास र असन्तोषमै बाँची रहने ? के युवावर्ग सदाचारी नबनेर भ्रष्टाचारी नै बन्ने ? न्याय गर्न र अन्यायसंग लड्न सक्ने नहुने ? अभय नबनी जीवनभर भयभीत भएरै बाँच्ने ? सकृय भएर आत्म विकास युवावर्गले नगर्ने ?

यस्तो अखण्ड र सर्वकल्याणकारी धर्म सबैले सधैं अपनाउनु पर्ने, जान्नु बुझ्नु पर्नेमा केही अधर्मीहरूले आफ्नो क्षुद्र स्वार्थ पूर्ति गर्नको लागि धर्मलाई मन्दिर र मस्जिदमा, चर्च र गुम्बामा लगेर थुनिदिएपछि, भाषा र भेष, चलन र विधिमा तथा मत र संप्रदायमा लगेर खण्ड खण्ड पारिदिएपछि यस्तो धर्म प्रति कसरी र किन आस्था र विश्वास जाग्ने ?

क्रमशः ...



Downloaded from http://www.dhamma.digital



शान्ति नायक गौतम बुद्धया
जन्म, सम्बोधि व महापरिनिर्वाण
चूलागु वैशाख पुन्हिया लसताय् सकलया
कल्याण कामना !

**विभिन्न प्रकार यागू मोटरया सामान माल धासा जिमित लुमंका दिसं ।**

# बीर सिंह अटो सेण्टर

कुलेश्वर, काठमाडौं ।
**फोन ल्या:** २७८८०१ (पसः), २७०७४९ (छैं)
**फ्याक्स :** ००९७७-१-२५२०२३, २४२०८४
००९७७-१-२४२०८४



*Best Wishes to*
*Dharmakirti Buddhist Study Circle*
*& All*
*on the auspicious occasion of the*
*2543rd Vaisakh Purnima*

**Last Frontiers Trekking (P) Ltd.**

P.O. Box 881, Lainchaur
KATHMANDU, NEPAL

Tel.: 416146
Fax: 977-1-431512
e-mail: mdsherpa@mos.com.np

Downloaded from http://www.dhamma.digital

# बुद्ध जयन्ती र आणविक परीक्षण-एक सन्दर्भ

✍ कृष्ण कुमार प्रजापति, नागदेश

शान्तिका महा-उन्नायक, महाकारूणिक तथागत बुद्धको जीवनीमा जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण जस्ता त्रीवेणी संगम भएको अति नै पवित्र दिन - बैशाख पूर्णिमाको दिनमा विश्वभरका तमाम विद्वतवर्ग एवं बुद्ध धर्मप्रति श्रद्धावान् महानुभावहरूले शान्तिको पदयात्रा गरी, शान्तिको कामना गरी विश्वभर शान्तिको सन्देश दिन ब्यस्त भै रहेकै दिनमा एकास्सी दक्षिण एशियाको दादाको रुपमा परिचित प्रभुत्ववादी भारतले शान्ति भंग गरी २५४२ औं बुद्ध जयन्तीको दिनमा राजस्थानको 'पोखरन' भन्ने स्थानमा ३ वटा शक्तिशाली आणविक बम पड्काई आफ्नो प्रभुत्ववादी शक्ति देखाएका थिए। हुन त योभन्दा पहिले पनि भारतले सन् १९७४ को बैशाख पूर्णिमाकै दिनमा प्रथम पल्ट आणविक परीक्षण गरी त्यहाँका कुशासकहरूले "बुद्ध हाँसी रहेका छन्" भन्ने कुतर्क अगाडी सारी शान्तिका महानायक तथागत बुद्धको शान्ति सन्देशलाई खिल्ली उडाई रहेका थिए भन्ने त्यसैबेलादेखि नै भारतीय प्रभुत्ववादी शासकहरूले शान्तिमय मानवतावादी बुद्ध धर्मलाई चुनौति दिइरहेका थिए र त्यसको सामना गर्नु परेको छ।

यसरी भारतले राजस्थानमा गरेको आणविक परीक्षणको दोश्रो सप्ताह पछि नै अर्को प्रतिक्रियावादी साना दादा पाकिस्तानले पनि बेलुचिस्तान प्रान्तमा ५ वटा शक्तिशाली बम पड्काई आणविक परीक्षणको नाममा दक्षिण एशियामा आफू पनि शक्तिशाली भएको दावि गरेका छन्। गत सन् १९९८ मे-११ बैशाख पूर्णिमाको दिनमा ३ वटा र मे-१३ का दिन २ वटा आणविक बम पड्काई शक्ति सम्पन्न राष्ट्रहरूले भारत विरुद्ध आर्थिक नाकावन्दीको घोषणा गरेका छन्। यस पटकको आणविक परीक्षण अति नै गोप्य तवरले योजना गरी एकास्सी पड्काउने कार्य गरेका थिए। भारत जस्ता खुल्ला राष्ट्रको यस्तो परीक्षण गर्ने कार्य अमेरीकी गुप्तचर संस्था- सि आई ए लाई थाहा नहुनु, थाहा पाउन नसक्ने गर्नुबाट पनि अति गोप्य र सुनियोजित चाल थियो भारतको यस दक्षिण एशियाली मुलुकमा प्रभुत्ववादी शक्ति सम्पन्न बन्नुमा।

शान्ति भंग गर्ने नियतले प्रभुत्ववादी भारतीय शासकहरूको मिलोमतोमा त्यहाँका ६६ बर्षीय मुसलमान बैज्ञानिक, जो कहिल्यै पनि कपाल नकोर्ने बैज्ञानिकको रूपमा परिचित डा.ए.पि.जे अब्दुल कलामले परीक्षण गरेको पहिलो दिनको आणविक बमहरू एउटा १ किलोटनको दोश्रो १२ किलोटन र अर्को ५५ किलोटन भएको रहेछ। मे-११, बुद्ध पूर्णिमाको दिनको ठिक ३:४५ बजे एकैचोटी तीन वटा उक्त तौलका बमहरू पड्कँदा त्यो क्षेत्रमा ४.७ रेक्टर स्केलको भुईचालो गएको थियो भने त्यसको असर परी ५ कि.मि.को आसपासका गाउँहरूमा समेत घरहरू चर्केका छन्। यदि ती बमहरू घना आवादी भएका शहर बस्तीमा परेको भए कम्तीमा पनि ५ लाख मानिसहरूको ज्यान स्वाहा पार्ने थियो। संसारमा सर्वप्रथम सन् १९४५ को अगष्ट ६ का दिन जापानको हिरोशिमामा अणुबम खसालेका थिए, त्यसको तौल २० किलोटन पनि छैन भनिन्छ। तर यसपाली भारतले परीक्षण गरेको ५ वटा मध्ये सबभन्दा ठूलो ५५ किलोटनको आणविक बम थियो। हिरोशिमामा खसालेको अणुवमले ६६,००० मानिसको ज्यान लिएका थिए भने त्यस क्षेत्रका ६७% प्रतिशत घरहरू ध्वस्त भएका थिए। त्यस्तै गरी जापानकै नागासाकीमा सोही वर्षको अगष्ट ९ का दिन भएको नरसंहारकारी बमले ३९,००० मानिसका ज्यान गएका थिए भने ४०% प्रतिशत घरहरू ध्वस्त भएका थिए।

संसारमा सबभन्दा पहिलो पल्ट साम्राज्यवादी अमेरीकाले न्यू मेक्सिको स्थितको अल्विकर्क नाम गरेको मरुभूमिमा आणविक परीक्षण गरेका थिए भने त्यहाँदेखि अहिलेसम्म अर्थात् सन् १९४५ जुलाई-१६ देखि हालसम्म विभिन्न मुलुकहरूले आणविक शस्त्रास्त्रको होडबाजी गरी शक्ति सम्पन्नता प्रदर्शन गरेका थिए। त्यसमध्ये अमेरिकाले १,०३२ पल्ट, रूसले ७१५ पटक, फ्रान्सले २१० पल्ट, ब्रिटेनले ४५ पल्ट र चीनले ४४ पटक आणविक परीक्षण गरी सकेका छन्। परमाणु अप्रसार सन्धी २ .आणविक परीक्षण प्रतिबन्ध सन्धी (Comprehensive Test Ban Treaty– CTBT) जस्ता सन्धीहरूमा विभिन्न राष्ट्रहरूले विभिन्न समयमा



Downloaded from http://www.dhamma.digital

हस्ताक्षर गरी सहमति जनाए तापनि पूर्णतया व्यवहारमा परिपालन हुन सकेन । तर भारतले आजसम्म उक्त सन्धिहरूमा हस्ताक्षर गरेका छैनन् । माथि उल्लेखित राष्ट्रहरूले संकलन गरेको आणविक शक्तिहरू एकैचोटी पड्काएमा पृथ्वी जस्ता २० वटा ग्रहहरू एकै सेकेण्डमा स्वाहा गर्नेछ, गर्न सक्ने छ । प्रभुत्ववादी भारतका शासकहरूले आणविक परीक्षण गरी शक्ति प्रदर्शन गर्नु भनेको दुई दुई पटक बाहिरी आक्रमणको तारो भईसकेको र एकपल्ट चीनसित पराजित हुनु परेकोले भारतले आफ्नो सुरक्षाको लागि नै आणविक परीक्षण गर्नु परेको कुतर्क गरेका छन् । जुन भारतीय सँस्कृति र सभ्यता विपरितको तर्कहरू हुन् । भारतीय सँस्कृति र सभ्यतामा बौद्ध साहित्य र सँस्कृतिलाई अलग्याएमा एकाँकी र अधुरो हुनेछ । भगवान् बुद्धको जन्मथलो वर्तमान नेपाल भएतापनि वहाँको (तथागतको) कर्म र धर्मप्रचार थलो त बर्तमान भारत नै हो । अत: भारतको मुख्य मुख्य प्राचीन स्थलहरू बुद्धधर्म र बौद्ध सँस्कृतिसित ओतप्रोत भएका थिए । त्यसबेलाको सभ्यता र सँस्कृति भनेको बौद्ध सभ्यता र सँस्कृति नै थिए । बुद्धकालीन इतिहास प्रसिद्ध १६ वहुजनपदहरू प्राय: गरेर वर्तमान भारतभित्र नै पर्दथ्यो । ती जनपदहरूमा विकसित भएको सभ्यता र सँस्कृति भनेको बौद्धसँस्कृति र सभ्यता नै थियो ।

सम्राट बिम्बिसार, कोशलनरेश प्रसेनजित, अजातशत्रु नरेश र धर्म सम्राट अशोक जस्ता ऐतिहासिक विभूतिहरूले आ-आफ्नो राज्य भोगकालमा बुद्ध वचन र उपदेशलाई पालन गरी त्यसबेला आ-आफ्नो राज्यको उन्नति र प्रगति गरेका थिए । सभ्यता र सँस्कृतिलाई चरमचुलीमा पुऱ्याएका थिए । त्यस्ता विभूतिहरूको राज्य थलोमा बुद्धका वचनामृतानुसार आजकल शासन सत्ता चलाई विश्व समुदायमा नमूना भै प्रस्तुत हुनु पर्नेमा अन्तर्राष्ट्रिय शस्त्रास्त्रहरूको होडबाजीमा लागी दक्षिण एशियामा प्रभुत्ववादी भारतको रूपमा दर्जिन भारतका प्रभुत्ववादी शासकहरू लागी परेका छन् । भारतलाई कर्मथलो बनाउनु भएका शान्ति भगवान् बुद्धकै जन्मजयन्तीकै दिनमा शान्ति भंग गर्ने गरी भारतीय शासकहरूले आफ्नो प्रभुत्ववादी नङ्ग्रा देखाई आफ्नो आणविक शक्ति प्रदर्शन गरी पड्काई परीक्षण गरेका थिए ।

वास्तवमा शस्त्रास्त्रले शान्ति कायम गर्न र हुन सक्दैन भन्ने कुरो बुद्धकालीन कोशल नरेश प्रसेनजित आफ्नो राज्यमा कोलाहल मच्चाउने कुख्यात डाकु अंगुलिमालको परिघटनाबाट ज्ञानार्जन गर्नुपर्ने थियो भारतीय सत्तासिन पक्षले । तर त्यस्ता डाकुलाई शान्तपूर्ण वातावरणबाट तह लगाई उसको खुखारी स्वभाव र नङग्रा झारेको बौद्धकालीन परीघटना साक्षी छ । त्यस्ता ऐतिहासिक विगतबाट पाठसिकी शान्ति अमन चयन कायम गरी विश्व समुदायमा नमूनाको मुलुक बन्न र हुन प्रेरित हुनुपर्ने हो, थियो । तर भारत र पाकिस्तानले आणविक शस्त्रास्त्रको होडबाजीमैं व्यस्तता देखाए, बहादुरी देखें, शक्ति सम्पन्नता सम्झिए । हिंसाले हिंसा शान्त हुन्दैन, प्रतिहिंसा उब्जीन्छ । त्यसैले आज भन्दा २६२२ वर्ष अगावैको बैशाख पूर्णिमाका दिनमा पावन लुम्बिनीमा जन्मनु भएका सिद्धार्थ गौतमले बोधिज्ञान प्राप्त भएपछि त्यसबेला एक प्रसिद्ध जनपद श्रावस्तीको जेतवनाराममा काली यक्षिणीलाई दिनु भएको अर्ति उपदेश अतिनै सान्दर्भिक र समयसापेक्ष छ आज पनि, जुन धर्मोपदेश युक्त गाथा निम्नानुसार छ :-

**नहिं वेरेन वेरानि – सम्मन्ती' ध कुदाचनं ।**
**अवेरेन च सम्मन्ति- एस धम्मो सनन्तनो ॥५॥**

अर्थ, वैरभावले वैर कहिल्यै पनि शान्त हुन्दैन मित्रभाव (अवैरभाव) ले मात्र वैर शान्त हुन्छ, यहीं नै सनातनदेखि चलिआएको धर्म हो । वैरभावलाई शान्त नगरीकन कुनै पनि कुरो टुङ्गिन्दैन । जतिसुकै ठूलठूला लडाई या युद्ध होस्, ठूला साना झैझगडा होस्, अन्तिममा एकपक्ष वा दुवै पक्षले एक अर्का बीच वैरभाव त्यागेपछि, छोडेपछि या सन्धी सम्झौता गरेपछि मात्र लडाई युद्ध र झैझगडा जस्ता मनमुताव सिथिल भै शान्तिमा रुपान्तरण हुन्छ । शान्तिमा परिणत हुन्छ । त्यस्ता किसिमको झैझगडा लडाई, युद्धहरू अन्तिममा सन्धी सम्झौता गरी टुङ्गिन्छ । अनि मात्र शान्ति देबीले आफ्नो स्थान ग्रहण गर्दछिन् । वैरले अन्तिममा हिंसा सम्म लैजान्छ भने अवैरले शान्तिमय अमृतपदमा पुऱ्याउँछ । शत्रुता भावले मानिसलाई बिनासतिर लैजान्छ भने मित्रता भाव र करूणा भावले शान्तिको स्थितिलाई मजबुत तुल्याउँछ ।

क्षेत्रीय प्रभुत्ववादी, हैकमवादी भारत र पाकिस्तानले ऐतिहासिक युगपुरुष धर्म-सम्राट अशोकले


Downloaded from http://www.dhamma.digital

जस्तै चिन्तनमा आमूल परिवर्तन गरी दक्षिण एशियाली मुलुकमा र समस्त विश्वमा शान्ति अमन चयन कायम गर्न लागी पर्नु पर्ने हो, थियो । त्यस्तै गरी धम्मपदको गाथा नं. १०३ मा भगवान् बुद्धले धर्मोपदेश गरेको मर्मस्पर्शी गाथा आज पनि त्यतिकै मनन योग्य छ, जुन यस प्रकार छः-

**यो सहस्सं सहस्सने- सङ्गामे मानुसे जिने ।**
**एकञ्चजेय्य अत्तानं- स'वे सङ्गामजुत्तमो ॥४॥१०३॥**

अर्थ, लडाई या युद्धको मैदानमा हजारौं हजार शैन्यहरूमाथी विजय प्राप्त गरेकोलाई भन्दा आफ्नो मनलाई जित्न सक्नेलाई संग्रामजित भनिन्छ । वास्तवमा विजय हासिल गर्नुपर्ने शरीरमाथि भन्दा पनि आफूमा विद्यमान कलुषित मन र कुनियतमाथि विजय प्राप्त गर्नुमा कल्याणकर छ भनी बुद्धोवाद अति नै प्रशंसनीय छ, समसामयिक छ । तर त्यस्ता मननयोग्य, चिन्तनयोग्य गाथालाई परिपालन गर्नु त कता हो कता आणविक शस्त्रास्त्रको होडवाजीमा लागि युद्ध क्षेत्रको मैदानमा लाखौं जवान शैनिकहरूलाई कत्लेआम गर्नमा नै लालायित र ब्यस्त भएका छन् । कुरुक्षेत्रको युद्ध मैदानदेखि हालसम्म कयौं पल्ट यस संसारमा युद्ध भएका छन्, लडाई भएको थियो, तर कहिल्यै पनि आजसम्म स्थायी शान्ति भएको छैन । युद्ध या लडाईको मैदानबाट कसैले पनि ज्ञानार्जन गरी अब आईन्दा लडाई गर्ने छैन, युद्ध गर्ने छैन भनी शिक्षा लिएको देखा परेनन् । मात्र कलिङ्गको युद्ध मैदानबाट हात हतियार शस्त्रअस्त्र परित्याग गरी निशस्त्रीकरण अभियानको शुत्रपात गर्ने धर्म सम्राट अशोकले हात हतियार र शस्त्रअस्त्रको विजयभन्दा आफूले आफूलाई विजयी तुल्याउन सक्नुमा महान देख्नु भै वहाँले साँचो अर्थमा आफूलाई संग्रामजित तुल्याउन सफल हुनु भएको अद्वितीय उदाहरण भारत र पाकिस्तानका प्रभुत्ववादी शासकहरूले पनि अनुशरण र अनुकरण गर्नु पर्ने हो, थियो ।

सम्राट अशोकले आफ्नो जीवनमा चण्डाशोकदेखि धर्माशोकमा रूपान्तरण गरेको भएको इतिहास भारतमा विद्यमान छ, थियो । धर्मसम्राट अशोकले कलिङ्गको युद्ध मैदानमा शस्त्रअस्त्र परित्याग गरी बुद्ध धर्मानुकुल शासन सत्ता चलाई आफूलाई विजयी तुल्याएको, भएको दिन भनेकै महान विजया दशमीको दिन हो । बौद्धजगतले पनि विजया दशमीलाई अर्थपूर्ण ढंगले "शस्त्र परित्याग दिवस" को रूपमा मनाउँथ्यो भने अन्य धर्मावलम्बीहरूले पशुबली दिई मार हानी असत्यमाथी सत्यको विजय भनी बडादशैलाई चाडको रूपमा मानिन्थ्यो । फरक त्यतिकै छ जति अहिलेका प्रभुत्वावादी भारतीय शासकहरू र पाकिस्तानले तत्कालीन बौद्ध सभ्यता र सँस्कृतिलाई अनुशरण गर्नुको सट्टा शस्त्रास्त्रको होडबाजी गरे जस्तै । मननयोग्य ब्यक्ति नै मनुष्य हो, मनुष्य बनौं, मान्छे बनौं ! विश्वमा शान्तिलाई स्थायि बास स्थान देऔं ! भविष्य हाम्रो हातमा छ । ■

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. २९५

**अनगारिका कमला**
पद्मकीर्ति विहार, कमल पोखरी, काठमाडौं ।
रु. १,००५/-

क्र.सं. २९६

**श्री भरतराज चित्रकार**
शाही औषधि लिमिटेड
रु. १,१११/-

Best Wishes
to all our Customers
&
Well Wishers
on
**Happy Vesak Full Moon Day.**
**New 2543 B.E.**

Him Tours (P) Ltd.
P. O. Box 6812
Jyatha, Kanti Path, Kathmandu, Nepal
Tel. : 249350, 248821, 249137 (Off)
Fax : 00977-1-249451
For Perfect Travel & Tour Arrangement



Downloaded from http://www.dhamma.digital

२५४३ औं बुद्ध सम्वतको उपलक्ष्यमा

एवं

नयाँ वर्ष २०५६ को उपलक्ष्यमा हार्दिक

मंगलमय शुभ-कामना !

★ चिराग फोम इण्डष्ट्रिज प्रा. लि.
★ श्रीराम रबर इण्डष्ट्रिज
★ अन्नपूर्ण पेण्ट बोटल्स् प्रा. लि.
★ मुक्तेश्वर (पि.भि.सी.) पाइप इण्डष्ट्रिज प्रा. लि.

पुतली सडक, पो.ब. ११४९१
काठमाडौं, नेपाल ।
फोन: ४३०७७३, ४२६८५४
फ्याक्स: ९७७-१-४३०९४५
फ्याक्ट्री: बि.आई.डी., बालाजु ।
फोन: ३५०३८४, ३५०९०६, ३१२१९७



Hearty Felicitation to

Dharmakirti Buddhist Study Circle

On the Auspicious of

Vaisakh Festival

2543

H • O • T • E • L

Lumbini Garden

NEW CRYSTAL PVT. LTD.

Buddha Nagar, Mahilwar,
LUMBINI, NEPAL
Tel.: (071-80145)

*Mailing/Reservations:*
Chha - 1-99, Jyatha Tole
P.O. Box 1253, KATHMANDU, NEPAL
Tel: (01) 228561, 228011
Fax: 977-1-228028
E-mail: ajsthapit@mos.com.np


Downloaded from http://www.dhamma.digital

# बौद्ध वाङ्मयमा पोखरा

✍ **विश्व शाक्य**

बि.सं. १९९८ सालमा पोखरामा पहिलो थेरवादी बुद्ध विहार स्थापना भएता पनि बौद्ध वाङ्मयमा पुस्तकाकारको रूपमा पहिलो प्रकाशन वि.सं. २०२९ सालमा मात्र हुन सकेको छ । पोखरामा भएको पहिलो ऐतिहासिक महापरित्राणको अवसरमा महापरित्राण आयोजना समितिकै तर्फबाट भिक्षु सुदर्शनबाट लिखित 'बुद्ध र बौद्ध-सँस्कृति' नामक लेख संग्रह प्रकाशित भएको पाइन्छ । महापरित्राण आयोजक समिति, बुद्ध विहार, पोखराबाट प्रकाशित यो पुस्तक सम्भवत पोखरामा प्रकाशित बौद्ध वाङ्मयको प्रथम ऐतिहासिक पुस्तक हो ! यस पुस्तकमा भिक्षु सुदर्शनद्वारा लिखित ६ वटा निवन्ध सङ्ग्रहित छन् ।

जम्मा ५०/– (पचास पैसा) मूल्य राखिएको यो पुस्तकको मुद्रण शाक्य प्रेस ओमबहाल टोल (काठमाडौं) मा गरिएको छ । पं. ऋषिकेशव पराजुलीको भूमिका सहितको कूल ७७ पृष्ठको पुस्तकको मूल्य जम्मा ५०/– पैसा देखिंदा सत्ययुग जस्तै लाग्ने देखिन्छ । बुद्ध विहार स्थापनाको ३२ वर्ष पछि ऐतिहासिक महापरित्राणका साथै ऐतिहासिक रूपमै बौद्ध वाङ्मयमा बुद्ध विहारले पुस्तक प्रकाशनको पहिलो इतिहास स्थापित गरेको देखिन्छ ।

बि.सं. २०२९ सालमा भएको बुद्ध र बौद्ध सँस्कृतिको प्रकाशन पछि लामो समयको फड्को मारेर बि.सं. २०४४ सालमा दोस्रो महापरित्राण तथा बौद्ध सम्मेलनको उपलक्षमा धर्मशीला बुद्ध विहार, पोखराबाट 'महापरित्राण तथा बौद्ध सम्मेलन स्मारिका' प्रकाशित भएको देखिन्छ । यसको लगत्तै बि.सं. २०४६ सालमा दायक हिरालाल शाक्यको आर्थिक सौजन्यतामा सरुभक्त द्वारा लिखित 'एस धम्मो सनंतनो' नाटक धर्मशीला बुद्ध विहारबाट प्रकाशित भएको यसै साल तिलकमान गुभाजूबाट लिखित 'अनगारिका धर्मशीला र उहाँका कार्यहरू' जीवनी पुस्तिका पनि धर्मशीला बुद्ध विहारले प्रकाशित गरेको छ । यस पुस्तकमा अनगारिका धर्मशीला गुरुमाँको जीवन वृतान्त संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । प्रकाशकीय सहित पुस्तक ५७ पृष्ठको छ । मूल्य छैन । दोस्रो महापरित्राणको बेला मन्चित 'एस धम्मो सनंतनो' नाटक प्रकाशकीय र भूमिका सहित कूल ८४ पृष्ठको छ । मुद्रण हिसी प्रेस, जमल काठमाडौंबाट भएको छ । यसको पनि मूल्य छैन । यसै दशकको बि.सं. २०४३ सालमा आनन्दकुटी विहार गुठी, काठमाडौंको प्रकाशनमा घाचोक निवासी छविलाल पौडेलद्वारा लिखित भिक्षु सुभद्र बारे लेखिएको १६ पृष्ठको पुस्तिका 'एक (ब्राम्हण) भिक्षुको जीवनी' पनि प्रकाशित भएको छ । जसको मूल्य रू. २/– राखिएको छ । बि.सं. २०४६ सालको नव वर्षको अवसर पारी पञ्चमूल सिरुबारी स्याङ्जाका हिरामान गुरुङ्गले पोखरा शंकर प्रेस, पृथ्वीचोकबाट कूल ३२ पृष्ठको 'शील र धर्म' नामक पुस्तिका प्रकाशित गर्नु भएको छ । यसमा 'दुई शब्द' श्रद्धेय भिक्षु अमृतानन्द महास्थवीरज्यूले र शुभेच्छा भिक्षु श्रद्धानन्दले लेख्नु भएको छ । यसै गरी बि.सं. २०४७ साल बैशाखमा धर्मशीला बुद्ध विहार पोखराको तर्फबाट बुद्ध विहारकै प्रकाशनमा संविधान सुधार आयोगलाई दिइएको सुझावहरूको आधारमा तिलकमान गुभाजूले तयार गर्नु भएको कूल १७ पृष्ठको पुस्तिका "राष्ट्र, राष्ट्रियता र स्वतन्त्रताको सन्दर्भमा हिन्दू अधिराज्य" नामबाट प्रकाशित भएको छ ।

यसपछि संस्थागत हिसावमा ज्ञानमाला संघ धर्मशीला बुद्ध बिहारबाट बि.सं. २०५२ सालमा 'ज्ञानमाला भजन सङ्ग्रह' प्रकाशित भएको छ भने धर्मशीला गुरुमाँको नवौं पुण्यतिथिको अवसरमा गुरुमाँको गुणनुस्मरण गर्दै भिक्षु सुभद्र र अनगारिका कर्मशीला (धर्मशीला बुद्ध विहार) ले विश्व शाक्यद्वारा लिखित समसामयिक बौद्ध गतिविधिहरूको सङ्ग्रह 'समय-चिन्तन' बि.सं. २०५१ सालमा प्रकाशित गर्नु भएको छ । ज्ञानमाला भजन सङ्ग्रहमा नेपाल भाषा र नेपाली भाषाका गरी जम्मा ६७ वटा भजनहरू सङ्ग्रहीत गरिएको छ । सुदिप अफसेट प्रेस पोखरामा मुद्रण भएको यस पुस्तकको मूल्य राखिएको छैन ।

समसामयिक बौद्ध गतिविधीहरूको परिवेशमा विश्व शाक्यद्वारा लिखित १६ वटा लेखहरूको सङ्गालो 'समय-चिन्तन' पुस्तक हो । आवरण बाहेक कूल १२९ पृष्ठ रहेको यो पुस्तकको मुद्रण पोखरा सेन्टर प्रेसबाट मुद्रण गरिएको छ । मूल्य रू. १०/- राखिएको छ ।

पोखराको बौद्ध वाङ्मयमा 'वि.सं. २०४९ सालमा भएको 'विपश्यना साधना र आत्म दर्शन' पुस्तक प्रकाशनले एउटा नयाँ आयाम थपेको छ । बौद्ध साधना विधी (विपश्यना साधना) बारेको यो पुस्तक विपश्यना आचार्य सत्यनारायण गोयन्काज्यूले दश दिवशीय साधना शिविरमा दिनुभएको धर्म प्रवचनको सार संक्षेप हो । 'आत्म-दर्शन' हिन्दीबाट विश्व शाक्यले



Downloaded from http://www.dhamma.digital

नेपालीमा अनुवाद गर्नु भएको छ। कूल २०४ पृष्ठको यो अनुवाद पुस्तक नेपाल प्रेस, काठमाडौंमा मुद्रण गरिएको छ भने श्रद्धेय भिक्षु सुभद्र (माछापुच्छ्रे बुद्ध विहार) प्रकाशक रहनु भएको छ। पुस्तकको मूल्य २५/- रूपयाँ राखिएको छ।

पोखराको बौद्ध वाङ्मयमा संस्थागत हिसावले प्रकाशित पुस्तकहरूमा बि.सं. २०५३ सालमा दायक सभा, धर्मशीला बुद्ध विहारबाट प्रकाशित 'भगवान् बुद्ध र उहाँको धर्म' पुस्तकलाई गहकिलो प्रयास मान्नु पर्दछ। पोखराको मात्र होइन नेपालकै बौद्ध वाङ्मयमा यस प्रकाशनले ठूलो प्रतिष्ठा थपेको छ। भारतका प्रसिद्ध बौद्ध विद्वान डा. भीमराव रामजी आंवेडकरद्वारा लिखित यो पुस्तकको नेपाली अनुवाद ललितरत्न शाक्यले गर्नु भएको छ। कूल ४७८ पृष्ठ रहेको यस पुस्तकको मूल्य २५०/- रूपयाँ राखिएको छ। मुद्रक कोशी प्रिण्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं रहेको छ।

संस्थागत रुपमा भएका प्रकाशनहरूलाई उल्लेख गर्दा मैत्रीसंघ, पोखराबाट भएका प्रकाशनबारे पनि उल्लेख गरिनु उचित ठहरिन्छ। बि.सं.२०५३ सालमा स्थापित मैत्रीसंघ, पोखराले आफ्ना विविध उद्देश्यहरूमा बौद्ध शिक्षामा आधारित पुस्तकहरू आफ्नो क्षमता अनुसार प्रकाशित गर्दै जाने लक्ष राखिएको पाइन्छ। तदनुसार मैत्री प्रकाशन माला अन्तर्गत आफ्नो पहिलो प्रकाशन विश्व शाक्यद्वारा लिखित समसामयीक बौद्ध शिक्षामा आधारित जीवन कथाहरूको सङगालो 'सन्दर्भ -प्रसङ्ग' बि.सं. २०५४ मा प्रकाशित गरेको छ। यस सङ्ग्रहमा भिक्षु सुदर्शको भूमिका सहित १८ वटा लेख निवन्धहरू सङ्ग्रहित छन्। पकेटबुक आकारमा निकालिएको 'सन्दर्भ-प्रसङ्ग' कूल १२४ पृष्ठको छ। मूल्य २०/- रुपयाँ राखिएको छ। सि एम अफसेट, पोखरामा मुद्रण गरिएको छ।

यसैगरी मैत्री प्रकाशन मालाको दोस्रो प्रकाशन अन्तर्गत श्रीलंकाका भिक्षु सद्धातिस्सद्वारा लिखित ललितरत्न शाक्यद्वारा अनुदित 'बुद्ध-जीवन र दर्शन' पुस्तक बि.सं. २०५५ सालमा प्रकाशित भएको छ। सरल भाषामा साधारण पाठकहरूले पनि पढन र बुझ्नसकिने गरी लेखिएको यो पुस्तक नेपाली पाठकहरूको लागि पनि पठनीय रहेको देखिन्छ। पाकेट बुक साइजमा प्रकाशित यो पुस्तक कूल १०८ पृष्ठको रहेको छ भने मूल्य २५/- रुपयाँ राखिएको छ। मुद्रक सि एम अफसेट, पोखरा रहेको छ।

संस्थागत हिसावमा बाहेक पोखरामा आफ्ना माता पिता र दाजुभाइको स्मृतिमा पुण्यानुमोदनको कामना राखी केही पुस्तक प्रकाशित भएका छन्। बि.सं. २०३६ सालमा स्व. आमा सन्तलक्ष्मी बुद्धाचार्यको स्मृतिमा बुद्धाचार्य परिवार मोहरिया टोल पोखराबाट आचार्य भिक्षु अमृतानन्दबाट अनुदित मातृपोषक भिक्षुको कथा 'सुतनु जातक' प्रकाशित भएको छ भने तिनै बुद्धाचार्य परिवारको दान दातब्यमा आफ्ना स्व. पिता दिल्लीमान बुद्धाचार्यको स्मृतिमा बि.सं. २०४१ सालमा आचार्य भिक्षु अमृतानन्दबाट लिखित 'बोधिराजकुमार' आनन्दकुटी विहार गुठीबाट प्रकाशित भएको छ।

अनुवाद प्रकाशनको सिलसिलामा स्व. शान्त रत्न शाक्यको पुण्यस्मृतिमा उनका भाइ विश्वरत्न शाक्यले आफ्नै अनुवाद र प्रकाशनमा बि.सं.२०५१ सालमा प्रकाशित भारतीय लेखक भरतसिंह उपाध्याय द्वारा लिखित 'बुद्ध र बौद्ध साधक' उल्यख्य हुन आउँछ। बुद्धको स्वभाव र धर्म गुणदेखि ८ जना साधकहरूको जीवन चरित्र प्रस्तुत गरिएको यस पुस्तकले साधना पक्षलाई विशेष जोड दिइएको पाइन्छ। कूल १०६ पृष्ठको यो पुस्तकको मूल्य १०/- रुपयाँ राखिएको छ। सुदिप अफसेत प्रेसबाट मुद्रण भएको छ। पुस्तक प्रकाशनकै चर्चा गरिएको सन्दर्भमा विश्व शाक्यकै सम्पादन र प्रकाशनमा बि.सं. २०५१ सालमा प्रकाशित 'एकानब्बे वर्षका युवा भिक्षु सुभद्र' जीवनी पुस्तकको उल्लेख गरिनु पनि उचित ठहरिने छ। आकार र मोटाइमा सानो भएपनि एकजना ब्राह्मण भिक्षुको जीवनी प्रस्तुत गरेर कट्टर ब्राह्मणवादी संस्कारमा भिजेको आजको समाजमा ब्राह्मण हुनुको वास्तविक महत्तालाई बुझाउन सामर्थ्य राखेको छ। पाकेटबुक आकारको यो पुस्तक कूल ५० पृष्ठको छ। मूल्य ४/- राखिएको छ। अनुप प्रिन्टिङ्ग प्रेस नयांबजार पोखराबाट मुद्रण भएको छ।

बौद्ध वाङ्मयको इतिहासमा पुस्तक तथा पत्र-पत्रिका प्रकाशनमा दाताहरूको जुन योगदान रहने गरेको पाइन्छ त्यसको अनुपातमा भिक्षु तथा अनगारिकाहरूको पनि कम योगदान रहेको भेटिन्न। उपासक उपासिकाहरूले दिएको दानबाट भिक्षु अनगारिकाहरूले बौद्ध वाङ्मयमा सहयोग पुऱ्याइएको थुप्रै यस्ता प्रयासहरू भेटिन्छन्। भिक्षु, अनगारिकाहरूबाट हुने गरेका यस्ता प्रयासहरूबाट पोखरा पनि अछुटो छैन। श्रद्धेय भिक्षु सुभद्रबाट 'विपश्यना साधना र आत्म दर्शन' अनुवाद प्रकाशित भएको छ भने भिक्षु सुभद्र र अनगारिका कर्मशीलाबाट 'समय-चिन्तन' पुस्तक प्रकाशित भएको हामी पाउँछौं। यसैगरी पोखराका भिक्षु श्रद्धानन्दले आफ्नै प्रयास प्रयत्न र अनुवादमा त्रिरत्न वन्दना'-२०५० मा र 'भगवान् बुद्ध र भावना'-२०५३ मा प्रकाशित गर्नु भएको छ। धर्मशीला बुद्ध



Downloaded from http://www.dhamma.digital

विहार पोखराका श्रद्धेय भिक्षु श्रद्धानन्दले आफ्नी आमा अनगारिका सुधम्माको पुण्यस्मृतिमा 'त्रिरत्न वन्दना' पुस्तिका प्रकाशित गर्नु भएको छ । यसैगरी आफ्नै अनुवाद र प्रकाशनमा बि.सं. २०५३ सालमा 'भगवान् बुद्ध र भावना' नामक पुस्तक प्रकाशित भएको छ । दिवंगत अनगारिका धर्मशीलाकी गुरु पुज्यवर भिक्षु विशुद्धानन्दले लेख्नु भएको 'बुद्ध और भावना' को यो अनुवाद पुस्तक गातो बाहेक १०८ पृष्ठको छ । मूल्य २२/- रूपयाँ राखिएको छ । मुनाल अफसेट प्रिन्टर्स, पालिखेचोक पोखरामा मुद्रण भएको छ । भिक्षु श्रद्धानन्दकै सम्पादन र प्रकाशनमा विगत केही वर्ष देखि धर्म-चक्षु बौद्ध मासिक पत्रिका पनि प्रकाशित हुँदै आइरहेको छ ।

पोखराको बौद्ध वाङ्मयको दृष्टिले बि.सं. ५० को दशकलाई सर्वाधिक उत्साहप्रद मान्न सकिन्छ । बि.सं. २० र ३० को दशकमा क्रमस 'बुद्ध र बौद्ध सँस्कृति' तथा 'सुतनु जातक' १.१ वटा प्रकाशित भएको पाइन्छ । ४० को दशकमा 'वोधिराजकुमार' एक (ब्राह्मण) भिक्षुको जिवनी 'महापरित्राण तथा बौद्ध सम्मेलन स्मारिका', 'एस धम्मो सनंतनो' अनगारिका धर्मशीला र उहाँका कार्यहरू, 'विपश्यना साधना र आत्मदर्शन गरी ५ वट्टा पुस्तक प्रकाशित भएका छन् । बि.सं. ५० को दशकमा 'त्रिरत्न वन्दना', 'भिक्षु सुभद्र', 'बुद्ध र बौद्ध साधक', 'समय-चिन्तन', 'भगवान् बुद्ध र भावना', 'ज्ञानमाला भजन सङ्ग्रह', 'भगवान् बुद्ध र उहाँको धर्म', 'सन्दर्भ-प्रसङ्ग' र 'बुद्ध जीवन र दर्शन' प्रकाशित भैसकेका छन् ।

यद्यपी पोखराबाट प्रकाशित नभएको भएतापनि बि.सं. २०४० को दशकमा आनन्दकुटी विहार गुठीबाट प्रकाशित पोखरेली बौद्ध वाङ्मयका प्रखर श्रष्टा तिलकमान गुभाजूबाट लिखित "के बुद्ध धर्म हिन्दू धर्मको शाखा हो ?" पुस्तकको चर्चा नहुनु स्वयममा लेख अपूरो हुने हुन्छ ।" के बुद्ध धर्म हिन्दू धर्मको शाखा हो ?" पुस्तक मोटाइमा सानो भए पनि नेपाली बौद्ध वाङ्मयमा बहुचर्चित पुस्तक हो । बौद्ध जागरणमा यस पुस्तकले वैचारिक र भावनात्मक क्रान्ति ल्याएको थियो भन्नुमा अत्युक्ति नहोला ।

बौद्ध वाङ्मयको श्रीवृद्धिमा पोखरेलीहरूको योगदान नगन्य रहेतापनि जुन गति र स्तरमा पोखरेलीहरू लागिपरेका छन् त्यो बौद्ध वाङ्मयको लागि मात्र नभएर समग्र नेपाली साहित्य भण्डारकै लागि गहकिलो र सम्वर्धनीय कार्य भैरहेको मान्न करै लाग्ने हुन्छ ।

■


स्वाँया पुन्ही

बुद्ध सम्वत २५४३ या लसताय्
सकल नेपाःमि पिनी कल्याण जुईमा
धका कामना याना च्वना ।

माणिक मेटल क्राफ्ट

पोष्ट बक्स नं. ४१३२, काठमाडौं, नेपाल ।
ग्राम: "करूणामय"
e-mail: manik@gonga.wlink.com.np
फ्याक्स: ९७७-१-२७८७४२

*कारखाना:*
स्वयम्भु, जोडोल
चक्रपथ, काठमाडौं
फोन: २७८८५८

*प्रदर्शन तथा बिक्रि कक्ष:*
ज्योति निवास, सेण्ट्रल कोलोनी
कालिमाटी, काठमाडौं, नेपाल ।
फोन: २७६२३३, २७८७४२




Downloaded from http://www.dhamma.digital

*Hearty Greetings*

*on the occasion of*

*2543rd*

*Vaisakh Full Moon Day*



SRINATH

*Jewellers*

NEW ROAD
KATHMANDU (NEPAL)
**PHONE : 221008**

---

**All the Best Wishes**
**On the Auspicious Occasion of**
# VESAK FESTIVAL




- Teendhara, Durbar Marg. Tel: 242706
- Round about, Jawalakhel, Tel: 522949
- Near Fire Brigade, New Road, Tel: 240137, 240138
- New Baneshwor, Tel: 488528
- Sanepa, Tel: 521690
- Teaching Hospital, Maharajgunj, Tel: 414855

Fax: 255212, E-mail: nangint@ccsl.com.np
KATHMANDU, NEPAL

*It's your Choice*

*the Bakery* **CAFE**

*(Where the young heart meets !)*

Managed by
nanglo
INTERNATIONAL

Downloaded from http://www.dhamma.digital

एक चर्चा

# "गौतम बुद्ध-जहाँ दाँत विद्यमान छ

✍ बी.एम. श्रेष्ठ
पकनाजोल, नयाँबजार



आजभन्दा लगभग २५ सय २४ वर्ष अघि नेपालमा जन्मिनु भएका शान्ति, अहिंसा र समानताको पुजारी भगवान गौतम बुद्धले संसारभरि नै ज्ञानको ज्योति मौलाएर गएको थिए । उनको सन्देशहरू आजभोलिसम्म पनि सान्दर्भिक र सार्थक रहेको पाइएको छ । आजको सभ्यताको युगमा संसारभरि नै १ अरब? भन्दा पनि बढि बुद्ध धर्मावलम्बिहरू भएको अनुमान गर्न सकिन्छ । बुद्धलाई हिन्दूहरूले समेत ज्यादै श्रद्धाको साथै पूजा गर्दछन् ।

संसारभरिको अनेकौं ठाउँहरूमा गौतम बुद्धको बिशाल र भब्य प्रतिमाहरूको निर्माण प्रतिस्थापना भइरहेको छन् भने धेरैजसो स्थानहरूमा प्रतिस्थापन हुँदै पनि छन् । बुद्धको दाँतको अवशेष भएको "टुथ अफ दि टेम्पल" को स्थापनाको सम्बन्धमा यहाँ छोटो चर्चा गर्न थालिएको छ ।

नेपालको छिमेकी सार्क राष्ट्र श्रीलंकाको राजधानी कोलम्बो देखि ११५ कि.मि. (७२ माइल) पूर्व दक्षिणमा पर्ने एक मनोरम रमणिय क्याण्डी (Candy) नाउँ गरिएको शहर रहेको छ । समुन्द्रको सतहदेखि ४ सय मिटर (१६०८ फिट) उचाइमा आवासीय क्षेत्रसहित हरियाली जंगलले घेरिएको यो शहर (बजार) कोलम्बोसँगै नगर-पालिकाको रुपले स्थापित भएको छ । क्याण्डी श्रीलंकाको राजधानी (Capital) को रूपले समेत रहि आएको थियो । सुरक्षाको दृष्टिले उपयुक्त यस शरहलाई चिसो र सफा शहरको रुपले समेत लिइने गरिएको छ । प्रभेन्सीयल (Provencial) र डिष्ट्रिक्ट (District) काउनसिल (Council) को क्याण्डी सदरमुकाम पनि हो । क्याण्डी शहर सांस्कृतिक, ऐतिहासिक र धार्मिक महत्वको केन्द्र विन्दुको रूपले रहन गएको छ । क्याण्डी शहरको मध्य भागमा मानव निर्मित तालको नजिकै एउटा विशाल र भब्य मन्दिर पनि रहेको छ । जसलाई "टेम्पल अफ दि टुथ" भन्दछन् । उक्त मन्दिरभित्र भगवान गौतम बुद्धको दाँतको अवशेष विद्यमान रहेको छ । बिक्रमबाहु तेश्रा (शासनकाल १३५७-१३७५) क्याण्डीको निर्माता पछिको शासकहरूले क्याण्डीलाई राजधानी बनाएर "टेम्पल अफ दि टुथ" नयाँ मन्दिरको स्थापना गरेको थिए । क्याण्डीमा जुलाई र अगष्ट महिनामा आजभोलि पनि भब्य समारोहको आयोजना गरेर त्यहाँको मार्गमा प्रर्दशन पनि गरिन्छ । टुथ टेम्पलको वरिपरि नहर भएको हुनाले नयाँ मन्दिरको अझै झन थप आकर्षण प्रदान गरिएको छ । धेरैजसो राष्ट्रबाट आएको मान्छेहरूको सोही मन्दिरमा दर्शन गर्नको निम्ति घुईचो (भीड) लाग्ने गरिन्छ । दर्शन गरिने समयमा बाजागाजा (Music) बजाइने गरिन्छ, जसले गर्दाखेरी मन्दिर नै गुञ्जायमान भएको हुन्छ । बर्मामा पनि प्यागोडा (Pagoda) शैलीको मन्दिरमा बुद्धको दाँतको अवशेष रहेको जन-विश्वास गरेर पूजा गरिने गरिन्छ ।

"बुद्ध जयन्तीको उपलक्ष्यमा" आनन्दकुटी विहारमा बढी भब्यताको साथै हज्जारौं भक्तजनहरू (बौद्ध धर्मावलम्बीहरू) बुद्धको अस्थिधातुमा भक्ति र श्रद्धाको साथै पूजा गर्ने गरिन्छ । ■

All the best wishes
on the auspicious occasion of
Vaisakh Festival
2543

HIGH LANDER
हिमाली

Hari Dharel
Managing Director

Highlander Trekking & Expedition Pvt. Ltd.
Highlander Travels (Pvt) Ltd.
Jysk Service Centre, Himalayan (NEPAL)

Thamel
P.O. Box 10987
Kathmandu, Nepal
Tel : (+977-1) 424563, 424066
Fax : (+977-1) 411889, 419317
e-mail: highlnder@wlink.com.np

POKHARA CONTACT:
Lake Side, Pokhara
Tel : (+977-61) 23972
Fax : (+977-61) 21022



Downloaded from http://www.dhamma.digital

On the Auspicious Occasion

of

**2543rd Vaisakh Purnima**

We Extend Our Hearty Felicitation

To all of you!

**Lumbini Finance & Leasing Co. Ltd.**

Tridevi Marg, Thamel
P.O. Box 11503, Kathmandu
Tel: 423443, 423445
Fax: 977-1-425655

With Best Compliments

on the Auspicious and

Holy Occasion of

**Buddha Jayanti**

**2543**

**KATHMANDU GEMS**

**Stockist of Precious, Semi Precious Stones, Nepali Jewellery & Handicraft**

6/24 New Road
Post Box : 5255
Kathmandu, Nepal

Phones : (S) 244659, 223648
(R) 272167
Fax No.: (977-1) 244657

All the Best Wishes

On the Auspicious Occasion of

Vesak Festival

2543rd!

Hotel Dipankar (P) Ltd.

**P.O. Box 6768**
**Dhalko, Chhetrapati, Kathmandu, Nepal**
**Tel: 254958, 255694**
**Fax: 977-1-254194**

All the best wishes
on the auspicious occasion
of
**Vaisakh Festival**


**Hari Prasad Pandey**
*Managing Director*

**CONSTRUCTION FOR BETTER TOMORROW**

**Nepal Adarsha Nirman Co. Pvt. Ltd.**
"A" Class Construction Company
P.O. Box 5759, Setodurbar, Jamal
KATHMANDU, NEPAL
Tel: 224370, 245465
254213, 278625
Fax: 00977-1-240438
e-mail: nanc@adarsha.mos.com.np


Downloaded from http://www.dhamma.digital

# बुद्धको प्रबुद्ध भावना : मैत्री भावना



✍ घनश्याम राजकर्णिकार

बौद्ध धर्ममा मैत्री भावनाको ठूलो स्थान छ । सबै प्राणीलाई मित्र समान संझनु नै मैत्री भावना हो ।

बुद्धदेवको कथन अनुसार वैर नर्क हो, शत्रुतामा बाँच्नु नर्कमा रहनु हो । त्यस्तै मित्रतामा रहनु भनेको स्वर्गमा विचरण गर्नु समान हो । हुन पनि उहाँको भनाई अनुसार स्वर्ग र नर्क भनेको कुनै भौगोलिक ठाउँको नाम होइन । यो त केवल मनको अवस्था हो । जब हामीमा मैत्री भावना प्रस्फुटिट भइरहन्छ तब हामी स्वर्गमा विचरण गरिरहे झैं हुन्छौं । किनभने कुनै पनि सद्कार्यले अन्ततोगत्वा मनमा सुख शान्ति अभिवृद्धि गरेकै हुन्छ । त्यस्तै जब हामी शत्रुतामा अलमलिरहन्छौ यसको मतलब हामी नर्कमा जीवन यापन गर्दैछौ । मृत्यु पछिको स्वर्ग-नर्क जस्तो अनिश्चित धारणामा अलमलिरहनु भन्दा यहि जीवनमा प्राप्त गर्न सक्ने मैत्री भावना जस्तो अमूल्य नीधिलाई पुष्ट गर्न सक्यौं भने स्वर्गमा पाइने भन्ने सुख, शान्ति र चैतन्य यहि लोकमा प्राप्त गर्न सक्छौं ।

गौतम बुद्ध फेरि के भन्नु हुन्छ भने जब कसैले सम्पूर्ण जगतलाई मित्रको नजरले हेर्दछ भने यसको मतलव यो होइन कि सम्पूर्ण जगत उसको मित्र भयो । यसको मतलव यही हुन आउँछ कि उसको हेराइमा परिवर्तन भयो । ऊ स्वयं परिवर्तित भयो । उसको व्यवहारमा जगत मित्र भयो । यसको मतलब यो पनि होइन कि अब कसैले ऊसंग शत्रुता गर्ने छैन । हो, अरूले ऊसंग शत्रुता गर्लान् तर यसबाट उसको मनमा कुनै क्लेश हुने छैन, कुनै दुर्भावना हुने छैन । शत्रुता गर्ने मान्छेको मनमा मात्र शत्रुता हुने गर्छ अर्थात शत्रुताको पीडाले उसको मन पोलेको हुन्छ । मैत्री भावनाले त मानिसको मनमा सुख र शान्ति छाएको हुन्छ । जसरी आगोबाट आगो निभ्दैन, पानीबाट मात्र आगो निभ्छ - त्यस्तै शत्रुताबाट शत्रुता समाप्त हुँदैन, मैत्री भावनाबाट मात्र शत्रुता हट्दछ । त्यसैले मैत्री-भावनालाई सवल पार्नु भनेको आफ्नो कल्याण आफैले गरेको तथा आफ्नो लागि आफै प्रज्ज्वलित भएको हुनेछ ।

बुद्धको समयमा सबल मैत्री-भावनाको विकासमा अनेक भिक्षुहरू लागे । तिनीहरू आ-आफ्नै तरिकाले पारंगत पनि भए । यस परिप्रेक्षमा भगवान बुद्धसंग सम्बन्धित एउटा प्रसंगलाई उल्लेख गर्नु म सान्दर्भिक ठान्दछु ।

त्यसबेला भगवान बुद्धको समयमा एकजना व्यापारी व्यवसाय हेतु श्रावस्ती पुगेछन् । त्यहां ती व्यापारी भगवान बुद्धको सम्पर्कमा आउनासाथ धर्मको सम्पर्कमा पनि परेछन् । समय बित्दै जांदा उनको मनमा सान्है बैराग्य जागेछ र त्यहां प्रव्रजित भई भिक्षुसंघमा सम्मिलित भएछन् । उनी पनि अरू भिक्षुहरू झैं बुद्धका उपदेशहरूको दृढतापूर्वक पालना गर्ने भएछन् । उनी पहिले एक व्यापारी थिए, साधारण मानिस थिए । तर अहिले आफ्नै प्रयत्नले उनी बिशिष्टताको सिंढी उक्लंदै अपूर्णताबाट पूर्णतातिर उन्मुख हुँदै गए । त्यसैले बुद्धले उसलाई पूर्ण भन्नु हुन्थ्यो । तदन्तर उनको नाम पूर्ण काश्यप हुन गयो । एक दिन बुद्धले पूर्ण काश्यपलाई बोलाई भन्नुभयो- 'पूर्ण अब तिमी एकदमै पूर्ण भयो । अब तिमी मेरो पछि पछि लाग्नु पर्ने केही जरूरत छैन । अब तिमी मलाई छाडेर जाऊ । गाउं बेसी नगर शहर आदि विभिन्न ठाउँमा गएर मेरो सन्देश पुऱ्याउनु । मबाट तिमीले जति कुरा सिक्यो त्यसको प्रचार प्रसार गर्नू ।'

बुद्धको यस्तो आदेश सुनी पूर्ण भन्छन् "हुन्छ प्रभु, सर्वप्रथम कुन दिशातिर जाने हो, प्रभुबाट नै निर्देशन पाउं ।"

बुद्धले भन्नुभयो - 'पूर्ण तिमी आफैले आफ्नो दिशा निर्धारण गर्नु । अब तिमी आफै समर्थ भइसकेका छौ । तिमीलाई मेरो इशाराको कुनै जरुरत हुने छैन ।"



Downloaded from http://www.dhamma.digital

तब पूर्णले भने- हुन्छ प्रभु जान्छु । सुखा नामको एउटा इलाका छ विहारमा । म त्यहां जान्छु ।

बुद्धले भन्नुभयो- 'पूर्ण तिमी त्यहां गएर खतरा मोल्दैछौ । त्यो ठाउं राम्रो छैन । त्यहांका मान्छे भलाद्मी छैनन् । धेरै दुष्ट छन् । अरूलाई सताउन पाउंदा त्यहांका मान्छे रमाउने गर्दछन् । तिमीलाई त्यहांका मान्छेले दुःख दिने छन् । तसर्थ पूर्ण, तिमी त्यहां नजाउ ।"

पूर्णले दुवै हात जोडी वीनितभावमा भन्छन् "त्यसैले त उनीहरूलाई मेरो जरूरत छ । हामी भिक्षु मध्ये कोही न कोही त त्यहां एकदिन जानै पर्छ । कतिन्जेल तिनीहरूलाई अन्धकारमा राखिराख्ने । कतिन्जेल तिनीहरूलाई पशुको जस्तो हिन जीवन व्यतित गर्न दिइरहने । म त्यहाँ जानै पर्छ । प्रभु, मलाई आज्ञा दिनु होस् ।"

बुद्ध मुसुक्क हाँस्नु हुन्छ र भन्नु हुन्छ- त्यसोभए पूर्ण तिमी त्यहां जाऊ । तर जानुभन्दा पहिले मेरा तीन ओटा प्रश्नको उत्तर दिएर जाऊ । पहिलो प्रश्न यदि तिमीलाई उनीहरूले गाली गरी अपमान गरे भने तिमी के गर्छौ । तिम्रो मनमा कस्तो लाग्ला ।

पूर्णले भने - प्रभु पनि यस्तो कुरा सोध्नु हुन्छ । प्रभु स्वयं जान्नु हुन्छ कि यस्तो अवस्थामा पनि म प्रसन्न हुनेछु । मेरो मनमा यही भावना आउने छ कि यहांका मानिस बडो भद्र छन् । सुभद्र छन् । मसंग रिसाउंदा केवल दुइचार कटु वचन बोलेर आक्रोस पोख्छन् । म माथि हातै त हाल्दैनन् ।

- यदि तिनीहरूले तिमी माथि हातै हाले वा लट्ठीले हिर्काए भने तब कस्तो लाग्ला पूर्ण ?

- फेरि प्रभु यस्तो कुरा सोधनु हुन्छ । तिनीहरूले हातै हाले वा कुनै हतियारले हिर्काए पनि राम्रो हुनेछ । मेरो मनमा यही भाव आउने छ- ती कति भद्र छन् । सुभद्र छन् । कति असल छन् । केवल हातले पिटे वा हतियारले हिर्काए मात्र । तर मेरो प्राण त लिएनन् ।

- यदि ती मूर्खहरूले तिमीलाई मारी नै हाले भने तिमीलाई कस्तो लाग्ला पूर्ण ।

- प्रभु त्यसबेला जब म मर्दै हुंला, मेरो मनमा यस्तो भावना आउने छ कि ती मानिसहरू जसले मलाई यो दुःखमय जीवनबाट छुटकारा दिलाई रहेछन्, तिनीहरूलाई धन्यवाद नै दिनुपर्छ । कति भलादमी रहेछन् यहांका मानिसहरू जसले मलाई चाँडै जीवनमुक्त पारी दिदैछन् ।

भिक्षु पूर्णको यस्तो कुरा सुनी भगवानले साधुकार दिंदै भन्नुभयो- "साधु ! साधु !! साधु !!! पूर्ण, अब तिमी जाऊ । जहाँ जानु छ जाऊ । अब तिमीलाई कसैले केही गर्न सक्ने छैन । यस्तो होइन कि तिमीलाई कसैले गाली नगर्लान । गाली त तिनीहरूले गर्लान । तर तिमीलाई त्यो गालीले केही प्रभाव पार्न सक्दैन । यस्तो पनि होइन कि तिनीहरूले तिमीलाई नकुटलान् । तिमीलाई कुटलान् पनि तर त्यो कुटाईले तिमीलाई केही असर हुने छैन । तिमीलाई तिनीहरूले नमार्ने पनि होइन । मारी पनि हार्लान । तर तिम्रो मृत्यु संभव छैन । तिम्रो मृत्यु भैहाले पनि तिमीलाई अमरत्व प्राप्त हुनेछ । त्यसैले पूर्ण जाऊ, तिमीलाई मेरो आशिर्वाद छ ।

यसरी बुद्धले प्रतिपादन गर्नुभएको मैत्री भावनाको महत्ता उपयुक्त प्रसङ्गबाट प्रष्टिन्छ । सांच्चै, बौद्ध दर्शनमा मैत्री- भावनाको स्थान अपरिमेय रहेको तथ्य बौद्ध वाङमयको साधारण अध्ययनबाट नै छर्लगिन्छ भन्ने कुरा मैले यहां भनिरहनु नपर्ला । ■



**नेपालका गौरव शान्ति नायक**

**गौतम बुद्धको**

**जन्म, सम्बोधि तथा महापरिनिर्वाणको**

**२५४३ औं उत्सवमा सबैको सम्बृद्धि तथा**

**शान्तिको कामना गर्दछौं ।**

★

**पूर्ण रोडा ढुंगा**

पाको न्यूरोड, काठमाडौं

नेपाल ।

**टेलिफोन : २४२०४३**



Downloaded from http://www.dhamma.digital



May 2543 B.E.
Inspire
ALL NEPALESE TO

*Cultivate Good !*
*Destroy Evil !!*
*Purify One's Mind !!!*

*- Purna Bahadur Lama*

**SWOYAMBHU**

*best wishes to*
**Dharmakirti**
**Buddhist Study Circle**
*&*
*all on the*
*auspicious occasion*
*of the*
**2543rd VAISAKH PURNIMA!**



**Mercantile Office Systems**
**Durbar Marg, Phone: 220773**



On the Auspicious Occasion
of
**2543rd VAISAKH PURNIMA**
We Extend Our Hearty Felicitation
To all of you !

***The only one of its kind***
*Just 15 kms. away from Kathmandu city*
*A magnificent sweeping*
*180° view of the Himalayas*
***Pine forests all around***

*Gateway for*
*abundant nature*
*activities*

*Haatiban Resort*

**Bird's Eye View of Kathmandu Valley**


Downloaded from http://www.dhamma.digital


*On the Occasion of Buddha Jayanti 2543*



*With Best Compliments from*

# HOTEL CLARION

Man Bhawan, Jawalakhel
P.O. Box: 676, Kathmandu, Nepal
Tel : 524512, 521476, Fax : 977-1-521468, 224464
e-mail: clarion@wlink.com.np






नेपालका गौरव शान्ति नायक

गौतम बुद्धको

जन्म, सम्बोधि तथा महापरिनिर्वाणको

२५४३ औं उत्सवमा सबैको सम्बृद्धि तथा

शान्तिको कामना गर्दछौं ।

## नेपाल निटिङ्ग इण्डष्ट्रिज प्रा. लि.


लक्ष्मिदास, हरिदास, ठँहिटी
काठमाडौं, नेपाल ।

टेलिफोन : २२१८२५, २२४९९७

**२५४३ क्वःगु स्वांयापुन्हीया लसताय् भिंतुना !**

**Reliable Durable Economical**
**&**
**Almost Maintenance Free**

**Anodized Aluminium Alloy Doors, Windows, Shop-Fronts**
**Partitions & Curtain Walls**



**WE SHIFTED**

*For Your Requirements*

**N-TECH** PVT. LTD.

न्यू-टेक प्रा. लि.

Old Address:
Chhetrapati Kathmandu
Tel.: 228689 (Off.)
Fax: 00977-1-254677

**New Address:**
**Jyoti Bhawan (2nd Floor)**
***(Upstairs to Bhajuratna Finance)***
**Kantipath, Kathmandu, NEPAL**
**Tel.: 266456 Fax: 977-1-254677**


Downloaded from http://www.dhamma.digital

# ८. सकलिक सुत्त (१.४.८)

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

## भगवान् बुद्धको पाऊमा पीडा, देवताहरूको आगमन

मैले यसरी सुनें ।

एक समय भगवान् बुद्ध राजगृहको मद्दकुक्षि नाम गरेको मृगदावनमा रहनु भएको थियो ।

त्यस समय भगवान् बुद्धको पाऊमा उछिट्टिएर आएको एक ढुंगाको टुक्राले केही घाउ बनायो । त्यस घाउले गर्दा भगवान् बुद्धलाई धेरै वेदना भइराखेको थियो - शरीरको (त्यस) वेदना दुःखद, तीब्र, कठोर र असह्य थियो❀ । तैपनि भगवान् बुद्धले आफ्नो स्थिर चित्त सहितको स्मृति सम्प्रजन्यद्वारा अविचलित भई सहनु भयो ।

तब भगवान् बुद्धले संघाटीलाई चार तह गरी पट्याई विछ्याउनु भयो । अनि त्यसमाथि शरीरको दायाँ भाग तर्फबाट सिंहसय्यामा लेट्नु भई केही हटाई★ दाहिंले खुट्टा माथि अर्को खुट्टा राखी स्मृति र सम्प्रजन्य पूर्वक रहनु भयो ।

तब सातसय जवान सतुल्लपकायिक देवताहरू रात बितिसके पछि आफ्नो रश्मिले मद्दकुक्षिका सबै भागलाई चम्काई जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो, त्यहाँ पुगेर भगवान् बुद्धलाई अभिवादन गरी अलग्ग एक स्थानमा उभिए । अलग्ग एक स्थानमा उभीरहेका ती देवताहरू मध्ये एक जवान देवताले भगवान बुद्ध समक्ष उदानका यी वाक्यहरू भन्नथाले-

अरे ! श्रमण गौतम त नाग समान हुनुहुँदो रहेछ । उहाँ आफ्नो नागबलद्वारा युक्त भई दुःखद, तीब्र, कठोर शारीरिक वेदनालाई स्थिर चित्त र स्मृति सम्प्रजन्यपूर्वक (होश र सचेत भई) सहिरहनु भएको छ ।

तब अर्का देवताले भगवान् बुद्ध समक्ष उदानका यी शब्दहरू भन्नथाले

अरे ! श्रमण गौतम त सिंह समान हुनुहुँदो रहेछ । उहाँ आफ्नो सिंहबलद्वारा युक्त भई शारीरिक वेदना ... लाई स्थिर चित्त भई स्मृति सम्प्रजन्यपूर्वक (अविचलित भई) सहिरहनु भएको छ ।

त्यसपछि फेरि अर्का देवताले भगवान बुद्ध समक्ष गई उदानका यी शब्दहरू व्यक्त गर्नथाले-

अरे ! श्रमण गौतम त आजानीय (घोडा) जस्तै हुनुहुन्छ । आफ्नो आजानीय बदद्वारा उहाँ स्थिर चित्त सहित हुनुहुन्छ । तब अर्का देवताले भगवान् बुद्धको समक्ष पुगी यस शब्द भन्नथाले–

अरे ! श्रमण गौतम त बेजोड समान हुनुहुन्छ । आफ्नो बेजोड बलद्वारा ... स्थिर चित्त सहित रहनु हुन्छ ।

तब अर्का देवताले भगवान् बुद्ध समक्ष उदानका यी शब्दहरू भन्नथाले-

अरे ! श्रमण गौतम त ठूलठूला भारी बोक्ने बाहक समान हुनुहुँदो रहेछ । (उहाँले) ... स्थिर चित्तद्वारा सहिरहनु भएको छ ।

तब अर्का देवताले भगवान् बुद्ध समक्ष पुगी उदानका यी शब्दहरू भन्न थाले–

अरे ! श्रमण गौतम त ज्यादै दान्त हुनुहुँदो रहेछ । उहाँले ... स्थिर चित्तद्वारा सहिरहनु भएको छ ।

तब फेरि अर्का एक देवताले भगवान् बुद्ध समक्ष पुगी उदानका यी शब्दहरू भन्नथाले-

समाधिको अभ्यासद्वारा विमुक्त भएको यस चित्तलाई हेर । यो न माथि उठिएको छ, न तल दबिएको नै छ र न यसलाई कोशिसपूर्वक थामिराख्नु परेको छ, परन्तु यो स्वाभाविक नै देखिन्छ ।

जसले यस पुरुषलाई नाग, सिंह, आजानीय (घोडा), बेजोड (नृषभ), भारी बोक्ने, दान्त भन्ने गर्छ,– त्यो त केवल त्यस ब्यक्तिले आफ्नो मूर्खताको वसमा पुगेर मात्र भनेको हो ।

पञ्चाङ्ग वेदलाई ब्राह्मणले धारण गरेपनि, सयौं वर्षसम्म तपस्या गरे पनि,

परन्तु त्यसबारे चित्तलाई पूरा विमुक्त गर्न सकिदैन,

हीन लक्ष बोकेका व्यक्ति पार लाग्न सक्दैन ।

तृष्णाद्वारा प्रेरित ब्रत आदि पालन गर्ने कार्यमा लागेका व्यक्ति,

सयौं वर्षसम्म कठोर तपस्या गरेपनि
उनको चित्त पूरा विमुक्त हुन सक्दैन
हीन लक्ष बोकेका ब्यक्ति पार लाग्न सक्दैन ॥

---

❀ अपाय चार वटा दुर्गतिहरू - नर्क, प्रेत, तिर्यक, असुर ।

★ भगवान बुद्ध लेट्नु हुँदा उहाँका खुट्टाका घुट्ठिहरू एक आपसमा अलग्ग राख्नु हुन्छ । त्यसलाई नै "पादे पादं अच्चाधाय" भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

आत्मदृष्टि (अभिमान) रहेको व्यक्तिको
आत्मसंयम (आत्म दमन) हुन सक्दैन,
असमाहित पुरुषसंग मुनिभाव हुँदैन,
जंगलमा एक्लै प्रमाद (बेहोशी) युक्त भई
रहने व्यक्तिले
मृत्युको राज्यबाट पार लाग्न सक्दैन।"
मानलाई त्यागी, राम्ररी समाहित भएर
सुन्दर चित्त भएको व्यक्ति सबै प्रकारबाट मुक्त
भइसकेको व्यक्ति,
सावधान भएर (होशियारीपूर्वक) जंगलमा
एक्लै रहने व्यक्तिले नै
मृत्युको राज्यलाई पार गर्न सक्नेछ।

### ९. पज्जुन्नधीतु सुत्त (१.४.९.)
### धर्म ग्रहणद्वारा स्वर्ग

यस्तो मैले सुनें -

एक समय भगवान् बुद्ध बैशाली स्थित महावनको कूटागारशालामा रहनु भएको थियो। तब पुद्युम्नकी छोरी कोकनदा रात बितिसकेपछि आफ्नो रश्मिले महावनलाई चम्काई जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो, त्यहाँ पुगी भगवान् बुद्धलाई अभिवादन गरी अलग्ग एक स्थानमा उभिइन्।

अलग्ग एक स्थानमा उभिएकी त्यस देवी कोकनदा (प्रद्युम्नकी छोरी) ले भगवान् बुद्ध समक्ष यस गाथा प्रकट गरिन्-

बैशालीको वनमा रहनु भएका,
सर्वश्रेष्ठ भगवान् बुद्धलाई
प्रद्युम्नकी छोरी म कोकनदाले प्रणाम गर्दछु॥
सर्वज्ञ बुद्धद्वारा प्रतिपादन गरिएको धर्मको
बिषयलाई मैले पहिला सुनेकी मात्र थिएँ,
(तर) अहिले सुगतमुनि बुद्धले उपदेश
गर्नुभएको धर्मलाई,
मैले साक्षात्कार गरी बुझिसकेकी छु॥
जुन मूर्खले यस आर्य धर्मलाई
निन्दा गरी हिंड्छ,
उसले चीरकालसम्म दुःख भोग्नु पर्ने हुन्छ॥
जो यस आर्य धर्ममा रहेर
धीरता र शान्तपूर्वक रहन्छ,
त्यसले मनुष्य शरीरलाई त्यागेर देवलोकमा
उत्पन्न हुन जान्छ॥

### १०. चुल्लपज्जुन्नधीतु सुत्त (१.४.१०)
### बुद्ध धर्मको सार

मैले यसरी सुनें।

एक समय भगवान् बुद्ध बैशाली स्थित महावनको कूटागारशालामा रहनु भएको थियो।

तब प्रद्युम्नकी छोरी कोकनदा रात बितिसकेपछि आफ्नो रश्मीले महावनलाई चम्काई भगवान बुद्ध जहाँ रहनु भएको थियो, त्यहाँ आई भगवान् बुद्धलाई प्रणाम गरी अलग्ग एक स्थानमा उभिइन्।

अलग्ग एक स्थानमा उभिएकी कोकनदाले बुद्ध समक्ष यस गाथा प्रस्तुत गरिन्-

बिजुली चम्के जत्तिकै कान्ति भएकी प्रद्युम्नकी छोरी कोकनदा यहाँ उपस्थित भएकी छु

बुद्ध धर्मलाई नमस्कार गर्दै
मैले यो अर्थ सहितको गाथा बिन्ति गर्दैछु॥
हुनत अनेक ढंगले मैले भन्न सक्छु,
तैपनि जहाँसम्म मेरो बुद्धिको योग्यता छ,
यो महान धर्मको बिषयमा मैले
संक्षिप्त रूपमा भएपनि यसको सारलाई
बिन्ति गर्दैछु-
आफ्नो काय, वाक र चित्तले कुनै पनि लोकमा
कुनै पनि पाप नगर्ने,
काम विषयलाई त्यागी
स्मृतिवान् र सम्प्रज्ञानी भईरहने
र हामीलाई अनर्थ गर्न सक्ने
दुःखलाई बढाउने कार्य नगर्ने।

**सतुल्लपकायिक वर्ग समाप्त।**

*with Best Compliments on the Auspicious Occasion of "Buddha Jayanti" 2543*

KC'S RESTAURANT

**KC Restaurant & Bambooze Bar Pvt. Ltd.**
THAMEL
P.O. Box 1619, Kathmandu, Nepal
☎ : 414887, 416911


Downloaded from http://www.dhamma.digital

# अनुरोध

श्रद्धालु महानुभावपिं ! झीगु नेपाल देश, बुद्ध जन्मजूगु पवित्र देश खः । थुगु पवित्र भूमि बौद्ध विद्यालयया यक्को आवश्यक जू, तर मदु दुःखया खँ खः ।

पूज्य स्वर्गीय अमृतानन्द भन्तेनं बौद्ध विद्यालय छगू खोले यायत अपार दुःख कष्ट सिया "आनन्दकुटी विद्यापीठ" छगू स्थापना याना बिज्यात । न्हापाला छम्ह छम्ह भिक्षुपिं खालि मजू ! बौद्ध पह कथं चले जुया वना च्वन । तर वस्पोल मदेवं व स्कूल बौद्ध चर्य्या अनुसारं ज्या, खँ फुक्कं लोप जुया वना च्वंगु खने दु ।

आः थन यले यशोधरा बौद्ध नि.मा.वि. छगू दु । थनला शुरु कक्षा निसें हे बौद्ध नैतिक शिक्षा छगू छगू तैतयागु जुया थ्व धात्थें बौद्ध स्कूल खः धायफु ।

१. छायधाःसा थन बुद्ध जीवनी, गृही विनय, धम्मपद नं ब्वंका च्वनागु दु ।

थ्व स्कूले दैनिक शील प्रार्थना, त्रिरत्न वन्दना, अनं राष्ट्रिय गान, वया लिपा कक्षागत गीत वयांलिपा तिनी कक्षा कोठाय् वना पढाइ सुरु जुइगु ।

भिंगु संस्कार दुपिं थ्व बौद्ध स्कूले ब्वना थनया विद्यार्थीपिं ३०,३५ जवान भिक्षु जुया देश विदेशे अध्ययन यावना च्वंपिनं दु, थुलि मध्ये छम्ह निम्ह भिक्षु वस तोत्य धुंकुपिनं दु । वथें मिसा मस्तनं त्यागी गुरुमां जुया वना च्वंगु दु ।

गुलिं विद्यार्थीपिसं गुरुमां भन्ते मजूसां लिपा छें वने धुंका बौद्ध आचरण धर्मयात थुइका वरोवर भिक्षु भिक्षुणीपिं सःता भोजन व दान प्रदान नं आतकं याना वयाच्वंगु दु । संस्कार हे मदुपिन्सं धवोचां क्यें तरकारी सवा मथूथें सार ज्ञान थुइका काय् फैमखु ।

उकिं थ्व स्कूले विद्यार्थीपिनी दैनिक प्रार्थना यायबले गबलें वांदाइ, गबलें छाःगु निभालं पुना घाम पानी याना स्वास्थ्य बाधा जूगुलिं प्रार्थना हल छगू दयके धुन ।

वर झीगु समाजे थःम्हं दुःख सिया कमाय् याना तैइगु धन धर्मे छुं भति तया समाजया ज्याय् ग्वाहालि विइपिंनं म्हो मजू । उकिं छें छें वया चन्दा का वलकि करं वरं नं बिइमाः । उकिं थ्व समाचार न्यना सुं गुम्हेस्यां थ्व स्कूलयाप्रति श्रद्धा दत धाःसा जिमीगु थ्व अधूरो ज्या, खँ पूर्ति याय् खनी । तसकं उपकार ज्वी, थ्व स्कूले यको दुःखिपिं मस्तेत उपकार जुया वना च्वंगु स्कूल खः ।

यशोधरा स्कूल, ल.पु. थैनायातं सहयोग याना दिइपिंगु १२००/- निसें शिला पत्रे नां च्वनिगु व प्रमाण पत्र नं विइगु योजना दु । थःगु कीर्ति चीर-काल तक च्वनिगु मने तया विद्यालय यात सहयोग बिइगु इच्छा याना दिइ-पिन्त सधन्यवाद देछाया च्वना ।

निवेदिका
माधवी गुरुमां
प्र.अ.


Downloaded from http://www.dhamma.digital

# जिगु पलाः विश्वशान्ति बौद्ध शिक्षालय दुने

✍ निरमती वज्राचार्य

जितः न्हापां विश्वशान्ति विहारे वयाबले थ्व विहार जितः तसकं बांला ताल । थ्व नयाँ बानेश्वरया ताँक्वय् पूर्व स्वया च्वंगु तःधंगु विहार खः । थनयागु शान्त वातावरणं जिगु मनयात आकर्षित यात । छाय्धासा जि विहारे गुबलें गुवलें जक वनेगु जूगुलिं थनया वातावरणं जिगु मनयात चुलबुल यात । विहार धायवं दान धर्म याय्गु बुद्धपूजा याय्गु, धर्मदेशना न्यनेगु व भिक्षुपिं च्वनीगु धका थुइका च्वनागु । तर थन विहारे छगू न्हूगु हे व्यवस्था दुगु जुयाच्वन । थन मचापिं भिक्षुपिं खँबले जिगु मन कौतुहल जुल । नापं कोठा पतिकं स्कूलेथें कक्षा कोथा नं दयाच्वन । लिपा जिं सिल थ्व छगू बौद्ध स्कूल जुयाच्वन । जिंनं थन ब्वंके दःसा जिइला धका नुगले खँ वाल । थनयागु शान्त वातावरणे जिं स्यने कने याय् फइ धयागु विश्वास दत ।

छन्हू धाधा मधां थ्व विहारया लागि शिक्षकत माःगु जुया च्वन । शौभाग्यवश जिं थ्व स्कूले शिक्षिका जुयाः पलाः तय्खन । थःत अगःचा मालां देगःचा लूथें जुल । थतथम्हं अहोभाग्य तायका । ब्वंकेगु ज्या माथं याना हे च्वना । थुगु स्कूलया आपालं विशेषता थुइके खन । न्हूपिं भिक्षुपिनिगु निर्माण याय्गु केन्द्र स्थल हे थ्व स्कूल थें तायका । नेपाले भिक्षुपिनिगु संख्या न्हिया न्हिथं कम जुजुं वना च्वंगु अवस्थाय् थ्व स्कूलया तसकं महत्वदैगु जुल । थुगु शिक्षालये बौद्ध धर्मप्रति आस्था दुपि मां बौ पिसं व थःहे नुगलं खंका भिक्षु जीवन हनेगु मनशायतया शिक्षा काय्त थन मचात वया च्वंगु दु । यदि मचांनिसें बुद्ध शासने च्वना स्यने कने यात धाःसा लिपा भिक्षु जुइत अपुइगु जुल ।

विश्व शान्ति बौद्ध शिक्षालय स्थापना भिक्षु ज्ञान पूर्णिक महास्थविरं याना बिज्यागु खः । वसपोलं नेपाल भिक्षुपिनिगु संख्या वढे याय् कथं थ्व शिक्षालयया स्थापना याना बिज्याःगु खः । थौंकन्हे थन न्यागुनिसें न्हय्गु कक्षा तक दु । जम्मा श्रामणेरपिं २१ म्ह व अनगारिकापिं ३ म्ह दु । थनया विद्यार्थी सरकारी मान्यता कथं एस.एल.सी. तकया परीक्षा विइ फइ । थन सरकारी स्कूलया अलावा बुद्ध शासने च्वनाः ध्यान याय्गु व बौद्ध परियत्तिया नं शिक्षा काइ । थुकें बौद्ध धर्म सम्वन्धि थी थी ज्ञान कयाः छम्ह ज्ञान थुम्ह संयमितम ज्ञानीम्ह भिक्षु जुइगु अवसर वइ ।

थ्व स्कूल मेमेगु स्कूलथें मजुसे थन ब्वंकीपिं शिक्षक शिक्षिकातय् आपालं उत्तरदायित्व दु । बुद्ध शासने च्वनाः अध्ययने अध्यापन याय्माः । मेमेगु व्यवसायिक स्कूलथें मखुसे अलग्ग हे व्यवहार याय्माः । बौद्ध धर्मया उत्थान याय्गु आस्थां जाया च्वंगुलिं शिक्षक शिक्षिकापिसं नं बुद्ध धर्मप्रति आस्था क्यंगु दु । थुगु स्कूल बुद्धमार्गी भक्तजनपिनिगु सहयोगं हे जक तिबः विइ माःगुलि सकसिगुं मद्दत माःगु खनेदु । भिक्षाटन व भक्तजनपिनिगु श्रद्धां थ्व स्कूल चले जुया च्वन । बुद्ध बूगु देशे बुद्ध धर्मया संरक्षण याय्गु लागि सरकारं छुं ग्वाहालि मदुगु अवस्थाय् बुद्धमार्गी भक्तजनपिनिगु श्रद्धां थुलि याय्फुगु नं तःधंगु भाग्य खः । थुगु स्कूलं आपालं भिक्षु याय्गु ज्या याइ । यसें जक भिक्षु जीवन हनेगु स्वइ मखुकि चरित्र बाँलाका भिक्षु जीवन हनेगु स्वइ । भिक्षु जीवनया महत्व व आदर्शयात बांलाक थुइका काइ । गथे गजागु चाय स्वाँ पिइ व हे चाया गुण कथं स्वाँ व्हइ । अथेंतुं थ्व विहारे नं हिसिदुपिं भिक्षुपिं दय्केगु कथंया सय्के सीके याना च्वथें अथेतुं भिक्षुपिं नं निर्माण जुइ । थजागु गुण व आदर्श खंकाः जि नं थ्व विश्वशान्ति बौद्ध शिक्षालये पलाः तयाः थःत थम्हं गौरव तायका च्वने फत । ■


*with Best Compliments*
*on the Auspicious*
*&*
*Holy Occasion of*
***Buddha Jayanti***
*2543*

Suraj Bista
Director

**JANAMUKHI**
**Construction Co. (P) Ltd.**

Hetauda-10, Makawanpur
**Phone: 057-20408**

Ganabahal, Taha Galli
Kathmandu
**Phone: 01-222411**

**Civil Contractor:**
**• ELECTRICITY • CANAL • ROAD • BRIDGE**
**• BUILDING & TRANSPORTATION**




Downloaded from http://www.dhamma.digital

# मनू तःधं ज्यां ज्वी जातं ज्वीमखु

✍ सुनिल महर्जन, बौद्ध युवा कमिटी, यल ।

भगवान बुद्धया धर्मे जाती भेदभाव मदु । अथे जुयाः बुद्ध धर्म मानवतावादी धर्म खः । मनुखं मनूयात नीच खना च्वनेगु जाती भेदभाव प्रथा दत्तले समाजे शान्ति दैमखु । थवंथवे एकता मदयाः मिलेचले जुयाच्वने फैमखु धकाः बुद्धं थुकी बिरोध याना बिज्याःगु खः । सुं नं व्यक्तियात माने याइगु, सत्कार याइगु, गौरव तइगु वयागु बाँलाःगु ज्या व व्यक्तित्वं यानाः जक खः । बुद्धं जातपातयात माने मयाःगु कारणं बुद्ध धर्म थौकन्हे झन झन लोकप्रिय जुया वयाच्वंगु दु । ततःधंपिं बैज्ञानिकत नं बुद्ध धर्मप्रति आकर्षित जुयाच्वंगु थजाःगु हे विशेषतां यानाः खः ।

छकः भगवान् बुद्धं मि च्याकाः होम यानाच्वंम्ह अग्गिक भारद्वाज ब्राह्मणयाथाय् वनाः थथे धया बिज्याःगु दु-

**न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो**
**कम्मना वसलो होति कम्मना होति ब्राह्मणो ।**

अर्थात्- **जातं सुं नीच ज्वीमखु, न जातं हे सुं तःधं ज्वी । ज्यां हे तःधं ज्वी । ज्यां हे नीच ज्वी ।**

थ्व छपु मनन योग्य गाथा खः । थ्व गाथायात ल्वःगु बुद्धकालीन घटना छगू न्ह्यथने ।

कोशल जुजुया लाय्कुली न्हिथं हाजिर जूवने माःम्ह ब्रह्मू छम्ह दु । व ब्रह्मू धाःसा पञ्चशील स्थीर ज्वीक बाँलक पालन याना च्वंम्ह जुया च्वन । अथे जूगुलिं जुजुं वयात मेपिं ब्रह्मूतय्त स्वयाः अपो मान सम्मान याना तल । छन्हु व ब्राह्मणं बिचाः यात- "छाय् जुजुं जितः अपायसकं मान सम्मान व गौरव तयाच्वंगु ज्वी ? जिगु जातं यानाः ला शील सदाचारं यानाः ला ? छु कारणं जितः थपाय्सकं माने याःगु छकः सीके हे माल ।" अथे बिचाः यानाः वं छकः लाय्कुली तयातःगु असर्फी सुयाकें मन्यंसे लुटेयाना यंकल । अथे यंकूसां असर्फी पिवाः पालें शीलवान जुयाच्वंम्ह ब्रह्मूयाप्रति श्रद्धा दुगु कारणं वयात छुं हे मधाः । अथे छुं मधाःगुलिं ब्रह्मूनं थुकथं हे स्वकःतक हे असर्फी खुया यंकल । स्वकःया पाले ला पालें सहः याय् मफुत । वं ब्रह्मूयात ज्वनाः जुजुयाथाय् यंकल । जुजुं ब्रह्मूयात न्यन - "ब्रह्मू बाज्या छाय् असर्फी खुयागु ? अथे खुयायंकेत मछाः नं मजूला ?" ब्रह्मूनं धाल- "महाराज ! जि सकलीम्ह खुँ मखु । जिंला महाराजं जितः मेपिंत स्वयाः अपो माने याना च्वंगुलिं छु कारणं अथे माने याःगु सीकेगु इच्छा जुयाः जाँचे जक यानागु खः । बल्ल जिं सिल छिं जितः माने यानाच्वंगु कारणला जिगु शिल गुणं यानाः जुयाच्वन । जिगु जात व गोत्रं मखु खनी । आः जिं बाँलाक सिल मनूनं मनूयात माने याइगु ला वयागु भिंगु ज्या व भिंगु गुण धर्म दयाः हे जक खनी ।

थुगु घटनां झीसं सीका काय्फु । झी समाजे तःधं ज्वी योसा थःगु बानी ब्यबहार व आचरण शुद्ध यानाः निश्वार्थ चित्तं ज्या याना यंकेमाः खनी । बिशिद्धी मजुसे कतिलाः पाकः बानी तोताः थम्हं फुगु उपकार याय् धयागु त्याग चित्तं ज्या याना यंकेमाः खनी ।

**"भवतु सब्ब मंगलं"**

**लेटर प्रेसको टाइप फोन्ड्री, विवाह तथा अन्य निमन्त्रणा कार्ड साथै डाई कटिङ्ग सम्बन्धी कामको लागि हामीलाई सम्पर्क राख्नु होला ।**

स्वस्तिक टाइप फोन्ड्री

*(महेन्द्ररत्न क्याम्पस अगाडि)*

ताहाचल, काठमाडौं

फोनः २७२४३७

शान्ति नायक गौतम बुद्धया
जन्म, सम्बोधि व महापरिनिर्वाण
चूलागू वैशाख पुन्हिया लसताय् सकलया
कल्याण कामना !

का.म.पा. ३० वडा कार्यालय
परिवार



Downloaded from http://www.dhamma.digital

# श्रद्धा

✍ श्रामणेर खेमिक
विश्व शान्ति बौद्ध शिक्षालय, बानेश्वर

मनूतय् लागि लुँ, वह:, ध्यबा, छयैं, बुँ आदि धन मदय्क मज्यू । तर अथेसां मनूतय्गु लागि "सप्त पुरुष धन" नं मदय्कं मगा: । छाय्धा:सा "सप्त पुरुष धन" दुम्ह मनू जक मनुष्यत्वया भागि जुया: सत्पुरुष धाय्के दई । सप्त सत्पुरुष धन मध्ये न्हापांगु धन श्रद्धा ख: ।

छुं गुगुं प्रकारया सिद्धान्त, धर्म आदिप्रति दुगु क्वात्तुगु विश्वास, आदर गौरवयात श्रद्धा (पालिं सद्धा) धाइ । तर प्रज्ञा मदुगु श्रद्धा अन्ध विश्वास जुया: अन्ध श्रद्धाय् ला:वनेयो ।

श्रद्धा धयागु फितकिरीथें ख: । गथे बुलुगु लखे फिटकिरी तइगु बखते लखे दुगु धू दक्व कोसिना: ल: सफा ज्वीगु ख: । अथे हे श्रद्धा दुगु मने क्लेशरुपी संकुचित भावत फुक्कं कोसिना: भ्रीगु मन परिशुद्ध व स्वच्छ ज्वी ।

भगवान बुद्धं आलवक सूत्रय् धयात:गु दु - **"सद्धीध वित्तं पुरिसस्स सेट्ठं"** अर्थात् मनूतय्गु दकले त:धंगु धन हे श्रद्धा धन ख: । वथेंतुं थुगु सूत्रय् **"सद्धाय् तरति ओघं"**

**अर्थ-** श्रद्धां सत्त्वपिं जन्म मरण रुपी ना:यात पार याइ । बुद्ध शिक्षायात अध्ययन व पालन याइपिनि अन्तिम लक्ष हे निर्वाण (मुक्ती) प्राप्त याय्गु ख: । थुगु निर्वाण प्राप्त याय्त श्रद्धा मदय्क मगा: । छाय्धा:सा श्रद्धा मदय्कं मनूतय्के कुत: (मेहनत) हे दैमखु ।

श्रद्धा धयागु पुसा समान ख: । पुसा हे मदय्कं फल सैमखु । अथे हे श्रद्धा मदय्कं प्रज्ञा, ज्ञान व मेमेगु ज्याखँत बृद्धि याय् फैमखु ।

श्रद्धा धयागु धर्मया क्षेत्रे जक मखु न्ह्यागगु क्षेत्रे नं मदय्क मगा: । श्रद्धा व विश्वासं याना: हे थौं थ्व विश्व थामे जुयाच्वन । श्रद्धा मदया: अविश्वासया भरे म्वाना च्वने माल धा:सा मनूत थवंथवे ल्वापु याना: संसार हे ध्वस्त ज्वीगु सम्भावना दु ।

विश्वासया कारणं हे गरीव दे नेपा:यात विदेशं यक्को सहयोग बियाच्वन । तर गुलिनं व सहयोगया दुरुपयोग जुया च्वन व दक्को थ:गु देशयाप्रति श्रद्धा मदुपिं मभिंपि मनूतसें याना: जुयाच्वंगु ख: ।

थौं कन्हेया युग वैज्ञानिक युग धायके दुगु नं मनूतय्के दुगु जिज्ञासु स्वभाव व न्ह्यागगु विषयले नं बाँलाक अध्ययन याय्गु श्रद्धां याना: ख: । श्रद्धावान् व्यक्तित जिज्ञासु जूगु कारणं भ्रंग: पंक्षीत ब्व:गु खना: हवाईजहाज दयके फत ।

तर थौकन्हे विश्वय् गुलि नं ल्वापु जुयाच्वन, इपिं फुक्कं थवंथवे श्रद्धा मदुगु कारणं ख: । श्रद्धाया अभावं याना: थौंकन्हे विद्यालये दुने विद्यार्थीपिन्सं शिक्षक शिक्षिकापिन्त ख्याय्गु, दाय्गु तकनं यानाहल ।

दशपारमिता पूर्ण याना: बुद्ध ज्वीगु लागि नं श्रद्धा मदयक मगा: । अश्रद्धां बीगु लखंलख दानया फल स्वया: श्रद्धां बीगु ध्वबा छग: दानया फल हे महान ज्वी । उकें धयात:गु दु - **"सद्धाय दिन्नं यं दानं महाफलं अत्थि"**

अश्रद्धां बीगु दानयात शास्तानं ग्रहण याना बिज्याइ मखु । उदाहरणया लागि कसिभारद्वाज ब्राह्मणया बाखँ काय्वह: जू ।

भगवान् बुद्ध मगधया दक्षिणे च्वंगु एकनाला ब्राह्मण गामे च्वना बिज्याना च्वन । उबले न्यास: हल लिसे कसिभारद्वाजं बुँ पालाच्वन । उबले बुद्ध पुर्वाण्ह समये पात्र चीवर धारण याना: ब्राह्मण दुथाय् थ्यंक: बिज्यात । उगु बखते व ब्राह्मणया भोजन याय्त्यंगु जुयाच्वन । अले व ब्राह्मणं बुद्धयात धाल- श्रमण ! जिं बुँ ज्या याना: नयाथें छं नं बु ज्या याना: न । अले बुद्धं धया बिज्यात - "जिं नं बुँ ज्या याना" । बुद्धया खँ न्यना: ब्रह्मूनं आश्चर्य चाया: न्यन- "छ:पिंके ज्या याय्त ज्याब: हे मदु, अथेनं बुँ ज्या याना नया धया बिज्यात" ।

अले बुद्धं ब्रह्मूयात अमृत फल बुँ ज्या याना धका: मेमेगु नं उपदेश कना बिज्या:बले ब्रह्मू प्रशन्न जुया: लुँया देमाय् क्षीर तया: बुद्धयात दान बिल । तर बुद्धं व दान कया बिमज्या: । छाय्धा:सा ब्रह्मू नं व दान श्रद्धा पूर्वक मब्यूगु जुयाच्वन । उकें भगवान बुद्धं अश्रद्धां ब्यूगु दानयात ग्रहण याना बिमज्या: ।

तर गुबले गुबलें श्रद्धां ब्यूगु भतीचा हे जक दान जूसां उकीयात वसपोलं ग्रहण याना बिज्या:गु बारे बाखँ छपु न्ह्यथने ।

न्हापा बुद्ध राजगिरी नगरे भिक्षा बिज्याना च्वंगु बखते लँय् छथो मचातय् धू मुना: ज्वे ज्वोयाना: म्हिताच्वन । इपिं मचात मध्ये पियदस्सी धयाम्ह महाजनया काय् नं बुद्ध भिक्षा बिज्याना च्वंगु खने साथं


Downloaded from http://www.dhamma.digital

लय् लय् ताया: "भ्रीसं थ्व भ्वे शास्तायात दान बीगु" धका: पासापिन्त धया: श्रद्धापूर्वक छ्पास: धू शास्तायात दान बिल । उम्ह मचाया श्रद्धां भयब्यूगु धू छ्पास:यात बुद्धं ग्रहण याना बिज्यात । थुकथं श्रद्धां ब्यूगु दानयात बुद्धं ग्रहण याना बिज्या: ।

श्रद्धाया कारणं हे थौंतक नं बुद्ध शासन ल्यनाच्वन । बुद्ध, धर्म व संघप्रति श्रद्धा दुगु कारणं हे थौंतक नं भिक्षु, भिक्षुणी, उपासक व उपासिकापिं ल्यनाच्वंगु ख: ।

बुद्धं धम्मपदय् धया बिज्या:गु दु ।

**पामोज्ज बहुलो भिक्खु पसन्नो बुद्धसासने ।**
**अधिगच्छे पदं सन्तं, संखारुपसमं सुखं ।**

**अर्थ–** अतिकं प्रसन्न प्रफुल्ल चित्तम्ह बुद्धयागु सदुपदेशे श्रद्धा दुम्ह भिक्षुं फुक्कं संस्कारयात शान्त याना: सुख स्वरुपगु शान्तपद (निर्वाण) प्राप्त याइ ।

उकें भ्रीसं नं न्ह्याग्गु ज्याखँय् नं चाहे व प्रज्ञा बृद्धि याय्गु आदि निसें कया: तुच्छगु ज्या खँ याय्गु बखते नं, धर्म कर्मे लगे जुइगु बखते नं श्रद्धा हे ब्वलंके मा: । तर श्रद्धा प्रज्ञा सहितगु ज्वीमा । ■

शान्ति नायक गौतम बुद्धया
जन्म, सम्वोधि
व
महापरिनिर्वाण चूलागु
बैशाख पुन्हिया लसताय् सकलया
कल्याण कामना !

**बिद्या सुन्दर शाक्य**
काठमाडौं महानगर पालिका
२१ वडा

**शान्ति नायक गौतम बुद्धको**
**जन्म, सम्बोधी तथा महापरिनिर्वाण**
**सँगालेको**
**२५४३ औं वैशाख उत्सवमा सबैको**
**मंगल कामना गर्दछौं ।**

- **जुजु रेडीमेड गार्मेण्ट**
  न्यूरोड
  फोन: २२३००४
- **जुजु कलेक्सन**
  खिचापोखरी
  फोन: २२१६६५
- **xyz फेन्सी रेडीमेड पसल**
  खिचापोखरी
  फोन: २२४६६४
- **न्यू रेडीमेड**
  प.नं. 92
  विशाल बजार
  फोन: २२५५६८

*Happy 2543rd*
*Buddha Jayanti*



**tik 'n' tok**
(Your Favourite Music Store in Town)

New Road
✆ : 228679

Jawalakhel
✆ : 538864

P.O. Box 1492, Kathmandu, Nepal. Fax: 977-1-223634



Downloaded from http://www.dhamma.digital

## ध्यबाया मू

✍ रामभक्त प्रधान, बनेपा

ध्यबा धयागु गज्योगु सकसितं मा:गु,
ज्या मयाय्कं दैगु मखु ध्यबा धयागु,
ध्यबा मरुम्हेस्या नय् मदु,
ध्यबा मरुम्हेस्या पासा नं मरु,

ध्यबा हे महान ध्यबा हे शान,
ध्यबायात हे माने याइगु ज्ञान,
ध्यबा दय्वं फुर्ति व घमण्ड दैगु,
ध्यबामंत कि हेला याइगु,

ध्यबा हे धर्म ध्यबा हे कर्म
ध्यबां हे याइगु पापकर्म
ध्यबा द:सा सज्जन धाइगु
ध्यबा मन्त कि दुर्जन धाइगु,

ध्यबाया लागी ज्यान हे पाइगु
ध्यबां याना प्राण नं वनीगु
न्ह्याथाय् नं ध्यबा मदेक मगागु
ध्यबां न्ह्यागुं नं ज्या जू धाइगु

## सुमरण गर

अनुवादक: सुगत सेवक

हे मन सुमरण गर भगवान ॥धु॥

मेरो मेरो भन्दै आफन्तमा बाझ्दै के गर्ने धनवान ।
चिलले चल्ला टिपी लगे झैं जानेछ एक दिन प्राण ॥१॥

धन जन पुग्दैमा हुन्न है साथी अन्त्येको सामान ।
जाने-बुझेको दया धर्मको फल मात्र लगिन्छन् ॥२॥

हामी सबै प्राणिले एक दिन जानु छ, छोडेर धन, जन, मान ।
केको यो टण्टा दिनहुँको धन्दा गर्न सकेन केही दान ॥३॥

कमल-पातको जलबिन्दु झैं स्थीर हुदैन प्राण ।
आजै जान्छ कि भोलि जाने हो, छैन है यस्को ठेगान ॥४॥

*(नोट: नेपाल भाषामा यो गीत ज्ञानमालाको पृष्ठ १५६ मा छ ।)*

## बिकृति

✍ सरोज उदास
पोखरा-३

सपनामा छैन शङ्का
बिपना झन कच्चा
अति कठिन पाउनलाई
लाखमा एक सच्चा

धनका अभिमानी कोही
कोही पदका सेंखी
परै रहे हुन्छ बेस
त्यस्ता ब्यक्ति देखि

गगनचुम्बी बिल्डिङ्ग होस
कोठा एयर कण्डिसन
छैन भने मनमा शान्ति
हुन्छ सधैं टेन्सन

चढी हिंडोस् प्राईबेट कार
गरोस् फेशन चर्को
छैन भने सदाचारी
हुन्छ बेकार झर्को

छैन मूल्य मान्य यहाँ
सच्चा मानिसको
हुन्छ मूल्य मान्य यहाँ
कच्चा कागजको

आदर जहाँ मान्यजनमा
स्नेह हुन्न सानामा
निकम्माको जीवन चर्या
हुन्छ पाना पानामा

ज्ञानका कुरा गरी हुन्न
बन्नु पर्छ ज्ञानी
ध्यान गरी मात्र हुन्न
बन्नु पर्छ ध्यानी

धर्म जानी मात्र हुन्न
हुनु पर्छ धार्मिक
सेवा दानले मात्र हुन्छ
मानव जीवन सार्थिक


Downloaded from http://www.dhamma.digital

## गुन्ने

✍ धर्मराज तामाङ

गुन्ने अंक छैन के ले गुन्ने ?
गुन्दा गुन्दै फेरी उही शून्य
कत्तिले कतिलाई भाग लगाउने कहाँ ?
बाँडी चुँडी खान पर्ने सबै छन् तहाँ

कुमालेको चक्र त्यो घुम्छ रोकी रोकी
गरीबका मुटु फुटे दु:ख बोकी बोकी
छेउको सिउ कुना पुगे कुनाबाट छेउ
पानी मुनी बस्ने माछा सँधै भरी लेउ

रात गयो प्रात: भयो उदाएको सूर्य
कालो बादल ढाकी दियो प्रकाश उंल्भे
कुमालेको चक्र त्यो घुम्छ रोकी रोकी
गरीब दीन दु:खी दयालु

छौ मेरी मायालु
हाँसी खुसी रमाउने
माथि उही कमाउने

कुमालेको चक्र त्यो घुम्छ रोकी रोकी
गरीबका मुटु फुटे दु:ख बोकी बोकी

## आर्य सत्य

✍ विशुद्धानन्द

मरुभूमिमा कुवा खन्ने हे कर्मी
छन् प्रतिक्षामा पानीका धेरै जनहरू
फूटाउ मूल समय दुरुपयोग नगरी
पिलाउनु छ पानी अरूलाई पनि

पानीको लागि दिशा विहीन भै
कतिले जीवन लिला समाप्त गरे
कति सुरुमै डरले मुर्छा परे
कति अन्तिम चरणमा असफल भए

असफलता भन दु:ख सम्भी
पूर्णताको लागि कम्मरकस

छन् जताततै छरिएका लाशहरू
भोक प्यास असफलताले तडपिएकाहरू
सकिन्छ कसैलाई दया गर्न
फस्न सकिदैन मोहमा कसैको तर

तृष्णा असफलताको कारण बुभी
अष्टाङ्गिक ज्यावलले निरन्तर खन

## हे बुद्ध देव फेरि आऊ तिमी

✍ पंचशीला शाक्य
एकतामार्ग, बुटवल-५

हे बुद्ध देव फेरि आऊ तिमी
शान्तिको दीप अनि बाल तिमी,
शान्तिको बाटो देखाउ तिमी,
सदाचारको पाठ सिकाऊ तिमी,
हे बुद्ध देव ... ... ... ।

तिम्रो प्रतिक्षामा छौं हामी,
मानव कल्याणका स्वामी तिमी,
मध्यम मार्गका अगुवा तिमी,
एशियाका एकमात्र ज्योति तिमी
हे बुद्ध देव ... ... ... ।

तिमी बिना विश्वमा अशान्ति छाएको छ,
जताततै हिंसाको अंधकारले ढाके छ,
एकमात्र तिम्रो आगमनको चाहना छ ।
यही नै हाम्रो कोटि कोटि वन्दना छ ।
हे बुद्ध देव ... ... ... ।

*दुष्ट मानिसलाई धेरै प्रिय बनाउनु हुन्न, तिनीहरूलाई टाउकोमाथि राखी बोकेर हिंडे तापनि आधा पानी भएको गाग्रो जस्तो कौतूहल मात्र गर्न थाल्छ ।"*

*- लोक-नीति*



Downloaded from http://www.dhamma.digital

# त्रिरत्न महिमा

✍ श्रा.संघरक्षित, संघाराम

बुद्धको चिनारी हुँदै नभई
बुद्धको शरणमा जान्छौ कसरी ?
गन्तब्य स्थल जान्दैनौ भने
पुग्न असमर्थ हुन्छौ जसरी

बुद्ध धर्मको सिद्धान्त ज्ञातै नगरी
धर्मको रक्षा गर्छौ कसरी ?
श्रावक संघको पहिचान नगरी
संघको शरणमा पुग्छौ कसरी ??

तब आउ ! विहार - विहार धाउ
श्रमण भिक्षुको संगत गर्न भनी ।
जीवन लक्ष्य आफै पहिल्याउ
त्रिरत्नको महिमा अवबोध गरी ॥

## "हुँदा पनि"

असक्तको सहायक बन्न चाहन्छु
आफैं असहाय हुँदा पनि
बनिदिन्छ छडी बृद्धको साहारा
आफै निर्जिव भए तापनि ॥

प्यासीको प्यास बन्न चाहन्छु
आफैं आजन्म अतृप्त छंदा पनि
प्यास मेटाउँछ नदी जगसाराको
आफै जलले असन्तुष्ट भए तापनि ॥

अज्ञानीको मार्ग निर्देशक हुन चाहन्छु
आफै पथभ्रममा अल्झिए पनि
ज्ञात समय जगाउँछ घडी
आफैं अन्जान- अज्ञात भए तापनि ॥

On the Auspicious Occasion
of
2543 Vaisakh Purnima
We Extend Our Hearty Felicitation
To all of you.

Best Western
New hotel Crystal
Pokhara

P.O. Box 234, Nagdhunga, Pokhara, Nepal.
Phone: (061) 20035, 20036
Fax: 977-61-20234

Reservation/Head Office:
Chha 1-99, Jyatha Tole, P.O. Box 1253
Kathmandu, Nepal.
Phone: (01) 228561, 228011, Fax: 977-1-228028
E-mail: ajsthapit@mos.com.np


Downloaded from http://www.dhamma.digital

# Following on this we may be asked,

## *"What did he teach in particular"*

A) As you can see, this is a big subject which can be answered from many different points of view. If asked this, we can say first of all that he taught us to tread the Middle Way, to be neither too strict nor too slack, to go to neither the one extreme nor the other. On the one hand, we are to avoid the very harsh self-mortification practised in certain yoga schools, which simply creates difficulties and trouble. On the other hand, we must keep away from that way of practice which allows us sensual pleasures, which amounts to saying, "Eat, drink, and be merry, for tomorrow we die !" This is an extremely cynical expression appropriate for people interested only in sensual pleasures.

By contrast, the Middle Way consists, on one hand, in not creating hardships for yourself and, on the other hand, not indulging to your heart's content in sensual pleasures. Walking the Middle Way brings about conditions which are in every way conducive to study and practice, and to success in putting an end to dukkha (suffering). The expression "Middle Way" can be applied generally in many varied situations. It can't lead you astray. The Mildde Way consists in striking the golden mean. Knowing causes, knowing effects, knowing oneself, knowing how much is enough, knowing the proper time, knowing individuals, knowing groups of people: these Seven Noble Virtues constitute walking the Middle Way. This is one way of answering the question.

B) We could answer it equally well by saying that he taught self-help. You all understand what self-help is; you hardly will want it explained. To put it briefly, we are not to rely on fortune and fate. We are not to rely on celestial beings, nor even, finally, on what is called "God". We must help ourselves. To quote the Buddha, "Self is the refuge of self." Even in theistic religions it is said that God helps only those who help themselves. In other religions this matter of self-help may be stated more or less definitely, but in Buddhism it is all important. When one is miserable and deluded, suffering pain and anguish, then one must turn to the way of self-help. The Buddha said, "Buddhas merely point out the way. Making the effort is something that each individual must do for himself." In other words, Buddhism teaches self-help. Let us bear this in mind.

C) Another way of answering is to say the Buddha taught that everything is caused and conditioned. Everything happens in consequence of causes and conditions, and in accordance with law. This statement is like the answer received by Sariputta when, prior to his entering the Order, he questioned a bhikkhu (monk) and was told, "The Buddha teaches thus: Each thing arises from a cause. We must know the cause of that thing and the ceasing of the cause of that thing." This principle of Dhamma is scientific in nature, and we can say that the principles of Buddhism agree with the principles of science. The Buddha did not use individuals or subjective things as criteria: that is to say, Buddhism is a religion of reason.

D) To answer yet another way, as a rule of practice, the Buddha taught, "Avoid evil, do good, purify the mind." Those three together are called to "Ovada-patimokkha", meaning the "summary of all exhortations". Avoid evil, do good, purify the mind. Avoiding evil and doing good need no explaining, but making the mind pure isn't as obvious. If one goes about grasping and clinging, even to goodness, the mind develops impurities: fear of not receiving good, fear of being deprived of existing good, anxiety, worry, and attaching to this and that as "mine". All of these produce suffering. Even though we may have



Downloaded from http://www.dhamma.digital

successfully avoided evil and done good, we still must know how to render the mind free. Do not grasp at or cling to anything as being a self or as belonging to a self. Otherwise it will be misery, it will be a heavy burden and it will be suffering (dukkha). In other words, grasping and clinging, like carrying something along with one all the time, is a heavy weight and a burden of suffering. Even a load of precious gems carried on the shoulders or head is just as heavy as a load of rokes. So don't carry rocks or gems (dukkha). Put them aside. Don't let there be any weight on your head (which here means the mind). This is what is meant by "purify the mind". So then, to purify the mind is the third thing. The first thing is to avoid evil, the second is to do good, and the third is to make the mind pure. This is what he taught.

E) Here is another important teaching, a worthwhile reminder. He taught, "all compounded things (all things and all beings in this world) are perpetually flowing, forever breaking up (they are impermanent). Let all be well-equipped with heed-fulness!" Please listen very carefully to these words: everything in this world is perpetually flowing, forever breaking up, that is, all is impermanent. So we have to equip ourselves well with heedfulness. Don't go playing with these things ! They will bite you. They will slap your face. They will bind and hold you fast. You will be made to sit and weep, or perhaps even to commit suicide.

Now let us bring together these various ways of answering this one question. If asked just what the Buddha taught, answer with one of the following:

He taught us to walk the Middle Way;

He taught self-help;

He taught us to be familiar with the law off causality and to adjust the causes appropirately for the desired results to follow;

He taught as the principle of practice "Avoid evil, do good, purify the mind";

And he reminded us that all compounded things are impermanent and perpetually flowing, and that we must be wellequipped with heedfulness.

There are several different ways of answering this question. If asked what the Buddha taught, then answer in any one of these ways.

## Now, suppose you meet a person from another country who asks you,

***"Put as briefly as possible, what is the basic massage of Buddhism ?"***

The can be answered in one short sentence, a saying of the Buddha himself: "Nothing whatsoever should be grasped at or clung to."

That nothing should be grasped at or clung to is a handy maxim from the mouth of the Buddha himself. We don't need to waste time is searching through the Tipitaka (the recorded Teaching), because this one short statement puts it all quite clearly. In all the discourses, in the entire teaching, there are as many as eighty-four thousand Dhamma topics, all of which may be summed up in the single sentence, "nothing should be grasped at" This tells us that to grasp at things and cling to them is suffering (dukkha). When we have come to know this, we can be said to know all the utterances of the Buddha, the entire eighty-four thousand Dhamma topics. And to have put this into practice is to have practised Dhamma completely, in its every phase and aspect.

The reason a person fails to keep to the rules of conduct is that he grasps at and clings to things. If he refrains from grasping at and clinging to anything whatever, and puts aside craving and aversion, he cannot fail to keep the rules of conduct. The reason


Downloaded from http://www.dhamma.digital

a person's mind is distracted and unable to concentrate is that he is grasping at and clinging to something. The reason a person lacks insight is the same. When he is finally able to practise non-grasping, then simultaneously he attains the Noble Paths, their Fruits, and ultimately nibbana (Sanskrit, nirvana).

The Buddha was a man who grasped at absolutely nothing. The Dhamma teaches the practice and the fruit of the practice of non-grasping. The Sangha (Community of Noble Disciples) consists to people who practise non-grasping, some who are in the process of practising, and some who have completed the practice. This is what the Sangha is.

When people asked the Buddha whether his entire teaching could be summarized in a single sentence, he answered that it could, and said, "Nothing whatsoever should be grasped at or clung to." ■

"जे जुन काम कुरागर्दा आफूलाई र अरूलाई पनि सुख शान्ति मिल्दछ त्यस्ता काम कुरा नै सही अर्थमा धार्मिक कार्य हुन्छन् ।"

★★★

"तेल विनाको तील, तातो विनाको आगो, चामल विनाको धान, प्राण विनाको शरीर र धर्म विनाको जीवन उस्तै हुन्छ ।"

★★★

वास्तवमा "धर्म गर्न एकदम सजिलो छ, पाप गर्न धेरै गाऱ्हो छ ।" जाल झेल नगर्न, चोरी नगर्न, ठगी नगर्न, शोषण नगर्न, केही गाऱ्हो पर्छ त ? चोरी गर्न, ठगी गर्न, शोषण गर्न, घुस खान र व्यभिचार गर्न कति मेहनत, परिश्रम र जाल झेल चाहिन्छ विचार गरौं त ?

*On the Auspicious Occasion of*

*2543 Vaisakh Purnima*

*We Extend Our Hearty Felicitation*

*To all of you!*

Hotel

**Marshyangdi**

THAMEL
P.O. BOX 5206, KATHMANDU, NEPAL
TEL: 414105, 412129 • FAX: 977-1-410008



Downloaded from http://www.dhamma.digital

## "अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित"
## नेपाल बौद्ध परियत्ति शिक्षा

बुद्ध सम्वत २५४२ (वि.सं. २०५५ दँया धर्मकीर्ति विहार पाखें जाँच ब्यूपिनिगु परीक्षा परिणाम :-

| प.नं. क्व | नां | ठेगाना | कक्षा | श्रेणी |
|---|---|---|---|---|
| २७८/३ | शान्ति महर्जन | त्यौड | ६ | बोर्ड प्रथम |
| २७१७/२ | श्रा. संघरक्षित | संघाराम | ६ | बोर्ड द्वितीय |
| १३९८/५ | शर्मिला प्रजापती | ज्याठा, यें | ६ | २ |
| ४९२/२ | उत्पलवर्ण बनिया | कालिमाटी | ६ | ३ |
| १३६६/६ | अ. सुरम्मावती (रशिमना) | धर्मकीर्ति | ५ | २ |
| १४२९/५ | अ. सुखवती | धर्मकीर्ति | ५ | २ |
| १४३७/५ | अ. करूणावती | कमलपोखरी | ५ | २ |
| १८७२/४ | मिनरवती तुलाधर | त्यौड | ४ | १ |
| १८७३/४ | निराला तुलाधर | नाचघर | ४ | १ |
| १८७४/४ | मतिना तुलाधर | असन, कमलाछी | ४ | २ |
| २०३०/३ | शिवसंकर प्रजापति | हाडीगाउँ | ४ | २ |
| १८७५/४ | भुवनेश्वरी डंगोल | विजेश्वरी, डल्लु | ४ | २ |
| १८४६/४ | पूर्णबहादुर प्रजापति | हाडीगाउँ | ४ | २ |
| १८५०/४ | कृष्णलाल प्रजापति | हाडीगाउँ | ४ | २ |
| १८६२/४ | लक्ष्मण डंगोल | हाडीगाउँ | ४ | २ |
| १८८३/३ | आराधना बज्राचार्य | गँवहा: | ३ | २ |
| २९९९/०५५ | श्यामलाल चित्रकार | भाटभटेनी | ३ | २ |
| २९९७/०५५ | सावित्रि चित्रकार | भाटभटेनी | ३ | २ |
| १४३३/३ | रचना महर्जन | बालाजु, यें | ३ | २ |
| १४५३/३ | राममाया मानन्धर | ताहाचल, यें | ३ | ३ |
| २३२६/३ | अ. मासुची | धर्मकीर्ति | ३ | ३ |
| २९९८/०५५ | सुभद्रा चित्रकार | पशुपती देवपाटन | ३ | ३ |
| १४३४/३ | अ. सोणाचारी | किण्डोल, यें | ३ | ३ |
| २७१०/२ | टीका महर्जन | हाडीगाउँ | २ | २ |
| २६८८/२ | अ. सत्यवती | धर्मकीर्ति | २ | २ |
| २७०७/२ | राजकुमार डंगोल | हाडीगाउँ | २ | २ |
| २६९२/२ | अ. ध्यानवती | धर्मकीर्ति | २ | २ |
| २६९६/२ | अ. सुशीलवती | धर्मकीर्ति | २ | २ |
| १८८२/३ | आरती बज्राचार्य | गंवहा: | २ | २ |



Downloaded from http://www.dhamma.digital

| | | | | |
|---|---|---|---|---|
| १४४५/२ | अष्टमाया महर्जन | त्यौड, तँलाछी | २ | ३ |
| ३००३/०५५ | अ.सिप्पवती | कमलपोखरी | १ | २ |
| ३०१३/०५५ | हिराकाजी डंगोल | हाडीगाउँ | १ | २ |
| ३०१४/०५५ | सुभद्रा मेजु | हाडीगाउँ | १ | २ |
| ३००८/०५५ | लक्ष्मीदेवी डंगोल | हाडीगाउँ | १ | २ |
| ३०११/०५५ | विष्णुमाया मेजु | हाडीगाउँ | १ | ३ |
| ३०१२/०५५ | भिमप्रसाद मेजु | हाडीगाउँ | १ | ३ |
| ३००७/०५५ | सपना महर्जन | हाडीगाउँ | १ | ३ |
| ३०१५/०५५ | सुनिता महर्जन | हाडीगाउँ | १ | ३ |
| ३००४/०५५ | अ. सुद्धावती | हाडीगाउँ | १ | ३ |
| ३००९/०५५ | श्यामकृष्ण डंगोल | हाडीगाउँ | १ | ३ |

परियत्ति ब्वंकूपिं शिक्षिकापिं ख:–

(१) अ. धम्मदिन्ना (चमेली)

(२) अ. अनुपमा

(३) अ. पञ्ञावती

(४) अ. कुसुम (धजवती)

(५) अ. वीर्यवती

## ❁ अनिच्चावत संखारा ❁

ख्वपया मुनिविहारे च्वना बिज्याम्ह भिक्षु महेन्द्र स्थविर थ्व संसार तोता सकलें अथेहे वने मानि धैगु मरणानुस्मृतिया सन्देश न्यंका दिवंगत जुया बिज्यागु समाचार दु ।

अथे हे ठिमी नगदेश बुद्ध विहारे च्वना बिज्याम्ह श्रामणेर शीलरतन नं दिवंगत जुया बिज्यागु समाचार दु । थुकथं लच्छिया दुने स्वम्ह भिक्षुपिं दिवंगत जुया बिज्यागुलिं श्रद्धालु बौद्ध जगते चिन्ता जुया च्वंगु चर्चा दु ।

## ❂ सत वार्षिक उत्सव ❂

पुज्यवाद संघ महानायक प्रज्ञानन्द महास्थविरको जन्म सत वार्षिक उत्सवको उपलक्ष्यमा महापरीत्राण, स्वास्थ्य शिविर, भक्तिगित, ज्ञानमाला भजन, प्रज्ञा प्रश्नोत्तर, गुणानुस्मरण गरी उत्सव मनाइयो ।

## भिन्तुना बुद्धमन्दिर उद्घाटन

भरतपुर ५ वैशाख । भरतपुर भिन्तुना मार्गमा आफ्नै भवन अगाडि श्री दानचुडामणि बज्राचार्यले आफ्नो दिवंगत पिता धर्मचुडामणि बज्राचार्यको पुण्यस्मृतिमा निर्माण भएको भिन्तुना बुद्ध मन्दिरको उद्घाटन कार्य जिल्ला न्यायाधिस मोहन रमण भट्टराईबाट सम्पन्न भयो ।

उक्तसमारोहमा श्री दान चुडामणि बज्राचार्यको स्वागत भाषणबाट शुरू भयो । त्यसपछि भूतपूर्व वडा अध्यक्ष मनोहरी कोइरालाले बुद्धको शिक्षाको महत्वबारे बोल्नु भयो । अतिथि डा. थीरमान शाक्यले बुद्धको शिक्षा अनुसार चल्न नसकेकोले नै आज समाजमा विकृति देखा परेको हो भन्नुभयो । प्रमुख अतिथि जिल्ला न्यायाधीस मोहन रमन भट्टराईले भन्नुभयो– समाज शान्ति स्थापनाको लागि नै बुद्धको जन्म भएको हो ।

सभापतिको आशनबाट भिक्षु अश्वघोष महास्थविरले बुद्धमन्दिरको महत्व र बुद्धको परिचय दिनु भयो ।

समारोह पछि, शील प्रार्थना, बुद्धपूजा, परित्राण पाठ र धर्मदेशना भएको थियो । उक्त कार्यक्रममा नारायणगढ चित्रवन विहारका धेरै उपासक उपासिकाहरूको उपस्थिति थियो ।



Downloaded from http://www.dhamma.digital

# CONGRATULATIONS !



# Dharmakirti Buddhist Study Circle

# &

# Happy Vaisakh Festival



**CAR**



**MINI CAR**

*Deals in Brand New, Used & Reconditioned*

**Vehicles Cars, Jeeps, Vans Pick-ups (TOYOTA, DAIHATSU, MAZDA, MITSUBISHI, SUZUKI** etc.)

- Fast supply
- High quality and excellent condition
- Buy, sale and exchange facility, too
- We import from Japan, we have booking facility too
- Customer's satisfaction is our motto



**JEEP**

# BIJESHWORI INTERNATIONAL

**(EXPORTER-IMPORTER)**

P.O. Box 8107, Kamalpokhari, Kathmandu, Nepal
Tel.: 425435, 415001, 434992
Fax: 977-1-418617 • E-mail: bijeshwori@wlink.com.np

Downloaded from http://www.dhamma.digital



शान्ति नायक गौतम बुद्धया

जन्म, सम्बोधि व

महापरिनिर्वाण

चूलागु बैशाख पुन्हीया लसताय् सकल प्राणीपिन्त

कल्याण कामना !

**न्यु नेपाल प्रेस**
**परिवार**

*प्रधान कार्यालय :*
नक्साल, नागपोखरी
पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल ।
फोन : ४३४८५०, ४३४७५३

*व्यापारिक कार्यालय :*
शुक्रपथ, न्यूरोड, काठमाडौं ।
फोन : २५९०३२, २५९४५०
फ्याक्स : (९७७-१) २५८६७८



२५४३ स्वाँया पुन्हीया

लसताय् सकल प्राणीपिन्त

भिं जुइमा, दुःख मदुपिं जुइमा, भय मदुपिं जुइमा

व सुखपूर्वक

व्हना वने फुपिं जुइमा !

# धर्मकीर्ति पत्रिका
## परिवार

Downloaded from http://www.dhamma.digital

बा. अ. का. द. नं. ७०/०४०/४१




# Best Wishes

# to all our Customers

# &

# Well wishers

# on

# Happy Vesak Full Moon Day.

# New 2543 B.E.

Dhamma.Digital

*Ebisu* JEWELLERS

**Showroom :**

HOTEL SHERPA
Durbar Marg
Tel.: 226862, 247226
Fax: 977-1-526696
Tel. Res.: 526696

ROYAL SINGI HOTEL
Kamaladi
Kathmandu, NEPAL
Tel.: 424190, 424191 Ext. 1052


Printed at: **New Nepal Press**, *Head Office cum Press:* Nagpokhari, Naxal, Kathmandu • Tel: 434850, 434753
*Business Office:* Shukrapath, New Road, Kathmandu • Tel: 259032, 259450 • Fax: (977-1) 258678

Downloaded from http://www.dhamma.digital